सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१२ जेठ २०८०, शुक्रबार (26 May 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ४३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ नक्कली शरणार्थी प्रकरण

## दोस्रो चरणको अनुसन्धानको केन्द्रमा बेचन झा



बेचन झा

**हाल थुनामा रहेका तत्कालीन गृहमन्त्री बालकृष्ण खाण र सचिव टेकनारायण पाण्डेलाई ठगी गिरोहसँग भेट गराइदिने व्यक्ति बेचन झा नै हुन् । तत्कालीन गृहसचिव पाण्डेले लिखित बयानमै बेचन झाबाट शरणार्थी प्रकरणको गहिराइमा पुग्न सक्ने बताएका छन् । 'मन्त्रालयमा राजनीतिक रूपमा सम्पर्कमा आएका बेचन झासँग बयान लिएपछि यस विषयमा थप गहिराइमा पुग्न सकिन्छ,' पाण्डेले बयानमा भनेका छन् ।**

**नवराज मैनाली**/नयाँ पत्रिका

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने नाममा भएको ठगीमा प्रहरीले दोस्रो चरणको अनुसन्धान सुरु गरेको छ । पहिलो चरणको अनुसन्धानमा यथेष्ट प्रमाण नजुटेका, तर प्रकरणमा मुछिएकामाथि प्रहरीले थप प्रमाण जुटाउन थालेको हो ।

दोस्रो चरणको अनुसन्धानको केन्द्रमा बिचौलिया बेचन झा छन् । फरार उनलाई पक्राउ गर्न सके थप उच्च तहको संलग्नता पुष्टि हुन सक्ने प्रहरी अधिकारी बताउँछन् ।

हाल थुनामा रहेका तत्कालीन गृहमन्त्री बालकृष्ण खाण र सचिव टेकनारायण पाण्डेलाई ठगी गिरोहसँग भेट गराइदिने व्यक्ति उनै झा हुन् । सचिव पाण्डेले त लिखित बयानमै सो कुरा बताएका छन् । उनको बयान छ, 'मन्त्रालयमा राजनीतिक रूपमा सम्पर्कमा आएका बेचन झासँग बयान लिएपछि यस विषयमा थप गहिराइमा पुग्न सकिन्छ ।' झाले सत्तागठबन्धनमै आफ्नो भूमिका रहेको भनेर सचिव पाण्डेलाई मन्त्रालयमा बताएका थिए ।



■ बयानमा नाम आएकाको प्रहरीले थप प्रमाण खोजिरहेको छ : गृहमन्त्री श्रेष्ठ

स्रोतका अनुसार कांग्रेसका उच्च तहका नेतामार्फत नै झा खाण र पाण्डेलाई भेट्न गृह मन्त्रालय गएका थिए । साथै खाणले बिचौलियाहरूसँग भेट्दा सो पैसा आफूले विभिन्न व्यक्तिहरूलाई बुझाउनुपर्ने पनि बताएका थिए । यस आधारमा यो अपराधमा अरू धेरै उच्चपदस्थको संलग्नताको संकेत अनुसन्धान अधिकारीले पाएका छन् । यसअघि झाको प्रस्ट ठेगाना खुल्न नसकेपछि प्रहरीले उनलाई प्रतिवादी बनाउन सकेन । झाको नेपाल र भारत दुवैतिर नागरिकता रहेको जानकारहरू बताउँछन् । काठमाडौंको बानेश्वरमा घर भएका उनको कांग्रेसका धेरै नेतासँग सम्बन्ध देखिएको छ । ठूला ठेक्कापट्टामा पनि झा संलग्न रहेको उनको चिनजानका व्यक्तिहरू बताउँछन् ।

अनुसन्धानको अन्तिम चरणमा प्रहरीले यो गिरोहमा झाको संलग्नता पत्ता लगाएको थियो । २६ वैशाखमा पक्राउ परेका रामशरण केसीमाथि अनुसन्धान गर्ने क्रममा झाको संलग्नता खुलेको हो । झाले शरणार्थी सूचीमा राखेर विदेश पठाउन राजनीतिक लबिङ गर्ने भन्दै दुई करोड रुपैयाँ लिएका थिए । यस प्रकरणमा अनुसन्धान थालेलगत्तै उनी फरार भएको प्रहरी अधिकारी बताउँछन् । जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले थप व्यक्तिमाथि अनुसन्धान अघि बढाउन बुधबार नै प्रहरीलाई निर्देशनात्मक पत्र पठाइसकेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले यसअघि खुल्न नसकेका विषयमा दोस्रो चरणमा अनुसन्धान सुरु भइसकेको बताए । दोस्रो चरणको अनुसन्धानबाट पूरक अभियोजन प्रक्रिया अघि बढ्ने उनको भनाइ छ । यो प्रकरणमा थप पीडितहरूको समेत उजुरी आउन सक्ने प्रहरी अधिकारी बताउँछन् ।

■ अदालती कारबाही आजदेखि

नक्कली भुटानी शरणार्थी प्रकरणमा बुधबार दायर भएको मुद्दामा शुक्रबारदेखि अदालती कारबाही सुरु हुँदै छ । ३० प्रतिवादीमध्ये १६ पक्राउ परेकाले उनीहरूको बयान सुरु हुनेछ । बयानपछि थुनछेक बहस हुनेछ । बहसमा सरकारी वकिल र प्रतिवादीका वकिलले बहस गर्नेछन् । त्यसपछि प्रतिवादीहरूलाई थुनामा राखेर मुद्दाको सुनुवाइ अघि बढाउने कि छाड्ने भन्नेमा आदेश हुनेछ । यो प्रक्रिया सकिन एक साताभन्दा लामो समय लाग्ने अदालतका कर्मचारी बताउँछन् ।

हालसम्म पक्राउ परेका प्रतिवादीले नाम लिएका, तर अन्य प्रमाण नभेटिएका आठजनामाथि पनि प्रहरीबाट थप अनुसन्धान हुने भएको छ । जसमा पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल', सांसदसमेत रहेकी उनकी पत्नी नैनकला थापा, एमाले अध्यक्ष केपी शर्मा ओलीका स्वकीय सचिव राजेश बज्राचार्य, पूर्वप्रदेश सांसदसमेत रहेका एमालेकै नेता अजयक्रान्ति शाक्य, पूर्वगृहसचिवद्वय प्रेमकुमार राई र महेश्वर न्यौपाने, टोपबहादुर रायमाझीका सहयोगी लीला जिसी र एमालेमै आबद्ध राजेश्वर स्थापित छन् ।

फरार १७ जनालाई पक्राउ गर्नु पनि प्रहरीको अबको प्राथमिकतामा छ । जसमा पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल'का छोरा प्रतीक तथा इन्द्रजित राईका छोरा नीरजसमेत छन् । बिचौलिया बेचन झा तथा पैसा लेनदेनमा सहयोगी भूमिका खेल्ने अन्य १४ जना फरार छन् । जसमा केशव तुलाधर, लक्ष्मी महर्जन, हरिभक्त महर्जन, अशोक पोखरेल, धीरेन राई,

» पृष्ठ ११ मा क्रमशः

# दश वर्षसम्म ढुंगा-गिटी भारत चोरी निकासी गरेर पौने चार अर्ब कर छली

### विराटनगरका उद्योगी अशोक मुरारकाले ०६१/६२ देखि ०७०/७१ सम्म निजगढको अवनिश एग्रिगेट र अमलेखगन्जको ओम साइबाबा क्रसरबाट गरेका थिए चोरी निकासी, साझेदारकै उजुरीपछि खुल्यो कर छलीको पोल

विराटनगरमा **गणेश लम्साल**

विराटनगरका क्रसर उद्योगी अशोक मुरारकाले एक दशकसम्म ढुंगा-गिटी भारततर्फ चोरी निकासी गरेर पौने चार अर्ब कर छली गरेको पाइएको छ । आन्तरिक राजस्व कार्यालय विराटनगरले उनी र उनका साझेदारहरूका नाममा गत ५ जेठमा आयकर, भ्याट र जरिवानाबापत (अन्तिम कर) तीन अर्ब ७२ करोड कर निर्धारण गरेको छ ।

अशोक र उनका साझेदारद्वय कृष्णप्रसाद प्रसाईं र अभिषेककुमार मुरारकाले बाराको निजगढस्थित अवनिश एग्रिगेट इन्डस्ट्रिज र अमलेखगन्जस्थित ओम साइबाबा क्रसर उद्योगबाट ०६१/६२ देखि ०७०/७१ सम्म ढुंगा-गिटी भारतमा चोरी निकासी गरेका थिए । भारतमा राजमार्ग निर्माणका लागि त्यतिखेर दुवै क्रसरमार्फत अवैध निकासी गरिएको थियो, जुन कारोबार लुकाइएको थियो ।

आन्तरिक राजस्वले अशोक र कृष्ण साझेदार रहेको अवनिशका नाममा दुई अर्ब ३८ करोड र तीनैजना साझेदार रहेको ओम साइबाबाका नाममा एक अर्ब ३४ करोड कर निर्धारण गरेको हो । आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत डा. डिबी क्षेत्रीले राज्यलाई कर तिर्नुपर्ने र अटेर गरे नियमअनुसार कारबाही गरिने बताए । 'छानबिनमा कर छली भएको देखिएकाले कारबाही अगाडि बढेको हो,' उनले भने ।

आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालय विराटनगरले यसअघि

» पृष्ठ ११ मा क्रमशः



मुरारकाले बारा निजगढमा सञ्चालन गरेको अवनिश क्रसर, जुन अहिले बन्द भइसकेको छ । फाइल तस्बिर

■ यसरी गरिएको थियो प्राकृतिक स्रोतको तस्करी

### को हुन् मुरारका ?

अशोक मुरारका उद्योग संगठन मोरङका पूर्वअध्यक्ष पनि हुन् । व्यापारिक घराना मुरारका ग्रुपका सदस्यसमेत रहेका उनी पछिल्लो समय आयात-निर्यात र अन्य विभिन्न व्यापार-व्यवसायमा पनि संलग्न छन् । उनी केही वर्षअघि दातृ निकायको सहयोगमा सञ्चालित कर्मसियल एग्रिकल्चर समितिको कोसी प्रदेश अध्यक्ष पनि थिए ।



अशोक मुरारका

उनले सोही परियोजनामार्फत इलाममा चिया बगान पनि सञ्चालन गरेका थिए, जुन अहिले पनि सञ्चालनमै छ ।

उद्योगी अशोक मुरारकाले भारतका राजमार्ग निर्माणमा लाग्ने ढुंगा-गिटी निकासीका लागि बाराको अमलेखगन्जमा ओम साइबाबा र निजगढमा अवनिश क्रसर उद्योग खोलेका थिए । त्यहाँ आफ्ना नातेदार काठमाडौंका अभिषेक मुरारकालाई मुख्य साझेदार तथा विराटनगरका कृष्णप्रसाद प्रसाईंलाई सेयर साझेदार बनाए । क्रसरमा मुख्य हर्ताकर्ता भने अशोक आफैं बने ।

अशोकले कारोबारमा सहयोग गर्न सबैजसो कर्मचारी भारतबाटै ल्याएका थिए । तर, कारोबार पारदर्शी बनाएनन् । उनले बारामा रहेका दुई उद्योगको भ्याट बिल पनि मोरङबाटै प्रयोग गरेका थिए । यसरी उनी राज्यलाई कर छल्न सफल भएका थिए ।

कर छल्नैरे उनले ०६१/६२ देखि ०७०/७१ सम्म लाखौं टिपर ढुंगा-गिटी भारत चोरी निकासी गराए । उनले सुरक्षा निकाय र कर्मचारीको मिलेमतोमा चोरी निकासी गरेका थिए । अझै धेरै ढुंगा-गिटी त उनले अवैध मार्गबाट निकासी गर्थे । तर, कर छली गरेर सम्पत्ति आर्जन गरेपछि घरेलु उद्योग विभागको मिलेमतोमा सबै क्रसर उद्योगलाई लिक्विडेसनमा लगेर बन्द गराउन मुरारका सफल भएका थिए ।

■ उजुरी दिने मुरारकाका साझेदार कृष्णप्रसाद प्रसाईं भन्छन्- **सधैं घाटा मात्रै देखाउँथे**

आत्माराम मुरारकासँग मेरो राम्रो सम्बन्ध थियो । उनलाई म आदर्श व्यक्ति मान्थें । आत्मारामकै माध्यमबाट अशोक मुरारकासँग जोडिन पुगें । मैले सुरुमा साझेदारी गर्न आनाकानी गरेको थिएँ । तर, धेरैपटक धाएर मलाई २३ प्रतिशतको साझेदार बनाएर उद्योग दर्ता गराए । खासगरी उनलाई देखाउनका लागि मात्र इमानदार साझेदार चाहिएको रहेछ ।

अशोकले निरन्तर कारोबार गरिरहे, तर कहिल्यै नाफा भयो भनेनन् । एक पैसा पनि दिएनन् । मैले पनि होला त नि भनें । उनले हिसाब राख्न पनि भारतीय कर्मचारी नै प्रयोग गरेका थिए । भारतको राजस्थानबाट ल्याएका लेखापालले छोरीको बिहेका लागि पैसा माग्दा उनले असहयोग गरेछन् । त्यसपछि ती लेखापालले मसँग सहयोगका लागि याचना गरे । त्यसपछि बल्ल कारोबारमा अकुत नाफा भएको र राज्यलाई अर्बौं रुपैयाँ कर पनि नतिरेको रहस्य खुल्यो ।

मैले गोप्य रूपमा कारोबार विवरणको प्रमाण संकलन गरेर आन्तरिक राजस्वमा छानबिनका लागि उजुरी दिएँ । म पनि व्यवसायी हुँ, तर राज्यलाई इमानदारपूर्वक कर तिर्नुपर्छ भन्ने पक्षको हुँ ।

## ६ ठाउँमा सवारी दुर्घटना १० जनाको मृत्यु

### पश्चिम रुकुममा भएको जिप दुर्घटनामा २२ दिने शिशु र आमासहित पाँचको ज्यान गयो



रुकुम पश्चिमको बाँफीकोट गाउँपालिका- ८ दुली दुधारमा दुर्घटनाग्रस्त जिप

**काठमाडौं**/ पश्चिम रुकुम, प्युठान, जुम्ला, भक्तपुर, बारा र ताप्लेजुडका ६ स्थानमा सवारी दुर्घटना हुँदा एकैदिनमा १० जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार रुकुम पश्चिमको बाँफीकोट गाउँपालिका- ८ दुली दुधारमा लु.१ज १७४७ नम्बरको जिप दुर्घटना हुदा पाँचजनाको ज्यान गएको छ भने १० जना घाइते भएका छन् ।

प्युठानको गौमुखी गाउँपालिका- ५ खुङ छहरेखोलामा बुधबार राति लु.४त १२२५ नम्बरको

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

VOBON®
WORLD CLASS OFFICE CHAIR

thought

Ergonomics Chair assists your body while working Long Hours at a desk from

HEAD TO TOE &

supports and maintains the overall

BODY ALIGNMENT

SORONO
VWC - 9124

MADE IN INDIA
COMFORT & DURABLE QUALITY COUNTS
4 YEARS WARRANTY

Home Delivery Available (All over Nepal)
sms - SORONO to 980-2941000

Marketed By
Kedia Organisation

### रेशम चौधरीलाई आममाफी दिने प्रक्रिया

# सरकारको पत्रमाथि अध्ययन गर्दै राष्ट्रपति कार्यालय

**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

टीकापुर घटनामा डिल्लीबजार कारागारमा जन्मकैद सजाय भोगिरहेका रेशम चौधरीलाई आममाफी दिने प्रक्रिया सरकारले अघि बढाएको छ । आममाफीलाई लिएर पठाएको पत्रमाथि राष्ट्रपति कार्यालयले अध्ययन र परामर्श थालेको छ ।

राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरले बुधबार दिउँसो २ बजे प्रधानमन्त्री कार्यालयको पत्र राष्ट्रपति कार्यालयमा पुगेको र कार्यालयले अध्ययन थालेको बताए । 'प्रधानमन्त्री कार्यालयबाट आएको प्रस्ताव कानुन शाखामा पुगेको र त्यसमाथि परामर्श र अध्ययन भइरहेको छ,'

» पृष्ठ ११ मा क्रमशः



### संवैधानिक व्यवस्था के छ ?

संविधानको धारा २७६ मा राष्ट्रपतिबाट आममाफीको व्यवस्था गरिएको छ । यसमा 'राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेछ' भन्ने उल्लेख छ ।



● **बाबुराम कुँवर**
**राष्ट्रपतिका कानुनी सल्लाहकार**

प्रधानमन्त्री कार्यालयबाट आएको प्रस्ताव कानुन शाखामा पुगेको तथा त्यसमाथि परामर्श र अध्ययन भइरहेको छ । अध्ययनपछि के गर्ने भन्ने राष्ट्रपतिज्यूबाट टुंगो लाग्छ ।



● **अनुपराज शर्मा**
**पूर्वप्रधानन्यायाधीश**

रेशम चौधरीको पृष्ठभूमि राजनीतिक भएकाले बढी चर्चा भएको हो । संविधानमा व्यवस्था रहेकाले राष्ट्रपतिले माफी दिँदा कुनै कानुनी प्रश्न उठ्ने अवस्था रहँदैन । यो मुद्दा अदालतबाट अन्तिम फैसला भएको अवस्था छ । कानुनी प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्बाट आएको प्रस्तावलाई पास गर्न राष्ट्रपतिलाई कुनै समस्या हुँदैन ।

# भूमिगत पानीको चरम दोहन : कानुन छ, कार्यान्वयन छैन

## उपत्यकामा दैनिक ६० करोड लिटरभन्दा धेरै भूमिगत पानी खपत, सेना-प्रहरी र सिंहदरबारभित्रैका सरकारी कार्यालयले अनुमति नलिई डिप बोरिङबाट तान्छन् पानी



■ **मधुकर उपाध्याय**, जलस्रोतविद्

**जमिनमुनिको धेरै पानी निकाल्दा माटो खुकुलो भएर भासिने डर पनि हुन्छ, यसबाहेक धेरै अग्लो जग वा बेसमेन्ट खन्दा सपोर्ट नपाएर नजिकैको जमिन भासिन सक्छ। यसबारे सहरी विकास मन्त्रालय र नगरपालिकाहरूले थप नियम बनाएर भवन निर्माण गर्दा उचित हुन्छ।**



■ **सन्तोष बराल**, सूचना अधिकारी, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

**३० फिटभन्दा गहिरो इनार वा डिप बोरिङ गर्दा बोर्डसँग अनुमति लिनुपर्छ। उपत्यकामा भूमिगत खानेपानी अत्यन्तै धेरै खपत भइरहेको छ, धेरैजसोले विनाअनुमति खानेपानी तानेको पनि पाइएको छ। यस्तो गर्नेलाई अनुगमन गरी कारबाही पनि गरिरहेका छौं।**



भक्तपुरस्थित इनार सफा गर्दै सर्वसाधारण। तस्बिर : अमूल थापा/नयाँ पत्रिका

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा अग्ला भवन बनाउने क्रममा जमिनमुनिको पानी अत्यधिक तान्ने र विनाअनुमति डिप बोरिङ गर्ने गरेको पाइएको छ। चार सयभन्दा बढी ठूला भवन (अस्पताल, अपार्टमेन्ट, सरकारी कार्यालय, होटेल)ले अनुमति नलिई डिप बोरिङ चलाउँदै आएको खानेपानी मन्त्रालयले जनाएको छ। विनाअनुमति जथाभावी डिप बोरिङ र फाउन्डेसनको काम गर्दा जमिनको पानी तानेर फाल्दा भूमिगत पानीको सतह नै घट्ने र जमिनमै असर पर्ने सम्बद्ध विज्ञहरूको भनाइ छ। खानेपानी मन्त्रालयको तथ्यांकअनुसार होटेल, अस्पताल, हाउजिङ, सरकारी र निजी आवास क्षेत्रलगायतले दैनिक ६० करोड लिटर भूमिगत पानी तान्ने गरेका हुन्। तर, भूमिगत पानी प्रयोगमा सावधानी नअपनाउँदा त्यसले ठूलो असर पार्ने विज्ञहरूले चेतावनी दिएका छन्।

उपत्यकामा भूमिगत पानीको खपत डरलाग्दो छ। कम्तीमा पनि दैनिक ६० करोड लिटर भूमिगत पानी खपत हुने गरेको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले जनाएको छ। यसबाहेक उपत्यकामा दैनिक १८ करोड लिटर मेलम्ची र आसपासका मुहानको १२ करोड लिटर पानी खपत हुने गरेको छ। तर, जमिनमुनिको पानी धेरै खपत हुँदा उपत्यकाको जमिन र पानीको सहतमा समेत असर गर्ने बोर्डका सूचना अधिकारी सन्तोष बरालले बताए। उनका अनुसार वर्षायाममभन्दा हिउँदयाममा भूमिगत पानीको खपत धेरै हुन्छ। 'हामीले दुई वर्षअघि एउटा अध्ययन गरेका थियौं, त्यसमा भूमिगत पानीको सतह केही तल झरेको थियो, तर भवन निर्माण गरेर जमिन नै धसिनेजस्ता समस्या भने आउँदैनन्,' उनले भने, 'पानीको सतह तल भने झर्छ।' हाल उपत्यकामा इनार वा डिप बोरिङ गर्दा धेरै गहिराइमा पुगेपछि मात्रै पानी भेटिन्छ। जमिनमा पानीको सतह घटेकाले यस्तो समस्या आएको बोर्डले जनाएको छ। उपत्यकाका विभिन्न ठाउँमा पानीको सतह मापन गर्न 'ग्राउन्ड वाटर मनिटरिङ वेल' बनाउने बोर्डको योजना छ।

भूमिगत जलस्रोतविज्ञ डा. मोती रिजालले उपत्यकामा धेरैजसो पानी भूमिगत नै प्रयोग भइरहेको बताउँदै यसबारे सरकारले विकल्प सोच्नुपर्ने बताए। उनले ठूला भवन निर्माणका क्रममा फाउन्डेसन तथा भूमिगत तहको काम गर्दा अत्यधिक मात्रामा भूमिगत पानी तान्ने गरिएकाले यसबारे नीति-निर्माण गरेरै अघि बढ्नुपर्ने बताए। यसो गर्दा जमिन धसिने, आसपासमा रहेका खानेपानीका स्रोत सुक्ने, अन्य घर तथा भवनका इनार र डिप बोरिङमा पानी नआउने र जमिनको सतह नै घट्ने अवस्था निम्तिएको उनको भनाइ छ। 'अग्ला भवन बनाउने, खानेपानी तान्दा जमिनको अवस्था (सम्म वा भिरालो) र कालीमाटीको लेयर ख्याल गर्न जरुरी छ,' उनले भने, 'धेरै हाउजिङ तथा अग्ला भवनले जमिनको सतह मनपरी परिवर्तन गरेर भवन ठड्याएका छन्, यसो गर्दा जमिन धसिन सक्छ।' उनका अनुसार पानी धेरै तान्दा माटो खुकुलो हुन्छ, त्यसले भूबनोटमै असर पार्छ। यसअघि पोखराको अर्मला क्षेत्र भासिनुको कारण पनि यही रहेको रिजालको भनाइ छ।

काठमाडौं उपत्यकामा ठूला भवन तथा अपार्टमेन्टहरूले मनपरी रूपमा पानी दोहन गरिरहेका छन्। कतिपयले एउटा डिप बोरिङको अनुमति लिएर सातवटासम्म चलाएको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड)ले जनाएको छ। उपत्यकामा खोला, कुवा र मूलको भन्दा बढी पानी डिप बोरिङ र इनारबाट तान्ने गरिन्छ। पिउनका लागि केयुकेएलले तालिकाअनुसार उपत्यकामा पानी वितरण गर्ने गरे पनि अन्य प्रयोजनमा भने भूमिगत पानीकै भर छ। पिउनभन्दा अन्य प्रयोजनमा धेरै पानी खर्च हुने भएकाले भूमिगत पानीको दोहन बढेको रिजालको भनाइ छ। 'भूमिगत पानीमा चरम लापरबाही छ, जमिनको पानी जथाभावी तान्दा त्यसले मानव बस्तीमै तहसनहस ल्याउन सक्छ,' उनले भन, 'सरकारी निकायले भूमिगत पानीलाई व्यवस्थित गर्ने सम्बन्धमा योजनासमेत तय गर्न सकिरहेका छैनन्।'

जलस्रोतविद् मधुकर उपाध्यायका अनुसार उपत्यकाको जमिन खुकुलो छ। यहाँ धेरै गहिरो वा विनासावधानी ठूला संरचना निर्माण गर्दा भासिने र जमिन तथा खानेपानीका स्रोतमा असर पार्ने डर छ। त्यसकारण अग्ला भवन निर्माणका क्रममा अन्डरग्राउन्ड खन्दा सावधानी अपनाउनुपर्ने उनको भनाइ छ। 'जमिनमुनिको धेरै पानी निकाल्दा माटो खुकुलो भएर जमिन भासिने डर पनि हुन्छ, यसबाहेक धेरै अग्लो जग वा बेसमेन्ट खन्दा सपोर्ट नपाएर नजिकैको जमिन भासिन सक्छ,' उनले भने, 'यसबारे सहरी विकास मन्त्रालय र नगरपालिकाले थप नियम बनाएर भवन निर्माण गर्दा उचित हुन्छ।' उनले समिट होटेल क्षेत्रमा जमिन भासिनुको कारण धेरै पानी तान्नु वा आसपासको जमिनलाई सपोर्ट नहुने गरी फाउन्डेसनको काम गर्नु रहेको बताए।

### ■ सावधान नहुँदा यसअघि भएका घटना

अपार्टमेन्ट बनाउने क्रममा ललितपुरको बखुन्डोलमा गत २४ चैत राति वरपरका ६ वटा घर भासिए। वरपरका घर भासिएपछि स्थानीयको भागाभाग चल्यो। नक्सा पास नै नगरी अपार्टमेन्ट बनाएको पाइएपछि महानगरले क्षतिको सम्पूर्ण खर्च व्यहोर्ने गरी अपार्टमेन्टका सञ्चालकसँग सम्झौता गरी निर्माण कार्य रोकेको छ। करिब २२ वर्षअघि रिङरोडको शान्तिबस्ती क्षेत्र भासिएको थियो। सोल्टीमोड-कलंकी, सीतापाइला-छाउनी, सुन्धारा-भद्रकाली-रत्नपार्क-भोटाहिटीगायतका सडकखण्डमा रहेका खाल्डाखुल्डीहरू प्याच गरी मर्मत गरेको छ। तर, पिआइडी र प्राधिकरणले तार तथा खानेपानीका पाइप भूमिगत गर्न खनेका सडक आफैं मर्मत गर्नुपर्ने छ।

प्राधिकरण र पिआइडीले काम सकिएपछि पनि सडक मर्मत नगर्दा उपत्यकाका करिडोर सडक अस्तव्यस्त बनेका छन्। कालीमाटी- कलंकी सडकमा पनि प्राधिकरणले खाल्डाखुल्डी पारेर छाडेको छ। यस्तै, कीर्तिपुर, भक्तपुरको सल्लाधारी, ललितपुरको पाटन क्षेत्र, पेप्सीकोला-वीरेन्द्रचोकमा पनि प्राधिकरणले सडक भत्काएर छाडेको छ। बागमती नदी करिडोर र विष्णुमती करिडोरमा तार भूमिगत गर्न खनेको सडक मर्मत भएको छैन भने ठाउँ ठाउँमा धरापपूर्ण खाल्डाहरू छन्।

### ■ सम्बन्धित निकायले नै मर्मत गर्नुपर्छ : विभाग

सरकारी निकायले नै आफ्नो कामका लागि जथाभावी सडक खनेर अलपत्र छाड्दा ओहोरदोहोरमा सास्ती पुगेको भन्दै सडक विभागले यथाशीघ्र मर्मत गर्न निर्देशन दिएको छ। विभागका महानिर्देशक सुशीलबाबु ढकालले जुन निकायले सडक भत्काएको हो, त्यही निकायले नै सडक मर्मत गरेर पुरानै अवस्थामा पुऱ्याउनुपर्ने बताए।

### ■ बोर्डले कडाइ नगर्दा मनपरी

उपत्यकामा भूमिगत खानेपानीको सम्बन्धमा स्वीकृति, निगरानी र कारबाही गर्ने निकाय काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड हो। बोर्डको निर्देशिकाले खानेपानीबारे मापदण्ड निर्दिष्ट गरे पनि त्यसको कार्यान्वयनमा भने कडिकडाउ गरिएको छैन। जसकारण भूमिगत पानी प्रयोजनमा लापरबाही बढेको छ। यसबारेमा बोर्डले कडा नियम बनाउनुपर्ने जलस्रोतविद् उपाध्यायको भनाइ छ। 'जमिनको पानी जथाभावी विनाअनुमति तान्नु राम्रो होइन,' उनले भने, 'यसबारेमा सरकारले कडाइ गर्न आवश्यक छ।' मेलम्चीबाट दैनिक १७ करोड लिटर खानेपानी आएपछि उपत्यकामा खानेपानीको केही सहजता भइरहेको छ। उत्यकाकाआसपासमा भएका नदीनालाबाट दैनिक १२ करोड लिटर खानेपानी उपत्यकाका वितरण हुन्छ। तर, उपत्यकामा भूमिगत पानीको दोहन पनि चर्को छ। निजी र सरकारी आवास क्षेत्रले खपत गर्ने पानीको मात्रा पनि धेरै छ। त्यसबाहेक उपत्यकामा भूमिगत पानी दोहन गर्ने निजी खानेपानी उद्योगहरू पनि हुन्। खोला तथा मूल मुहानको पानी प्रशोधन गरेर बेच्नुको साटो ती उद्योगहरूले जमिनमुनिको पानी जथाभावी तान्ने गरेका छन्। हाल उपत्यकामा ३५ वटाभन्दा बढी खानेपानी उद्योग छन्। उनीहरूले डिप बोरिङ र इनारको पानी तानेर प्रशोधन गरी बोतल र जारको पानी सप्लाई गर्छन्।

### ■ निर्देशिका छ, कार्यान्वयन छैन

भ्याली बोर्डले १७ फागुन ०७१ मा जारी गरिएको निर्देशिकामा बोर्डको अनुमतिपत्र नलिई भूमिगत स्रोतको पानी निकाल्न नपाइने कानुनी व्यवस्था छ। ३० फिटभन्दा कम र सामान्य घरका लागि प्रयोग गर्न इनार खन्दा भने अनुमति लिनुपर्दैन। निजी प्रयोजनकै लागि डिप बोरिङ गर्दा भने अनुमति लिनुपर्ने हुन्छ। अनुमतिपत्र प्राप्त नगरी भूमिगत स्रोतको पानी निकाली उपभोग गरे-गराएमा त्यस्ता उपभोक्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई भ्याली बोर्डले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली २०६४ को नियम १५ बमोजिम जरिवाना गरी पानी निकाल्न प्रयोग गरेका उपकरणसमेत जफत गर्न सक्नेछ। निर्देशिकामा घरायसीबाहेक अन्य प्रयोजनका लागि डिप बोरिङ संरचनाको माध्यमबाट भूमिगत स्रोतको पानी निकाल्नुपर्ने कानुनी व्यवस्था छ। तर निर्देशिकामा बोर्डबाट अनुगमन र निरीक्षण हुने उल्लेख भए पनि अनुगमन नगर्दा खानेपनीको दोहन बढ्दो छ।

### ■ ४२४ ले मात्रै लिए अनुमति

हाल उपत्यकामा चार सयभन्दा बढी ठूला भवन (अस्पताल, अपार्टमेन्ट, सरकारी कार्यालय, होटल)ले अनुमति नलिएको बोर्डको तथ्यांकमा उल्लेख छ। हाल थप दुई सयवटा भवनले डिप बोरिङका लागि बोर्डसँग अनुमति माग गरिरहेका छन् भने चार सय २४ ले अनुमति लिएका छन्। अनुमति लिनेमा निजी स्कुल, होटेल, अस्पताल, पानी उद्योगलगायत छन्। बोर्डका अनुसार नेपाली सेना, नेपाल प्रहरी र सिंहदरबारभित्रका कार्यालयहरूले डिप बोरिङ गर्दा बोर्डसँग अनुमति नै लिएका छैनन्। सरकारी कार्यालयहरूले नै नियम अटेर गर्दा निजीलाई कानुनी दायरामा ल्याउन कठिन भइरहेको बोर्डका सूचना अधिकारी बरालको भनाइ छ। हाल वार्षिक २० हजारमा शुल्क तिरेपछि भूमिगत पानी प्रयोग गर्न पाइन्छ।

---

**बागदरबार** : काठमाडौं महानगरपालिकाले फुटपाथ अवरोध गरेर मोटरसाइकल वर्कसप चलाउने ३५ वटा वर्कसपलाई कारबाही गरेको छ। उनीहरूलाई जनही पाँच हजार रुपैयाँ जरिवाना तिराइएको हो। महानगर प्रहरीले सडकमै मोटरसाइकल मर्मत गर्ने, मोबिल पोखेर सडक चिप्लो बनाउने, मर्मतका सामान सडक-किनारामा राखेर फोहोर बनाउने, मोटरसाइकल सफा गरेको पानी सडकमा पठाएर कालो बनाउने ५५ जनालाई नियन्त्रणमा लिएको थियो।

**जावलाखेल** : ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानाको एकै दिन १२ हजार जनाले अवलोकन गरेका छन्। वर्षा र सहकालका देवता रातो मत्स्येन्द्रनाथको भोटो देखाउने दिन परेकाले अन्य दिनभन्दा धेरै अवलोकनकर्ता चिडियाखाना आएका हुन्। चिडियाखानाका सूचना अधिकारी गणेश कोइरालाका अनुसार अन्य दिन बढीमा तीन हजारले मात्र अवलोकन

### बिहीबार उपत्यकामा

गर्ने गरेकामा बिहीबार भोटो देखाउने दिन भएकाले उल्लेख्य मात्रामा अवलोकनकर्ता आएका हुन्। चिडियाखाना अवलोकनका लागि अन्य दिन दुई सय तिर्नुपर्ने भए पनि बिहीबार ७५ रुपैयाँ मात्रै गरिएको सूचना अधिकारी कोइरालाले बताए। चिडियाखानामा पछिल्लो समय अवलोकनकर्ताको भिड लाग्ने गरेको छ। अवलोकनकर्ता बढेकै कारण यस वर्ष आम्दानीको लक्ष्यसमेत बढाइएको छ। विगतका वर्षमा वार्षिक १४ देखि १६ करोड आम्दानी गर्दै आएको चिडियाखानाले यस वर्ष २० करोड आम्दानी गर्ने लक्ष्य लिएको छ।

**चन्द्रागिरि** : काठमाडौं, चन्द्रागिरि नगरपालिका-२, देउराली भञ्ज्याङबाट अवैध लागुऔषध गाँजा करिब साढे चार किलोसहित धादिङ गल्छी गाउँपालिका-१ बस्ने २६ वर्षीय विपिन मगरलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले धादिङबाट काठमाडौंतर्फ आउँदै गरेको ना.५१प ३२६८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो।

**बल्खु** : काठमाडौं महानगरपालिका-१४, बल्खुबाट अवैध लागुऔषध गाँजाजस्तो देखिने वस्तु करिब पाँच सय ग्रामसहित काठमाडौं कीर्तिपुर बस्ने विनायक श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीवृत्त कालिमाटीबाट खटिएको प्रहरीले बा.प्र०२-०४० प.८०७१ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार श्रेष्ठलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो।

---

■ धमाधम खाल्डाखुल्डी पुर्दै सडक डिभिजन

# प्राधिकरण र पिआइडीले खनेका खाल्डा नपुर्ने

**काठमाडौं**/ सडक डिभिजन काठमाडौंले केही समययता उपत्यकाका सडकका खाल्डाखुल्डी पुर्ने कार्यलाई तीव्रता दिएको छ। बर्खा लाग्नुअघि नै मुख्य सडकका खाल्डाखुल्डी पुरिसक्ने गरी डिभिजनले काम थालेको हो।

डिभिजनका अनुसार नेपाल विद्युत् प्राधिकरण र मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)ले खनेकाबाहेक सबै खाल्डा पुरिनेछ। सडक विभागले असारअघि नै खाल्डाखुल्डी पुर्न निर्देशन दिएपछि डिभिजनले सक्रियता देखाएको हो। जेठभित्रै उपत्यकाका सडकका खाल्डा पुरिसक्ने डिभिजनका प्रमुख नारायणप्रसाद निहुरेले जानकारी दिए। उनका अनुसार प्राधिकरण र पिआइडीले खनेका सडकका खाल्डा पुर्ने उनीहरूकै जिम्मामा पर्छ। अन्य कारण र सवारी ओहोरदोहोरका कारण खाल्डाखुल्डी परेका सडक मात्रै डिभिजनले टालेको छ। डिभिजनले बैशाखयता मुख्य मुख्य सडकका खाल्डाखुल्डीहरू प्याच (पुर्ने) गरी मर्मत गर्न सुरु गरेको थियो।

डिभिजन काठमाडौंले शंखमूल-बानेश्वर-गौशाला, गौशाला-रातोपुल, थापाथली-त्रिपुरेश्वर-सुन्धारा, वीर हस्पिटल-जमल-केशरमहल-लैनचौर, लैनचौर-पानीपोखरी-महाराजगन्ज, सोह्रखुट्टे-बालाजु, नक्साल-कृष्ण पाउरोटी-कमलपोखरी-रातोपुल, मित्रपार्क-लामपोखरी-धुम्बाराही, डिल्लीबजार-चारखाल-बालुवाटार, हाँडीगाउँ-विशालनगर, टेकु-

# सकियो रातो मत्स्येन्द्रनाथको जात्रा



नयाँ पत्रिका

■ संस्थान प्रमुख लछुनाले देखाउन पाइनन् भोटो

वर्षा र सहकालको देवता रातो मत्स्येन्द्रनाथको रथयात्रा भोटो देखाएसँगै बिहीबार सम्पन्न भएको छ। जात्राको अन्तिम दिन राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, गृहमन्त्री नारायणकाजी श्रेष्ठलगायतले भोटो अवलोकन गरेका थिए।

रथयात्रा वैशाख शुक्ल प्रतिपदामा सुरु भई दुई महिनासम्म चलेको थियो। जात्राको पहिलो दिन ललितपुरको पुल्चोकस्थित मत्स्येन्द्र बहालमा रहेको रथलाई तानेर गाःबहालमा पुऱ्याइएको थियो। गाःबहाल, मंगलबजार, सुन्धारा, लगनखेल, इटिटोल हुँदै रथयात्रा जावलाखेलमा पुऱ्याएको तेस्रो दिन भोटो देखाइएको हो। बिहीबार भोटो देखाएसँगै मत्स्येन्द्रनाथलाई सानो खटमा राखी बुङमतीमा पुऱ्याइएको छ। ३२ पानेजु संघका कोषाध्यक्ष मदन शाक्यका अनुसार परापूर्वकालमा विवादित बनेको किसानको भोटोलाई प्रमाण पुऱ्याएका आधारका दिन भोटो देखाउने प्रचलन सुरु भएको विश्वास छ। आजसम्म पनि प्रमाण पुऱ्याएर भोटो लिन कोही आएका छैनन्। उनका अनुसार प्रमाणसहित आउनेलाई भोटो दिन रातो मत्सेन्द्रनाथको रथ यात्रा सकिएपछि भोटो देखाउने चलन छ। यो जात्रालाई पाटनको सबैभन्दा महत्त्वपूर्ण तथा उपत्यकाकै सबैभन्दा लामो जात्राका रूपमा लिइन्छ।

किंवदन्तीअनुसार १२ वर्षसम्म अनिकाल लागेपछि भक्तपुरका तत्कालीन राजा नरेन्द्रदेवले मत्सेन्द्रनाथको जात्रा सुरु गराएका थिए। हिन्दू धर्मावलम्बी मत्स्येन्द्रनाथलाई ऐतिहासिक करुणामयका रूपमा पूजा गर्छन् भने बौद्ध धर्मावलम्बी 'पद्मपाणि' अर्थात् पञ्च बुद्धमध्येका चौथो बुद्धका रूपमा पूजा गर्छन्।

**हालसम्म रथको खटमाथि महिला चढेको इतिहास नरहेको भन्दै महिला प्रमुख भए पनि लेखापाल आचार्यले अवसर पाएको हुन सक्ने पानेजु संघका कोषाध्यक्ष शाक्यले बताए। 'रथमा पहिलादेखि महिला चढेको देखेको छैन। अहिले योग्यताअनुसार पद दिनुपर्ने भएको छ। त्यही भएर हाकिम महिला भएर आए पनि देउताको काममा जसले हुन्छ, उसले गर्ने हो नि,' शाक्यले भने। महिलाले भोटो देखाउन नहुने परम्परा रहेको बताउँदै आए पनि महिलाले रथ भने तान्ने गरेका छन्। ६ जेठमा महिलाले मात्र रथ तानेका थिए। लगनखेलको छेउदेखि इटिटोलसम्म महिलाले रथ तानेका हुन्। यसअघि खिमा ओली संस्थान प्रमुख हुँदा पनि महिलाले भोटो देखाउन पाउनुपर्ने भन्दै लबिङ भए पनि कोरोनाका कारण भोटो नदेखाई मत्स्येन्द्रनाथलाई बुङमती लगिएको थियो।**


## हकदावीको सूचना

मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं.१६ बस्ने कदमल्ली मियाको नाती, अजीज मियाको छोरा, स्व. मोहमद मोईन मियाको यहि मिति २०८०/०१/१५ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं.१३९०५३९०००५४९४ को सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरा मो. वसिम अकरम र मोहम्मद अबुबकरले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. | शाखा कार्यालय, विराटनगर, देवकोटा चौक फोन नं:- ०२१- ५४४२५१९, ५४४२६२०

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०२/१२**

यस महतिनिया सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा उत्पादन भई घाटगाईमा मौज्दात रहेको **असना जातको बिभिन्न ग्रेडको गोलिया थान ७ को १४६.९९ घ.फि. र बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ४१ को २२३.५६ घ.फि. गोलिया काठ तथा साल मिश्रीत ०.५० चट्टा दाउरा** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ।

**श्री महतिनिया सामुदायिक वन उपभोक्ता समुह**
बारबर्दिया नगरपालिका-१०, मेरैया बर्दिया

## श्री धापासी माध्यामिक विद्यालय

टोखा नपा-०४, फैमालचुली, काठमाडौं

**सिलवन्दी दरभाउपत्र पुन:आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८०/०१/२०
दोश्रो पटक प्रकाशित मिति: २०८०/०२/१२

शिक्षा विकास निर्देशानलय, बागमती प्रदेशको अनुदान सहयोगमा यस विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउने कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यबसायीहरुबाट रितिपूर्वक सिलवन्दी दरभाउपत्र पुन: आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि यस विद्यालयको सम्पर्क नं. ९८४१९६७०२२ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

| ठेक्का नं. | खरिद सम्बन्धी बिवरण | फाराम दस्तुर (रु.) | जमानत रकम (रु.) | जमानत मान्य अवधि | खरिद गर्ने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 01/SQ/DS/G/2079-80 | Procurement of Interactive Smart Board (Flat Panel)-5pcs | १,००० | ५०,०००/- | ७५ दिन | ज्येष्ठ २६, २०८० | ज्येष्ठ २८, २०८० मध्यान्ह १२ बजे | ज्येष्ठ २८, २०८० दिनको १ बजे |

# दुई लाख ६० हजार परिवार अझै खरको छानामुनि

## सवा चार अर्ब खर्चेर सुरक्षित आवास कार्यक्रमबाट चार वर्षमा ४८ हजार घरका छाना मात्रै फेरिए

**सुवास भट्ट**/नयाँ पत्रिका

असुरक्षित खर र फुसको छाना तीन वर्षभित्र विस्थापित गरी जस्तापाता लगाउने उद्देश्यसहित सरकारले सुरु गरेको सुरक्षित नागरिक आवास कार्यक्रमबाट चार वर्षमा ४८ हजार मात्रै छाना फेरिएका छन्। दुई लाख ६० हजार परिवार अझै खरको छानामुनि छन्। अहिले पाँच वर्षमा पनि कार्यक्रम चलिरहेको छ।

०७५/७६ को बजेटमै व्यवस्था गरेर सरकारले आगो, पानी र हुरीबाट सजिलै प्रभावित हुने पराल, खर, फुस, स्याउलालगायतका छाना विस्थापित गरी जस्तापाता लगाउने योजना ल्याएको थियो। तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले ल्याएको बजेटमा गरिबीको रेखामुनि रहेका घरपरिवारले सुरक्षित आवास आफैंले निर्माण गर्न चाहेमा प्रतिपरिवार जस्तापाता, सहुलियत दरको काठलगायत सामग्री खरिदका लागि ५० हजार अनुदान दिने व्यवस्था गरिएको थियो। संघीय सरकार, स्थानीय तह र सम्बन्धित परिवारको सहभागितामा यो कार्यक्रम सञ्चालन गर्ने घोषणा गरिएको थियो। चालू आर्थिक वर्षदेखि भने यो अनुदान रकम बढाएर ७५ हजार पुऱ्याइएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले केही समयअघि सार्वजनिक गरेको जनगणनाअनुसार हाल मुलुकभर खर/पराल/छ्वाली भएका घर (परिवार) संख्या दुई लाख ६० हजार ६ छन्। सहरी विकास तथा भवन निर्माण विभागको तथ्यांकअनुसार भने हालसम्म दुई लाख नौ हजार दुई सय ३० घर छाना फेर्ने गरी स्वीकृत भएका छन्। यीमध्ये ४८ हजारको मात्रै छाना फेरिएको छ भने एक लाख ३० हजार आठ सय ९० घरसँग अनुदान सम्झौता भइसकेको विभागले बतायो।

स्वीकृत लाभग्राहीलाई सरकारले दुई किस्तामा अनुदान दिन्छ। लाभग्राहीमा छनोट भएर सम्झौता गरेपछि पहिलो किस्ताबापत ६० प्रतिशत र कार्य सम्पन्न भएपछि दोस्रो किस्ताबापत ४० प्रतिशत रकम भुक्तानी दिने व्यवस्था कार्यविधिमा छ। पर्याप्त बजेटको अभावमा छाना फेर्ने कार्यक्रम प्रभावकारी हुन नसकेको विभागको गुनासो छ।

### ■ सवा चार अर्ब खर्च, अझै आठ अर्ब लाग्ने अनुमान

छाना फेर्ने कार्यक्रमअन्तर्गत लाभग्राहीलाई अनुदान दिन अर्थ मन्त्रालयले रकम सीधै स्थानीय तहलाई पठाइदिन्छ। विभागका अनुसार गत आर्थिक वर्षसम्म चार अर्ब ३२ करोड रुपैयाँ खर्च भइसकेको छ। चालू आवको बजेट भने अद्यावधिक भइनसकेको विभाग बताउँछ। आगामी आवका लागि ८० करोड रुपैयाँ बजेट स्वीकृत भएको विभागले जनाएको छ।

सहरी विकास तथा भवन निर्माण विभागको आवास महाशाखाकी सिनियर डिभिजनल इन्जिनियर मीरा ज्ञवालीले हालसम्म स्वीकृत संख्याका घरको छाना फेर्न करिब पाँच अर्ब आवश्यक पर्ने अनुमान गरिएको बताइन्। 'विभागले अनुदान सम्झौता गरेका एक लाख ३० हजार आठ सय ९० घरको छाना फेर्न करिब पाँच अर्ब आवश्यक पर्छ,' उनले भनिन्, 'नयाँ जनगणनामा देखिएका दुई लाख ६० हजार ६ वटा घरको छाना फेर्न त करिब आठ अर्ब आवश्यक पर्ने हाम्रो अनुमान छ।'






### ■ कार्यक्रम कार्यान्वयनमा उल्झन

कार्यक्रमले छानो मात्र फेर्ने भनेकाले एकातिर छानो मात्र फेरेर घर सुरक्षित नहुने भन्दै विवाद निम्तिएको छ भने अर्कोतिर कार्यान्वयनका लागि कार्यविधिले व्यवस्था गरेका समितिहरूमा पनि टकराव छ। कार्यक्रम कार्यान्वयनका लागि सहरी विकासमन्त्रीको संयोजकत्वमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको व्यवस्था छ। उक्त समितिले उपलब्ध वार्षिक बजेट र आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम लागू गर्ने जिल्ला र स्थानीय तह तोक्ने तथा स्थानीय तहगत रूपमा अधिकतम आवास संख्या निर्धारण गर्नेलगायतका काम गर्छ।

त्यस्तै, कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन कार्यक्रम कार्यान्वयन हुने निर्वाचन क्षेत्रमा संघीय सांसदको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख र संघीय आयोजना कार्यान्वयन एकाइका अधिकृतस्तरको प्राविधिक प्रतिनिधि रहन्छन्। यसले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट तोकिएका स्थानीय तहभित्रका कार्यक्रम कार्यान्वयन गरिने वडाहरू र अधिकतम आवास संख्या तोक्छ।

संघबाट सीधै कोटा निर्धारण हुने, तल पनि संघीय सांसद नै हाबी हुने, तर कार्यान्वयन भने स्थानीय तहबाट हुँदा समन्वयमा समस्या देखिएको विभाग बताउँछ। सांसद र पालिका प्रमुखहरूको द्वन्द्वले पनि कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको छ।

कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न विभागको आवास महाशाखाअन्तर्गत आवास व्यवस्थापन समन्वय एकाइ पनि छ। यसले मन्त्रालय, विभाग र कार्यक्रम कार्यान्वयन गर्ने तहहरूबीच समन्वय र अनुगमन मूल्यांकन गर्छ। तर, यो समितिमा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन र प्रगतिबारे रिपोर्टिङ नै कम हुने आवास महाशाखाकी सिनियर डिभिजनल इन्जिनियर मीरा ज्ञवालीले बताइन्। 'कार्यक्रमको प्रगतिबारे विभागलाई यथार्थ जानकारी नै नहुने स्थिति छ,' उनी भन्छिन्, 'कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिको जानकारी र तथ्यांक अद्यावधिक गर्ने प्रणाली नभएको तथा स्थानीय तहले पनि रिपोर्टिङ नगरिदिएका कारण हामीलाई कार्यक्रमबारे यथेष्ट जानकारी नै हुन सकेको छैन।'

### ■ पहिलो किस्ता लिएका करिब ६२ हजार लाभग्राही सम्पर्कबाहिर

कार्यक्रमअन्तर्गत सरकारले दिने अनुदानको उपयोगबारे महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ। महालेखापरीक्षकको ६०औँ वार्षिक प्रतिवेदन ०७८/७९ ले अनुदानको पहिलो किस्ता बुझेर दोस्रो किस्ता लिन नआएकाको संख्या ठूलो देखाएको छ।

प्रतिवेदनअनुसार ०७८/७९ सम्म एक लाख ४१ हजार ६ सय १४ लाभग्राही छनोट भएर एक लाख ३० हजार चार सय ७७ लाभग्राहीसँग अनुदान सम्झौता भएको छ। सम्झौता भएकामध्ये एक लाख तीन हजार पाँच सय १० लाभग्राहीलाई पहिलो किस्ता भुक्तानी दिइएको छ भने दोस्रो किस्ता लिनेको संख्या ४१ हजार ६ सय २१ छ। कार्यक्रमबाट पहिलो किस्ता लिएका लाभग्राहीमध्ये ४१ हजार ६ सय २१ अर्थात् ४०.२१ प्रतिशत लाभग्राहीको मात्र छाना फेरेका छन्। 'बाँकी ६१ हजार आठ सय ८९ लाभग्राहीलाई पहिलो किस्ताबापत उपलब्ध गराएको अनुदान सम्बन्धमा अनुगमन गरी खर्चको सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ,' महालेखाको प्रतिवेदनमा उल्लेख छ।

सुरक्षित नागरिक आवास अनुदानबारे महालेखापरीक्षकले ०७७/७८ मा कार्यमूलक लेखापरीक्षण गरेको थियो। कतिपय स्थानमा लक्षित वर्गलाई अनुदानबाट वञ्चित गराइएको, लक्षित वर्गलाई छुटाएर कार्यविधिविपरीत पक्की घर भएकालाई समेत ५० हजारका दरले अनुदान बाँडिएको, अनुदानबाट घर बनाउन इँटालगायत सामग्री खरिद गरिएको, धनी व्यक्तिले नै विपन्नको अनुदान खोसेका, आवश्यक भएर पनि बजेट खर्च नगरिएकोलगायतका दृष्टान्तसहित महालेखाले अनुदान वितरण प्रणालीमाथि नै प्रश्न उठाएको थियो।



● **मीरा ज्ञवाली**, सिनियर डिभिजनल इन्जिनियर, आवास महाशाखा

**लक्ष्यअनुसार त सुरु भएको तीन वर्षमै कार्यक्रम सकिनुपर्थ्यो। तर, ढिलाइ भएको छ। मुख्य समस्या बजेटमा छ। खरका छाना पूर्ण रूपमा विस्थापित गर्न अझै पनि आठ अर्ब बजेट लाग्ने अनुमान छ। तर, सरकारले पर्याप्त बजेट दिएको छैन। कार्यक्रम कार्यान्वयनमा पनि जटिलता देखियो। सरकारले यो कार्यक्रमका लागि प्राथमिकता नै कम दिएको महसुस भएको छ।**

### ■ कार्यविधिमै त्रुटि

खर वा परालको छानालाई जस्ताले विस्थापित गर्ने कार्यक्रमको लक्ष्य छ। तर, अधिकांश विपन्न नागरिकको छाना मात्र होइन, घर नै कमजोर छ। कार्यक्रमले छानाको वैकल्पिक व्यवस्था गरे पनि त्यसलाई अड्याउने, सुरक्षित बनाउने जग, गाह्रो, खम्बालगायतको निर्माण सामग्रीको व्यवस्थापनका लागि अन्य व्यवस्था गरेको छैन। विपन्न नागरिकले आफैं खर्चेर घरै बलियो बनाउन पनि सक्ने अवस्था छैन। जसका कारण कमजोर घरमा जस्ता मात्रै टल्किएका छन्।

लक्षित वर्गको स्थिति र भौगोलिक अवस्था विश्लेषण नगरी सबै भूगोल र स्थितिका मानिसका लागि समान रूपमा कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रमले विविधतालाई स्वीकार गरेको छैन। जसका कारण भौगोलिक रूपमा उच्च जोखिममा रहेका नागरिकका लागि कार्यक्रम प्रभावकारी देखिएको छैन। ७४ जिल्लामा सञ्चालन गरिएको यो कार्यक्रमअन्तर्गत तराईको गर्मीदेखि हिमालको ठन्डीसम्म पनि जस्ता मात्रै दिइएको छ।

वातावरणीय पक्षबाट हेर्दा सबै स्थानमा जस्ताको छानो उपयुक्त हुँदैन। गर्मीमा तराईको तापक्रम ४०-४२ डिग्रीसम्म पुग्ने तथा जाडोमा शीत र ठन्डी बढ्ने हुँदा यी दुवैबाट बच्न जस्ता उपयुक्त छानो होइन, किनभने जस्ताको छानोले गर्मीमा थप गर्मी र जाडोमा थप जाडो बनाउँछ। त्यस्तै, हिमाली क्षेत्रमा हिउँ पर्ने, बरफ जम्ने र अत्यधिक चिसो हुँदा त्यसबाट जोगिन छानामा काठ, ढुंगा र माटो प्रयोग गरिएको हुन्छ। कार्यविधिले जस्तापाताको विकल्प र अन्य निर्माण सामग्रीको प्रयोगबारे केही भनेको छैन।

अर्कातिर हाल दिइएको अनुदानले भौगोलिक र वातावरणीय स्थितिअनुसारको सुरक्षित र अनुकूल छानो छाउन नपुग्ने विषयलाई समेटेको छैन। केवल जस्तामा मात्र अनुदान दिएको छ। कार्यक्रमले भौगोलिक, सांस्कृतिक, पर्यावरणीय विविधता र मानिसहरूको गरिबीको स्थितिलाई पूर्ण रूपमा सम्बोधन गर्न नसकेको विभाग नै स्विकार्छ।

# एक वर्षपछि राजदूत शर्माले भेटे भारतीय विदेशमन्त्री

**काठमाडौं**/ भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्माले भारतीय विदेशमन्त्री डा. एस जयशंकरसँग बिहीबार शिष्टाचार भेट गरेका छन्। राजदूतका रूपमा एक वर्षअघि नयाँदिल्ली गएका शर्माको भारतीय विदेशमन्त्रीसँग विदेश मन्त्रालयमा पहिलोपटक शिष्टाचार भेट भएको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणको पूर्वसन्ध्यामा भएको भेटमा दुवै पक्षले द्विदेशीय बहुपक्षीय साझेदारी विस्तारमा जोड दिएका छन्। 'आज बिहान नेपाली राजदूतसँग भेट्दा खुसी लाग्यो। हामीबीच गहिरो र बहुपक्षीय साझेदारीका बारेमा छलफल भयो। आगामी दिनमा यसलाई थप विस्तार गर्न हामी प्रतिबद्ध छौं,' जयशंकरले भेटपछि ट्विटरमा उल्लेख गरेका छन्। भेटपछि पहिलो ट्विट जयशंकरले गरेका हुन्।

राजदूत शर्माले पनि भेटबारे ट्विटरमा सार्वजनिक गरेका छन्। 'विदेशमन्त्री डा. एस जयशंकरजीलाई उहाँको कार्यालयमा भेट्दा खुसी लाग्यो,' शर्माले लेखेका छन्, 'हामी दुवैले दुई देशबीच रहेको सदिऔं पुरानो बहुआयामिक सम्बन्धलाई अझ फराकिलो र गहिरो बनाउने इच्छा र प्रतिबद्धता जनाएका छौं।' दिल्लीस्थित नेपाली दूतावासले परराष्ट्र मन्त्रालयलाई दिएको जानकारीअनुसार भेटमा प्रधानमन्त्री प्रचण्डको आसन्न भारत भ्रमणबारे चर्चा भएको छ। यद्यपि, प्रधानमन्त्रीको भ्रमणको सन्दर्भ जयशंकर र शर्मा दुवैको ट्विटमा उल्लेख छैन।



# कांग्रेस रूपान्तरण अभियान जनकपुरधामबाट सुरु

**जनकपुरधाम**/ कांग्रेस रूपान्तरण अभियान बिहीबारदेखि मधेस प्रदेशको राजधानी जनकपुरधामबाट सुरु भएको छ। कांग्रेसमा रहेको विकृति-विसंगतिलाई हटाउँदै पार्टीलाई समयसापेक्ष, विश्वासिलो र भरोसायोग्य बनाउन अभियान सुरु गरिएको कांग्रेस नेता गुरु घिमिरेले बताए। परम्परागत शैलीमा अब कांग्रेस पार्टी चल्न नसक्ने भएकाले नेतादेखि कार्यकर्तासम्मको सल्लाह-सुझाव संकलन गरी पार्टीलाई नयाँ शैलीमा रूपान्तरण गर्ने उद्देश्यले अभियान थालिएको उनको भनाइ छ।

कांग्रेस युवा नेता भूपेन्द्रजंग शाहीले पार्टी रूपान्तरण अभियान मे चीदेखि महाकालीसम्म चलाइने बताए। पार्टीको हित चिताउने युवा नेताहरू र पार्टीलाई माया गर्ने सबैको भावना बुझ्नेर अभियान सञ्चालन गरिएको उल्लेख गर्दै शाहीले पार्टी अब व्यक्तिवादी, सत्तावादी र स्वार्थवादीका रूपमा चल्ने सक्ने भएकाले आफूहरूले यो अभियान जनकपुरधामबाट सुरु गरेको उनको भनाइ छ। अभियान जेठभरि सातवटै प्रदेशमा सञ्चालन हुने उनले बताए। जनकपुरधाममा आयोजित रूपान्तरण कार्यक्रममा मधेस प्रदेशका आठवटै जिल्लाका नेता तथा कार्यकर्ताको सहभागिता थियो।

# मस्तिष्क र मेरुदण्ड जोड्ने उपकरण राखेर पक्षघातको उपचार

नयाँ पत्रिका

नयाँ अनुसन्धानले पक्षघातका बिरामीको उपचार मस्तिष्क र मेरुदण्डमा उपकरणको प्रयोगबाट सामान्य अवस्थामा फर्काउन सकिने प्रमाणित गरेको छ। स्विस फेडरल इन्स्टिच्युट अफ टेक्नोलोजीका डा. ग्रेगोइर कोर्टिन र उनका सहकर्मीले मस्तिष्क र मेरुदण्डको बीचमा प्रत्यक्ष न्युरोलोजिकल लिंक सिर्जना गर्ने 'ब्रेन-स्पाइन इन्टरफेस'को विकास गरेका हुन्।

शरीरमा विभिन्न कारणले हुने क्षतिले स्नायुबाट मस्तिष्कमा संकेत पठाउन नसक्दा शरीरका भाग नचल्ने अर्थात् प्यारालाइसिसको अवस्थालाई उपकरणको माध्यमबाट सामान्य अवस्थामा फर्काउन सकिने अनुसन्धानले पुष्टि गरेको हो। पक्षघातबाट प्रभावित बिरामीलाई सामान्य अवस्थामा फर्काउन 'ब्रेन-स्पाइन इन्टरफेस' अर्थात् मस्तिष्क र मेरुदण्डको छुटेको सम्पर्कबाट व्यक्तिलाई सामान्य अवस्थामा फर्काइएको हो। प्राकृतिक रूपमा स्नायुहरूको माध्यमबाट शरीरभित्रै हुने यो प्रक्रियालाई बिरामीमा भने उपकरणको प्रयोग गरेर गर्न सकिने बनाइएको हो, जुन ब्याकप्याकका रूपमा बोक्न मिल्ने बनाइएको छ।

**मेरो इच्छा फेरि हिँड्ने थियो र विश्वास थियो कि यो सम्भव छ। यसका साथै मैले शरीरका भाग चलाउन निकै प्रयास गरें, जसले प्राकृतिक तरिकाले हिँड्न सहयोग पुगोस्।**

**– गर्ट-जान ओस्कम**

नेचर नामक जर्नलमा प्रकाशित यो अनुसन्धानले उपकरणको माध्यमबाट पक्षघातको उपचार गर्न सकिने पहिलो प्रविधि भएको जनाएको हो। यो अनुसन्धान एक दशकअघि चीनमा मोटरसाइकल दुर्घटनापछि पक्षघात भएका ४० वर्षीय गर्ट-जान ओस्कममा गरिएको थियो। पक्षघातका कारण उनको हातखुट्टाका साथै कम्मरदेखि घाँटीसम्मको भाग नचल्ने भएको थियो। उपकरणको प्रयोगबाट आफैं हिँड्न सक्ने भएपछि उनले भनेका छन्, 'मेरो इच्छा फेरि हिँड्ने थियो र मलाई विश्वास थियो कि यो सम्भव छ। यसका साथै मैले शरीरका भाग चलाउन निकै प्रयास गरें, जसले प्राकृतिक तरिकाले हिँड्न सहयोग पुगोस्।' उपकरणको सहयोगमा उनी दैनिक कम्तीमा सय मिटर हिँड्न सक्छन् भने हातको सहायता नलिई केही मिनेट उभिन सक्ने भएका छन्। अनुसन्धानले भने खुट्टामा इलेक्ट्रोनिक पल्स बढाउन हिँड्न आवश्यक रहेको देखाएको थियो। तर, केन्द्रीय स्नायु प्रणालीसँग जोडिएका मस्तिष्क र मेरुदण्डमा उपकरण जोडिने भएकाले सुरुवातमा बिस्तारै हिँड्नुपर्ने अनुसन्धानकर्ताले बताएका छन्।

'ब्रेन-स्पाइन इन्टरफेस'माथि धेरै लामो समयदेखि अनुसन्धान भइरहे पनि मानिसमा पहिलोपटक प्रयोग गरिएको थियो। उपकरणको माध्यमबाट बिस्तारै मानिसलाई उभिन, हिँड्न र सिँढी चढ्न अभ्यास गराएर हिँड्न सकिने गरी निर्माण गरिएको हो। अनुसन्धानको पहिलो चरणमै यो उपकरण उपयोगी साबित भएकाले पक्षघातका बिरामीको उपचारमा ठूलो उपलब्धि भएको बताइएको छ।

# भएको सम्पत्ति लिएर छोरीज्वाइँ जापानमा

## नेपालमा रहेका रोगी बाबुआमा अलपत्र, सम्पत्ति फिर्ता गर्न आनाकानी

**टेकराज थामी**/नयाँ पत्रिका

भएको सम्पत्ति लिएर छोरीज्वाइँ जापान बेपत्ता भएपछि रोगी वृद्धवृद्धा नेपालमा अलपत्र परेका छन्। कैलाली टीकापुर नगरपालिका- ८ की ७९ वर्षीया सुर्जा शाह अल्जाइमरबाट पीडित छिन्। उनलाई दुई वर्षदेखि धुम्बराहीस्थित सेकेन्ड इनिङ स्याहार केन्द्रमा राखिएको छ। होस गुमाएकी उनी न बोल्न सकिछन्, न हिँड्डुल गर्न नै। उनका श्रीमान् ८४ वर्षीय शेरबहादुर शाह पनि बिरामी छन्। उपचारका लागि उनलाई अस्पताल लगिरहनुपर्छ। उनी अहिले काठमाडौंमै कहिले आफन्त, त कहिले कान्छी छोरी अर्चना शाहको शरणमा बस्दै आएका छन्।

अर्चनाका अनुसार आमा सुर्जाको नाममा टीकापुर नगरपालिका- ८ र ९ मा रहेको तीन रोपनी जग्गा र घर ११ वर्षअघि जेठी छोरी लक्ष्मी शाही र उनका श्रीमान् कलेन्द्र शाहीले जालसाजीपूर्वक आफ्नो नाममा पारेका थिए। जापान बस्दै आएका उनीहरू त्यसयता नेपाल फर्केका छैनन्। सुर्जा र शेरबहादुरको उपचारमा २५ लाख रुपैयाँभन्दा धेरै खर्च भइसकेको छ। तर, उनीहरूले न घर जग्गा फिर्ता गरेका छन्, न बुबा-आमाको उपचारमा खर्च नै पठाएका छन्।

भएजति सम्पत्ति लिएर दिदी-भिनाजु जापान बसेपछि बुबाआमाको उपचारमा समस्या आएको अर्चनाले बताइन्। 'लक्ष्मी मेरी जेठी दिदी हुन्। उनले बुबाआमालाई भुक्याएर भएभरको सम्पत्ति आफ्नो नाममा लिइछिन्। जापान बस्दै आएका उनीहरूले सम्पत्ति फिर्ता गरेका छैनन्। बुबाआमाको उपचार लाखौँ रुपैयाँ सकियो। अहिले पनि उपचारमा प्रत्येक महिना ५० हजार रुपैयाँभन्दा धेरै खर्च भइरहेको छ। तर, दिदीभिनाजुले न सम्पत्ति फिर्ता गरेका छन्, न उपचारमा खर्च नै पठाएका छन्,' उनले भनिन्।

पैसा अभावका कारण बुबाआमाको उपचारमै समस्या भएपछि अर्चनाले लक्ष्मीविरुद्ध परराष्ट्र मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, जिल्ला प्रहरी परिसर काठमाडौं, काठमाडौं महानगरपालिका, टीकापुर नगरपालिका, महिला आयोगमा उजुरी दिएकी छिन्। तर, समस्या हल हुन नसकेको उनको भनाइ छ। 'बुबाआमाको सम्पत्ति मात्रै फिर्ता गरे पनि त्यही बेचेर राम्रोसँग उपचार गराउँथ्यौं। तर, पटकपटक आग्रह गर्दा पनि दिदीले मानेकी छैनन्। उपचारमा लाखौँ रुपैयाँ सकियो। अहिले पनि प्रत्येक महिना ५० हजार रुपैयाँभन्दा धेरै खर्च हुन्छ। तीन वर्ष भयो हामीले आफ्नै खर्चमा उपचार गरेको। केही सीप नलागेपछि हामीले परराष्ट्र मन्त्रालयदेखि स्थानीय तहसम्म उजुरी गर्‍यौं। तर, समस्या समाधान हुन सकेको छैन,' उनले भनिन्।

अर्चनाका अनुसार लक्ष्मी र उनकी श्रीमान् कलेन्द्र जापान इवाट प्रदेशस्थित मोरिवकमा बस्दै आएका छन्। उनीहरूले मोरिवकमा रेस्टुरेन्ट चलाउँदै आएका छन्। हडपेको सम्पत्ति फिर्ता नभएपछि लक्ष्मीका भाइ विवेक मोरिवक नै पुगेका थिए। भेटका क्रममा लक्ष्मीले बुबाआमाको सम्पत्ति नेपाल फर्केपछि मात्रै फिर्ता गर्ने बताएकी छिन्। भाइ विवेकसँग भएको रेकर्डेड अडियो संवादमा लक्ष्मीले भनेकी छिन्, 'बुबाआमाको सम्पत्ति म खादिनँ। फिर्ता गर्छु। मेरो अहिले व्यवहार बिग्रिएको छ। त्यो सल्टिनासाथ नेपाल आउँछु। त्यसलगत्तै सम्पत्ति फिर्ता गर्छु।'

तर, लक्ष्मीले सम्पत्ति फिर्ता गर्ने आश्वासन दिएको वर्षौं भइसकेको अर्चनाको भनाइ छ। 'बुबाआमाको सम्पत्ति लिएर हिँडेपछि दिदीभिनाजु भेट्न भाइ विवेक जापान नै पुग्यो। बुबाआमाको अवस्थाबारे जानकारी गरायो। सम्पत्ति फिर्ता गर्न पटक-पटक आग्रह गऱ्यो। कुराकानी हुँदा अहिले नै सम्पत्ति फिर्ता गरिदिने जस्तो गछिन्। तर, हालसम्म न सम्पत्ति फिर्ता गरेकी छिन्, न बुबाआमाको उपचारमा खर्च नै पठाएकी छिन्,' अर्चनाले भनिन्।



लक्ष्मी शाही (जो जापानमा छिन्)

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ४ उपदफा १ मा ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमदअनुसार पालपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हो। कानुन उल्लंघन गर्ने छोराछोरीलाई सोही ऐनको दफा २६ को उपदफा १ अनुसार तीन लाख रुपैयाँ जरिवाना हुने व्यवस्था गरिएको छ। सोही दफाको उपदफामा ५ मा 'ज्येष्ठ नागरिकको चल-अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नुपर्नेछ' भनी उल्लेख गरिएको छ।

यदि परिवारबाट अलग गरे वा अवहेलना गरे प्रहरीमा जाहेरी दिन सक्ने पनि सोही ऐनको दफा ५ मा उल्लेख छ। जाहेरीपछि कसुर गर्नेविरुद्ध एक वर्षदेखि पाँच वर्ष कैद र बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुने व्यवस्था ऐनको दफा २६ मा व्यवस्था गरिएको छ। ऐनको दफा २६ को उपदफा २ मा भनिएको छ, 'हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गर्नु गराउनुहुँदैन। कसुर गरेको कसुरको मात्राअनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुनेछ।'

### बहिनी अर्चना शाह भन्छिन्–

**लक्ष्मी मेरी जेठी दिदी हुन्। उनले बुबा-आमालाई झुक्याएर भएभरको सम्पत्ति आफ्नो नाममा लिइछिन्। जापान बस्दै आएका उनीहरूले सम्पत्ति फिर्ता गरेका छैनन्। बुबा-आमाको उपचारमा लाखौँ रुपैयाँ सकियो। अहिले पनि उपचारमा प्रत्येक महिना ५० हजार रुपैयाँभन्दा धेरै खर्च भइरहेको छ। तर, दिदीभिनाजुले न सम्पत्ति फिर्ता गरेका छन्, न उपचारमा खर्च नै पठाएका छन्।**


## कर्मचारी आवश्यकता

**सूचना प्रकाशन मितिः २०८०/०२/१२**

विगत १८ वर्ष देखि सञ्चालनमा रहेको यस संस्थाको लागि प्रवन्धक पदमा सेवागर्न इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गर्ने सम्वन्धमा सञ्चालक समितिको मिति २०८०/०२/०२ मा बसेको बैठकबाट निर्णय भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका उम्मेदवार बाट मिति २०८०/०२/२० गते भित्र रितपूर्वकको निवेदन आव्हान गरिएको छ।

**तपसिल**

१. उमेर : ३० वर्ष देखि ४५ वर्ष भित्रका नेपाली नागरिक।
२. शैक्षिक योग्यता : वाँणिज्य शास्त्र वा सो सरहका बिषयमा स्नातक तह उत्तिर्ण गरेको।
३. बैंक/वित्तिय संस्था वा सहकारी संस्थामा कम्तिमा १ वर्षको सेवा गरेको अनुभव प्राप्त।
४. नेपाली तथा अंग्रेजी दुवै भाषामा कम्प्युटर सञ्चालनमा दक्षता हासिल गरेको।
५. लघु वित्त कार्यक्रम र वित्तिय व्यवस्थापन बिषयमा तालिम प्राप्त र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।
६. शैक्षिक योग्यता, नागरिकता प्रमाण(पत्र, चारित्रिक प्रमाण(पत्र, अनुभव र हासिल गरेका तालिमका प्रमाण-पत्रका प्रतिलिपीहरु संलग्न राखेर यसै संस्थाको कार्यालयमा कार्यालय समय भित्र हालसालै खिचेको फोटो सहितको बायोडाटा पेश गर्नुपर्ने छ।
७. पारिश्रमिक तथा अन्य सुविधा सम्वन्धमा यस संस्थाको कर्मचारी प्रशासन नियमावलीमा व्यवस्था भए अनुसार र सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
८. निवेदन दस्तुर बापतको रु.१००/- संस्थाको काउण्टरमा नगद बुझाई निवेदन संलग्न रसिद पेश गर्नुपर्ने छ।

**धौलाश्री बहुउद्देश्यीय सहकारी संस्था लि.**
गोंगबु, सामाखुशी, आवास क्षेत्र काठमाण्डौ
सम्पर्क नं. ४५८३७०५/४५८८६५३, मो.नं. ९८५१०२२७४६

# हाकिमको नक्कली हस्ताक्षर गर्ने कर्मचारी पक्राउ

**रौतहट** / गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नक्कली हस्ताक्षर गरेर पेस्की फर्स्योट गर्न खोज्ने एकजना कर्मचारी पक्राउ परेका छन् । हाकिमको नक्कली हस्ताक्षर गरी पेस्की फर्स्योट प्रयास गर्ने गरुडा नगरपालिकाका पोषण स्वयंसेवक पदमा कार्यरत रामनारायण सहनीलाई जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले बिहीबार पक्राउ गरेको हो । सहनीले कार्यालय प्रमुख भूदेव झाको नक्कली हस्ताक्षर गरेको फेला परेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । पोषणसम्बन्धी एउटा गोस्वारा भौचरमा सहनीले नक्कली हस्ताक्षर गरी फर्स्योट गरेको फेला परेको गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद जयसवालले बताए । पाँच लाख रुपैयाँको गोस्वारा भौचरमा सहनीले नक्कली हस्ताक्षर गरी फर्स्योट गरेको फेला परेपछि कार्यालय प्रमुख भूदेव झाले प्रहरीलाई खबर गरेका थिए । सहनीमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसअघि पनि सहनीले किर्ते गरेको हुन सक्ने र किर्तेमा अन्य कर्मचारीको पनि संलग्नता हुन सक्ने सम्भावना रहेको प्रहरीले जनाएको छ । पक्राउ परेका सहनीलाई इलाका प्रहरी कार्यालय गरुडामा राखेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-००७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १) | १) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडामा प्रा.फ.र.नं. ३७२०/१५५/२०६९/२०७० स्थानीय व्यापार अन्तर्गत मिति २०६९/०५/३१ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ (साविक हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित **शिवशक्ति स्टोर्स**<br><br>**प्रोप्राईटर तथा जमानीकर्ता: आदित्य ना. कुशवाहा**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५, लट्टिनाथ<br>बाबु : श्रीलाल प्रसाद कुशवाहा<br>बाजे : हिरालाल प्रसाद कुशवाहा | **२) आदित्य ना. कुशवाहा**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५, लट्टिनाथ<br>बाबु : श्रीलाल प्रसाद कुशवाहा<br>बाजे : हिरालाल प्रसाद कुशवाहा | **पुनम कुमारी कुशवाहा**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५, लट्टिनाथ<br>बाबु : गनपत प्रसाद कोइरी<br>ससुरा : श्रीलाल प्रसाद कुशवाहा<br>पति : आदित्य ना. कुशवाहा |

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **३) पुनम कुमारी कुशवाहा**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५, लट्टिनाथ<br>बाबु : गनपत प्रसाद कोइरी<br>ससुरा : श्रीलाल प्रसाद कुशवाहा<br>पति : आदित्य ना. कुशवाहा | **आदित्य ना. कुशवाहा**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५, लट्टिनाथ<br>बाबु : श्रीलाल प्रसाद कुशवाहा<br>बाजे : हिरालाल प्रसाद कुशवाहा |

**धितोको विवरण**

१) हिरालाल प्रसाद कुशवाहाको नाति, श्रीलाल प्रसाद कुशवाहाको छोरा, पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने आदित्य ना. कुशवाहाको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ५ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. ४६५६, ४६४८ र ४६५२ को क्षेत्रफल क्रमशः ०-०-१४-०, ०-१-६.५-० र ०-०-३.५-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) शिवशक्ति स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

| | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| २) | **रमेश कुमार अधिकारी**<br>स्थायी ठेगाना : दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : दोलखा जिल्ला, बैतेश्वरा गा.पा. वडा नं. ८<br>बाबु : प्रेम बहादुर अधिकारी<br>बाजे : धन राज अधिकारी | **कृष्ण बहादुर अधिकारी**<br>स्थायी ठेगाना : दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : दोलखा जिल्ला, बैतेश्वरा गा.पा. वडा नं. ८<br>बाबु : नेत्र बहादुर अधिकारी<br>बाजे : धन राज अधिकारी |

**धितोको विवरण**

१) सवारी मोडल: JX55T-4WD | च्यासिस नं.: JXT2411865 | ईन्जिन नं.: 220915DT | सवारी दर्ता नं.: ना ६ त ७८२३
२) सवारी मोडल: JX55T-4WD | च्यासिस नं.: JXT2411893 | ईन्जिन नं.: 221035DT | सवारी दर्ता नं.: ना ६ त ७८२४
३) धन राज अधिकारीको नाति, प्रेम बहादुर अधिकारीको छोरा, दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, बैतेश्वरा गा.पा. वडा नं. ८ बस्ने रमेश कुमार अधिकारीको नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता कायम रहेको दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ४ (हाल बैतेश्वरा गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ३३७, ९५, ४५, ७९८ र ११२६ को क्षेत्रफल क्रमशः ५५०.००, २३०.००, २५५.००, १७८०.०० र ७००.०० (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

| | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| ३) | नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ३२९८२/०७०/७१ स्था. व्या. अन्तर्गत मिति २०७१/०९/०२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १३ स्थित **लुनिमा ट्रेडर्स**<br><br>**प्रोप्राईटर तथा जमानीकर्ता: राजु श्रेष्ठ**<br>स्थायी ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५<br>हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३<br>बाबु : रत्न प्रसाद श्रेष्ठ<br>बाजे : राम बहादुर श्रेष्ठ | **सुनिता श्रेष्ठ**<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३<br>बाबु : मोहन बहादुर श्रेष्ठ<br>ससुरा : रत्न प्रसाद श्रेष्ठ<br>पति : राजु श्रेष्ठ |

**धितोको विवरण**

१) रुद्र प्रसादकी नातिनी, मोहन बहादुर श्रेष्ठकी छोरी, रत्न प्रसाद श्रेष्ठकी बुहारी, राजु श्रेष्ठकी पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ घ (हाल बुटवल उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ४७७५ को क्षेत्रफल ०-०-९-०(बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।
२) रुद्र प्रसादकी नातिनी, मोहन बहादुर श्रेष्ठकी छोरी, रत्न प्रसाद श्रेष्ठकी बुहारी, राजु श्रेष्ठकी पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ५ (हाल बुटवल उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. २५८ को क्षेत्रफल १२९.९१ (व.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।
३) सवारी मोडल: Mahendra Bolero SC XL FB 2WD PS | च्यासिस नं.: MA1ZN2GHKJ1G62731 | ईन्जिन नं.: GHJ1G12350 | सवारी दर्ता नं.: लु २ च ४९३४
४) सवारी मोडल : RENAULT Capture RXT Daul | च्यासिस नं. : MEERHA00XJ5006382 | ईन्जिन नं.: E001651 | सवारी दर्ता नं. : बा २० च ६५०६
५) लुनिमा ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिर्ि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

# मधेसमा गठबन्धन दलहरूबीच असन्तुष्टि कायमै

## पाँचौंपटक मन्त्रिपरिषद् विस्तार, तर अझै अपूर्ण

जनकपुरधाममा **हरिश खुदार**



सत्तारूढ गठबन्धन दलभित्र असन्तुष्टि कायमै रहेका वेला मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पाँचौंपटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । बिहीबार लोकतान्त्रिक समाजवादी पार्टीका सांसद रमेशप्रसाद कुर्मीलाई मुख्यमन्त्री यादवको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले वन तथा वातावरणमन्त्रीका रूपमा शपथ गराएका हुन् ।

लोसपा एक मन्त्री र एक राज्यमन्त्री लिएर सरकारमा सामेल भएको हो । मन्त्रीमा कुर्मीले शपथ लिए पनि लोसपाले अहिलेसम्म राज्यमन्त्रीको नाम पठाउन सकेको छैन । यसअघि मंगलबार मुख्यमन्त्री यादवले कांग्रेस र एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराई चौथोपटक मन्त्रिपरिषद् विस्तार गरेका थिए । पाँचपटक मन्त्रिपरिषद् विस्तार गर्दा पनि प्रदेश सरकार भने अझै अपूर्ण छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेशमा १० सदस्यीय मन्त्रिपरिषद् छ ।

कांग्रेस प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव भौतिक पूर्वाधार विकासमन्त्री, वीरेन्द्रप्रसाद सिंह स्वास्थ्य तथा जनसंख्यामन्त्री, एकीकृत समाजवादीबाट गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री छन् । जसपाका सञ्जय यादव अर्थमन्त्री, सिंहासन साह कलवार खानेपानी तथा ऊर्जा विकासमन्त्री, जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादव शिक्षा तथा समाजकल्याणमन्त्री छन् । जसपाकी सुरिता साह र जनमतका वसन्त कुसवाह विनाविभागीय मन्त्री छन् । जसपाबाट राज्यमन्त्री भएका अबुल कलाम अजाद र जनमतबाट राज्यमन्त्री भएका सञ्जय यादव मन्त्रालयविहीन छन् ।

मुख्यमन्त्री यादवले एलौटी रूपमा कांग्रेस र एकीकृत समाजवादीलाई सरकारमा सामेल गराएकोमा असन्तुष्टि जनाउँदै माओवादीका प्रदेश संसदीय दलले उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सरिता यादव र राज्यमन्त्री रहबर अन्सारीलाई फिर्ता बोलाउने निर्णय गरेको छ । संसदीय दलले मन्त्रीलाई फिर्ता बोलाउने निर्णय गरे पनि मन्त्री यादव र राज्यमन्त्री अन्सारले भने अहिलेसम्म पदबाट राजीनामा दिएका छैनन् । मुख्यमन्त्री यादवले गृह तथा सञ्चार मन्त्रालय आफैसँग राखेका छन् ।

### ■ माओवादी र जनमतबीच मोर्चाबन्दी

गठबन्धनको निर्णयविने मुख्यमन्त्री यादवले कांग्रेस र एकीकृत समाजवादीलाई सरकारमा सामेल गराएकोमा माओवादी, जनमत र लोसपाले असन्तुष्टि जनाएका थिए । तीनै दलले संयुक्त रूपमा मुख्यमन्त्रीलाई दबाब दिने भनेर मंगलबार सहमति गरेका थिए । तर, बिहीबार लोसपा सरकारमा सामेल भएपछि अहिले माओवादी र जनमतले मोर्चाबन्दी कसेका छन् । जनमतले रोजेर लिएको मन्त्रालय मुख्यमन्त्री यादवले एकीकृत समाजवादीलाई दिएर आफ्ना मन्त्री कुसवाहलाई विनाविभागीय बनाएकोमा जनमतले सरकार छोड्नेसम्मको चेतावनी दिएको छ । माओवादी पनि आफूले दुईवटा मन्त्रालय पाउनुपर्नेमा एउटै मन्त्रालय पाएकोमा असन्तुष्ट बनेको छ । दुवै दलले तत्काल सरकारमै बसेर मुख्यमन्त्री यादवलाई दबाब दिने रणनीति बनाएका छन् । 'मुख्यमन्त्रीको कार्यशैलीप्रति हामी सन्तुष्ट छैनौं । तर, पार्टीका शीर्ष नेताहरूले यो समस्या समाधान हुने भनेर आश्वासन दिएकाले अहिले हामी सत्तापक्षमै छौं । अब केही दिनमा यो समस्या समाधान नभएमा सरकार छोड्न पनि सक्छौं,' माओवादी दलका नेता भरतप्रसाद साहले भने ।

# कर्णाली प्रदेश सभामा बजेट सिद्धान्त र प्रमुख नीति पेस

**सुर्खेत** / कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति प्रदेश सभामा पेस गरेको छ । आर्थिक मामिला तथा योजनामन्त्री वेदराज सिंहले बिहीबार आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति पेस गरेका हुन् ।



सरकारले प्रत्येक वर्ष दश हजारलाई रोजगारी दिने लक्ष्य राखेको मन्त्री सिंहले बताए । 'समृद्ध कर्णाली निर्माणका लागि प्रत्येक वर्ष कम्तीमा दश हजार रोजगारी सिर्जना हुने गरी बहुक्षेत्रीय उपयोग र बहुपक्षीय साझेदारीमा कर्णाली समृद्धि अभियानमार्फत स्वरोजगारयुक्त उद्यमशील समाज निर्माण गर्न प्रदेशभित्रका संरचनालाई परिचालन गर्ने नीति लिइनेछ,' उनले भने, 'कर्णाली प्रदेशमा स्थायी बसोवास भएका आर्थिक, सामाजिक रूपमा पछि परेका बेरोजगार युवा, साना उद्यमी, साना व्यवसायी र कृषकलाई उत्पादनमूलक उद्योग व्यवसाय स्थापना तथा सञ्चालनका लागि सहज वित्तीय पहुँच पुऱ्याउन स्थानीय तह र प्रदेश सरकारको सहलगानीमा एक वित्तीय संस्था स्थापना गरी सहज र सहुलियत कर्जा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।'

प्रदेशभित्रको युवा बेरोजगारीलाई सम्बोधन गर्न तथा श्रमका लागि विदेश जानुपर्ने बाध्यतालाई अन्त्य गर्न निजी क्षेत्रको समन्वयमा प्राविधिक, व्यावसायिक सीप तथा तालिमको अवसर प्रदान गर्ने नीति अवलम्बन गरिने मन्त्री सिंहले बताए । 'उत्पादन, रोजगारी र उद्यमशीलताको प्रवर्द्धनका लागि कृषि, उद्योग, वन र पर्यटन क्षेत्रमा आवश्यक बजेटको व्यवस्था गरिनेछ,' उनले भने, 'साहसिक खेल तथा पर्यटनका लागि निजी क्षेत्रलाई समेत लगानी गर्न आकर्षित गरिनेछ ।'

कर्णाली सरकारले आगामी आर्थिक वर्षमा सबै नागरिकको स्वास्थ्य परीक्षण गर्ने लक्ष्य राखेको छ । त्यसका लागि प्रदेश सरकारले विशेष नीति लिएको मन्त्री सिंहले जानकारी दिए । 'स्वास्थ्य जनशक्ति, उपकरण र स्वास्थ्य सामग्रीको सहज आपूर्ति एवं उपलब्धताको सुनिश्चित गरी विभिन्न किसिमका महामारी तथा रोगको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको उचित प्रबन्ध मिलाइनेछ,' उनले भने, 'त्यसका लागि अत्यावश्यक औषधिको नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ । आगामी आर्थिक वर्षदेखि स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालाको सहकार्यमा कर्णाली प्रदेशभित्रका सबै नागरिकको निःशुल्क स्वास्थ्य परीक्षणलाई अभियानका रूपमा सञ्चालन गर्ने नीति लिइनेछ ।'

# बागमतीको नीति तथा कार्यक्रम १४ जेठमा आउने

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले नीति तथा कार्यक्रम १४ जेठमा प्रस्तुत गर्ने भएको छ । प्रदेश सभाको बिहीबारको बैठकमा सभामुख भुवनकुमार पाठकले नीति तथा कार्यक्रम प्रदेश सरकारका तर्फबाट प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रस्तुत गर्ने जानकारी दिएका हुन् ।

प्रदेश सरकारले सदनमा प्रस्तुत गरेको विनियोजित विधेयक ०८०/८१ को सिद्धान्त तथा प्राथमिकतामाथिको छलफल सकिएलगत्तै सभामुख पाठकले प्रदेश सभाका सदस्यलाई नीति तथा कार्यक्रम प्रस्तुत हुने दिन १४ जेठमा औपचारिक पोसाकमा उपस्थित हुन आग्रह गरेका थिए ।

एमालेले बागमती प्रदेश सरकार अहिलेको आर्थिक संकटप्रति सचेत नरहेको आरोप लगाएको छ । बिहीबार एमाले संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसूदन पौडेलले सरकार वर्तमान आर्थिक संकटको सामना गर्ने गरी अगाडि नबढेको आरोप लगाएका हुन् । उनले प्रदेश सरकारले प्रस्तुत गर्ने आगामी वर्षको नीति तथा कार्यक्रममाथि सुझाव दिँदै सरकारले पुँजीगत खर्च गर्न नसकिरहेको अवस्थामा चालू खर्चमा कटौती गर्न र साधारण खर्च रोक्न सुझाव दिए पनि सरकारले बेवास्ता गरेको दाबी गरे ।

'चालू खर्चलाई कटौती गर्न र साधारण खर्च रोक्न सुझाव दिएका थियौं । तर, सरकारले ती सुझाव मान्नुको साटो मन्त्रीको संख्या बढाउने र विनाविभागीय मन्त्री बनाउनेजस्ता गैरजिम्मेवार काम गरेको छ,' उनले भने । प्रमुख सचेतक पौडेलले मन्त्रालयको संख्या १३ पुऱ्याउने तयारी भइरहेको आरोप पनि लगाए ।

# पञ्चेश्वर परियोजना कार्यान्वयन गर्नुपर्छ : राणा

**नयाँ पत्रिका**



राप्रपाका वरिष्ठ नेता पशुपतिशमशेर राणाले नेपाल र भारतबीच २८ वर्षअघि हस्ताक्षरित र संसद्बाट अनुमोदित एकीकृत महाकाली सन्धि कार्यान्वयन गर्नुपर्ने बताएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा सन्धिअन्तर्गत पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) टुंग्याउनुपर्ने उनको सुझाब छ ।

'त्यतिबेला कर्णाली चिसापानीपछिको सबैभन्दा ठूलो जलविद्युत् परियोजनाका रूपमा पञ्चेश्वर हुन सक्छ भन्ने हाम्रो मूल्यांकन थियो । एक दुई सय मेगावाटका स-साना परियोजना होइन, ठूलो परियोजना बनाएर मात्रै विकास सम्भव छ भन्ने तत्कालीन सरकारको निष्कर्ष थियो,' त्यसबेला जलस्रोतमन्त्री रहेका राणाले आफ्नै निवासमा बिहीबार सुनाए, 'हाम्रो लेआउट अफ द ल्यान्डअनुसार सिँचाइ आधा-आधाको सम्भावना हुँदैन । त्यसबेलाको सहमतिअनुसार डिपिआर टुंग्याउनुपर्छ । भारतको लगानीमा ऊर्जा आधा-आधा हुने गरी पञ्चेश्वर परियोजना कार्यान्वयन गर्नुपर्छ ।'

नेपाल र भारतबीच २९ माघ ०५२ मा एकीकृत महाकाली सन्धिमा हस्ताक्षर भएको थियो । शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर परियोजनालाई मिलाएर एकीकृत महाकाली सन्धि गर्न दुई देश सहमत भएका थिए । सन्धिमा प्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावले हस्ताक्षर गरेका थिए । प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा दिल्लीमा हस्ताक्षर भएको थियो । सुरुमा सन्धिमा परराष्ट्रमन्त्रीको तहमा हस्ताक्षर भएको थियो । नेपालबाट तत्कालीन परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनी र उनका तत्कालीन भारतीय समकक्षी प्रणव मुखर्जीले हस्ताक्षर गरेका थिए । प्रतिनिधिसभाको दुईतिहाइले उक्त सन्धिलाई ४ असोज ०५३ मा पारित गरेको थियो ।

'पञ्चेश्वर यति लामो समयसम्म लम्बिन्छ भन्ने हामीले कल्पना नै गरेका थिएनौं । हाम्रा सरकार अस्थिर हुनु र हाम्रो तदारुकता नहुनुका कारण पञ्चेश्वरको डिपिआर नै टुंगिन सकेन, कार्यान्वयन त धेरै परको विषय भयो,' राणाले भने । सन्धि भएको करिब दुई दशकसम्म पञ्चेश्वरको कागज दराजमा थन्किएको, तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ०७१ मा नेपालमा पहिलोपटक आएपछि बल्ल पञ्चेश्वरको फाइल खुलेको उनको बुझाइ छ ।

'हामीले आफूलाई बुझ्नुपर्छ । ठूलो देशले जलविद्युत्मा हामीमाथि ठगी गर्छ भन्ने सोच राखेर हामी केही पनि नगरी बस्ने ? हामी ठूलो छाती लिएर यसलाई टुंग्याउन किन नलाग्ने ?' राणाले प्रश्न गरे, 'हामीले बिजुली निकासी गर्ने भारत र बंगलादेश नै हो । यसलाई राष्ट्रवाद बनाएर केही नगरी बस्दा हामीले दुःख पाएका छौं । राष्ट्रवाद साँघुरो होइन, फराकिलो विषय हो भन्ने मनन गरेर जानुपर्छ ।' अर्को प्रसंगमा राणाले प्रधानमन्त्रीको भारत भ्रमणमा आर्थिक मन्दी र असहज अवस्थाबाट नेपाललाई मुक्त गर्ने गरी तयारी गर्नुपर्ने सुझाब दिए । 'सकभर अनुदान ल्याउने नभए पनि प्रत्यक्ष वैदेशिक लगानी ल्याउने वातावरण बनाउनुपर्छ । अहिलेको मन्दीबाट मुक्ति पाउने जुक्ति निकाल्न उहाँले प्रयास गर्नुपर्छ,' राणाले भने, 'प्रधानमन्त्री हिन्दुस्तान जाँदैमा तलमाथि हुँदैन ।



### आदिपुरुषको वर्ल्ड प्रिमियर १३ जुनमा

१३ जुनमा न्युयोर्कको टिबेका फिल्म फेस्टिभलमा आदिपुरुषको वर्ल्ड प्रिमियर हुने भएको छ। १६ जुनबाट यो फिल्म सिनेमाघरहरूमा प्रदर्शनमा आउनेछ। रामायणको कथामा आधारित यस फिल्मलाई ओम राउतले निर्देशन गरेका हुन्। प्रभास यस फिल्ममा मुख्य भूमिकामा छन्।



### ब्लडी ड्याडीमा साहिद

फिल्म ब्लडी ड्याडीको ट्रेलर रिलिज भएको छ। साहिद कपुरको मुख्य भूमिका रहेको यस फिल्मलाई अली अब्बास जाफरले निर्देशन गरेका हुन्। ९ जुनमा रिलिज हुने यस फिल्ममा सञ्जय कपुर, डायना, रोहित रोय, अंकुर भाटिया, भिभान भाटिनालगायतको अभिनय छ।

> योगका लागि व्यायाम सेन्टर धाउनुपर्ने जरुरी हुँदैन। सही तरिका जानेपछि घरमै पनि गर्न सकिन्छ। यसले मानसिक शान्ति पनि दिलाउँछ। त्यही कारण मानिसको आकर्षण बढ्दो छ।



# योगाभ्यासमा युवाको आकर्षण

हिजोआज योगप्रति युवापुस्ताको आकर्षण बढ्दो छ। जसकारण, नेपालमा योग प्रशिक्षकहरूको माग पनि बढ्दो छ। डेढ दशकदेखि योग सिकाउँदै आएका 'सम्बोधी योग केन्द्र'का सञ्चालक तथा प्रशिक्षक विजय सापकोटा दैनिक जीवनमा स्वस्थ र खुसी रहनका लागि नियमित योगाभ्यास गर्नुपर्ने बताउँछन्। 'दैनिक जीवनका लागि योग जरुरी छ। हामी विभिन्न रोगलाई लक्षित गरी थेरापेटिक योग पनि सिकाउँछौं,' उनले भने, 'उच्च रक्तचाप, मधुमेह, ढाडको समस्यालगायत समस्याका मानिस बढी आउने गर्नुहुन्छ। हाम्रोमा सबै उमेरसमूहका मानिस आउनुहुन्छ, विशेषगरी युवा धेरै आउनुहुन्छ।'

योगले रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउने हुनाले कोरोना महामारीपछि यसको महत्त्व अझै बढेर गएको उनी बताउँछन्। 'महामारीको समयमा घरभित्रै कैद हुनुपर्दा धेरैजना तनावमा हुनुहुन्थ्यो। रोगप्रतिरोधात्मक क्षमता बढाउनका लागि के गर्ने भनेर खोजी गर्न थालियो। योगप्रतिको आकर्षण पनि बढ्न थाल्यो,' उनले भने, 'योगका लागि व्यायाम सेन्टर धाउनुपर्ने जरुरी हुँदैन। सही तरिका जानेपछि घरमै पनि गर्न सकिन्छ। यसले मानसिक शान्ति पनि दिलाउँछ। त्यही कारण मानिसको आकर्षण बढ्दो छ।'

प्राचीन समयदेखि चलिआएको योगाभ्यास विज्ञानसम्मत रहेको सापकोटाले बताए। उनी भन्छन्, 'नेपालमा पहिले योगलाई धर्मसँग मात्रै जोडेर गरिन्थ्यो। तर, योगको मूल विज्ञानले कुनै धर्म, जाति र समुदायसँग सम्बन्ध राख्दैन। यो शरीर र आत्मासँग जोडिएको विषय हो।'

योगलाई जीवनका सबै आयामसँग जोडेर हेर्नुपर्ने उनी बताउँछन्। 'हामीले योगप्रशिक्षकहरूलाई तालिम दिने पनि गरेका छौं। प्रायः हाम्रोमा व्यक्तिगत स्वाथ्यका लागि योग सिक्न आउँछन्। अर्को, योगको तालिम लिएर अरूलाई प्रशिक्षण दिने गरी आउँछन्। योग सिक्न मात्रै होइन, यसमा विज्ञता हासिल गरेर प्रशिक्षक बन्न चाहन्छन्, अहिलेका युवापुस्ता,' उनले भने, 'यसबाहेक विभिन्न पेसा व्यवसायमा संलग्न मानिस पनि नियमित योग सिक्न आउनुहुन्छ।'

ठमेलस्थित 'चरक योग स्टुडियो'का सञ्चालक कञ्चनसिंह ठगुन्ना नेपाली मात्रै नभएर विदेशीहरू पनि योगप्रति आकर्षित भइरहेको बताउँछन्। खासगरी, ट्रेकिङ जानुअघि पर्यटकहरू योग गर्न आउने गरेको उनले बताए। 'शारीरिक रूपमा फिट नभई हाइकिङ वा ट्रेकिङ गर्न सकिँदैन। फिटनेसका लागि योग प्रभावकारी छ। योग गऱ्यो भने चार घन्टा हिँड्ने ठाउँमा ६ घन्टा हिँड्न सकिन्छ। हामीले योगका विभिन्न आसन गराउँछौं,' उनले भने, 'शरीरलाई फिट बनाएर ट्रेकिङ जानेको संख्या बढ्दो छ।' स्वस्थ, खुसी, ऊर्जाशील र सिर्जनशील रहन योगले मद्दत गर्ने उनले बताए।

प्रशिक्षक आकाश गुप्ता काभ्रेपलान्चोकको भुम्लु गाउँपालिकाका १० वटा विद्यालयमा पुगेर योग सिकाउँछन्। योगमै स्नातकोत्तर गरेका उनी शारीरिक, मानसिक, भावानात्मक र आध्यात्मिक शान्तिका लागि योग जरुरी रहेको बताउँछन्। 'त्यही कारण पछिल्लो समय नेपालमा योगसम्बन्धी पढाइ विद्यालयस्तरमै पनि समावेश गर्न थालिएको छ। स्वस्थ रहन प्राणायाम र योगासनहरू गरिन्छ। तिनका माध्यमबाट दैनिक जीवनमा आइपर्ने तनाव, शरीर, दिमाग र भावनालाई सन्तुलनमा राख्न राहत पुग्छ। त्यसकारण पनि हरेक उमेरसमूहका मानिसले योग गर्न आवश्यक छ।'

'योग र रोग एकै सिक्काका दुई पाटा हुन्। सही तरिकाले योग गरेमा धेरै रोगबाट बच्न सकिन्छ, विधि नमिलेमा उल्टै रोग निम्तिन सक्छ,' उनले थपे।

उमेर र शरीरको आवश्यकताअनुसार आफ्ना लागि उपयुक्त आसन र विधि छनोट गर्नुपर्ने उनको सुझाव छ। 'व्यस्त जीवनशैलीले गर्दा दौडधुप गरिरहेका छन्। दिनरात काममा खट्दा मान्छेमा 'स्ट्रेस' बढ्दो छ। 'मनमा अनेक तरहका कुरा खेलिरहेका हुन्छन्। दिमागमा हुने अविराम आलापको व्यवस्थापन योगबाट सम्भव छ,' उनले भने।

# गर्मीमा शीतल सलाद



**आरबी बुढाथोकी**
सिनियर सु-सेफ, द सोल्टी



हामीले दैनिक आफ्नो आहारमा सलाद समावेश गरेका हुन्छौं। काँक्रो, गाँजर, मुला, प्याजको टुक्रा खानाको साइडमा राख्नु नै सलाद हो, जुन हाम्रो दैनिक जीवनमा अपरिहार्य छ। सलादमा भिटामिन ई, भिटामिन सी र फाइबर पर्याप्त पाइन्छ। गर्मी मौसममा खानामा समावेश गर्न सकिने सलाद बनाउने तरिका :




**फ्रेन्च मेस्कुलन सलाद :** यो सलाद बनाउन कलिलो खालको मिक्स लेटुस २०० ग्राम ( कम्तीमा पाँच प्रकारका) लिएर आइस वाटरमा धोएर सुक्खा क्रन्ची बनाउने। मस्टर्ड मेस्ट आधा चम्चा, रेड वाइन या सेरी भिनेगर दुई चम्चा, दुई ड्रप्स जैतुनको तेल र नुन स्वादअनुसार हालेर ड्रेसिङ बनाई पत्तामा मिसाएर सर्भ गर्न सकिन्छ। यो सलाद विश्वभर अति नै लोकप्रिय छ। साइड सलाद होस् या अप्पिटाइजर, जसरी नि पस्कन सकिन्छ।



**लेबनिस कुकम्बर कर्ड सलाद :** यो सलाद बनाउन जति सजिलो छ, त्योभन्दा कैयौं गुणा स्वास्थ्यसम्बन्धी फाइदा र शीतलता प्रदान गर्छ। एउटा काँक्रोलाई स-साना टुक्रामा काटेर एउटा बाउलमा राख्ने। एक कप लो फ्युाटवाला प्लेन दही लिएर एउटा लेमन निचोरेर हाल्ने। दुई मुन्टा पुदिना चप गरेर (ड्राई मिन्ट पनि प्रयोग गर्न सकिन्छ) हाल्दिने र दुई केम्रा लसुन चप गरी मिसाउने। अन्तमा स्वादअनुसार नुन हालेर मज्जाले घोल्ने र काटेको काँक्रोमा खन्याईदिने। माथिबाट दुई ड्रप जैतुनको तेल हालेर सर्भ गर्न सकिन्छ।

**ग्रिक सलाद :** यो सलाद बनाउन स-साना डाइसमा दुई सय ग्राम काँक्रो काटेर एउटा बाउलमा राख्ने। तीन कलरको भेडेखुर्सानी मिसाएर ८० ग्राम र २० ग्राम डाइस टोम्याटो मिसाउने। एउटा मध्यम साइजको प्याज डाइस काटी हाल्ने र साथमा केही कालो जैतुन स्लाइस काटेर मिसाईदिने। स्वादका लागि नुन, मरिचको धुलो, ओरिगानो धुलो, रेड वाइन, भिनेगर, मस्टर्ड पेस्ट, गार्लिक र जैतुनको तेल हालेर मोल्दिने। अन्तमा २० ग्राम फेत चिज डाइस काटेर टप गर्निस गरी सर्भ गर्ने।

# कस्तो हुनुपर्छ अध्ययन कक्ष ?





**डा. दीक्षा राठी**
वास्तुविज्ञ

- घर पवित्र राख्नका लागि नकारात्मक ऊर्जालाई टाढा राख्नुपर्छ। यसका लागि वास्तुशास्त्रका धेरै नियम छन्। घरको वातावरण सकारात्मक हुन सके मात्रै अध्ययनमा ध्यान जान्छ। यसका लागि अध्ययन कक्षलाई हामीले व्यवस्थित राख्नुपर्ने हुन्छ।
- अध्ययन कक्षमा भोजन कहिल्यै नगर्नुस्। यदि, कहिलेकाहीं भोज गरिहाल्नुभयो भने जुठो भाँडालाई तत्कालै बाहिर लग्नुस्। अध्ययन कक्षमा जुठो भाँडा राख्दा पढाइमा मन लाग्दैन।
- विद्यार्थीको ध्यानलाई यस्ता सामग्रीले पटक-पटक भंग गर्छ।
- विद्यार्थीले ईशान कोण (उत्तर-पूर्व)तर्फ फर्किएर पढाइ गर्नुपर्छ। यस दिशामा पढ्न सम्भव नभए पूर्व, उत्तर वा पश्चिम दिशामा फर्किएर पढ्नुपर्छ। दक्षिण दिशामा फर्किएर पढ्नु शुभ मानिदैन।
- अध्ययन कक्षमा पूर्व-उत्तरतर्फ झ्याल राख्नु सबैभन्दा राम्रो मानिन्छ। यस कोठाको छत पिरामिड आकारको छ भने निकै राम्रो हुन्छ। स्टडी टेबलमा सानो पिरामिड पनि राख्न सकिन्छ।
- पढ्दाको समय आसपासको वातावरण शुद्ध र सुगन्धित हुनुपर्छ, कोठामा दुर्गन्ध हुनुहुँदैन।
- पढाइको टेबलमा आवश्यक सामग्री मात्रै हुनुपर्छ। अनावश्यक सामग्री तत्कालै हटाउनुस्। नत्र, मन भड्किन सक्छ।
- ब्रह्म मुहूर्तको समय पढ्नका लागि सबैभन्दा राम्रो हो। सूर्योदयअघिको समय अर्थात् ४:३० बजेदेखि बिहान १० बजेसम्म पढ्नु लाभदाय मानिन्छ। राति धेरै ढिलासम्म पढ्नु स्वास्थ्यका लागि ठीक होइन।

अध्ययन कक्षमा आफ्ना प्रिय देवी-देवता तथा प्रेरक व्यक्तिहरूका फोटो राख्न सकिन्छ।


# सपिङ जाँदा ...



पुरुषको दाँजोमा महिलालाई सपिङ गर्ने सोख धेरै हुन्छ। तर, कम समय र खर्चमा कसरी सपिङ गर्ने भन्ने तरिका सबैलाई थाहा नहुन सक्छ।

- सपिङको प्लान बनाउँदा सबैभन्दा पहिले तपाईंले किन्नुपर्ने सामानको लिस्ट तय गर्नुपर्छ। के किन्ने र कति खर्च गर्ने भन्ने योजना बनाउनुभयो भने सहज हुन्छ। किनकि, कतिपय मानिस बजारमा पुगेपछि आफू के किन्न आएको हुँ भन्ने नै बिर्सन्छन्। लिस्ट बनाउँदा समय बचत हुन्छ र आवश्यक सामानमा मात्रै तपाईंको ध्यान जाँदा अनावश्यक सामानमा खर्च हुन पाउँदैन।
- हतारमा सपिङ गर्दा न सामान राम्ररी चेकजाँच गर्न पाइन्छ, न त मज्जाले चाहेजस्तो सामान रोज्न नै पाइन्छ। जस्तो, हतारमा मानिसहरू कपडा किनिहाल्छन् र पछि उनीहरूलाई त्यही कपडा मन पर्दैन। त्यसैले सपिङका लागि पर्याप्त समय निकाल्नुस् र त्यसपछि मात्रै बजार जानुस्।
- तपाईंले त्यही सामान लिनुस्, जो तपाईंलाई आवश्यक पर्छ। यदि रङ मन पर्दैन भने नकिन्नुस्। कपडा खरिद गर्दा कलर कम्बिनेसन मिलाएर मात्रै किन्नुस्।

# कपाल झर्नबाट रोक्ने घरेलु उपाय



- तोरी, नरिवल वा सर्स्युंको तेल ततार्इ हल्का मसाज गर्ने। जरासम्म पुग्ने गरी मसाज गरेर स्याम्पुले कपाल पखाल्ने।
- मेथीको रसमा दही मिसाएर कपालमा लगाउने र करिब एक घन्टापछि पखाल्ने। यसले कपाल झर्ने समस्यासँगै चाया पर्नबाट समेत बचाउँछ।
- प्याजलाई काटेर कपाल झरेको ठाउँमा नियमित मसाज गर्दा कपाल झर्न बन्द हुनुका साथै नयाँ कपालसमेत उम्रिन्छ।
- तनावका कारणसमेत कपाल झर्ने हुन्छ। यसर्थ, तनाव व्यवस्थापन गर्न आवश्वक छ। दैनिक योग गरेमा शरीरमा हर्मोनको मात्रा सन्तुलित राख्नका साथै तनाव व्यवस्थापन पनि हुन्छ।
- टाउकोमा दिनहुँ हल्का मसाज गर्ने। यसले जरामा रक्तसञ्चार भई कपाल झर्नबाट रोक्छ।

# स्याउले हटाउँछ वृद्धवृद्धामा थकान र कमजोरी

स्याउ र ब्ल्याकबेरीजस्ता फलफूलले वृद्धवृद्धालाई कमजोर हुनबाट जोगाउन सक्ने एक अध्ययनले देखाएको छ। अनुसन्धानकर्ताहरूका अनुसार यी फलमा क्वासिटिन नामक फ्लेभनोइड्स हुन्छन्, जसले फ्रेयल्टी अर्थात् बुढेसकाल लागेपछि हुने कमजोरी तथा थकान रोक्न महत्त्वपूर्ण भूमिका खेल्छ। अमेरिकन जर्नल अफ क्लिनिकल न्युट्रिसियनमा यो अध्ययन प्रकाशित गरिएको छ।



फ्लेभानोल्स र फ्रेयल्टी (कमजोरी) बीचको सम्भावित सम्बन्ध बुझ्न अनुसन्धानकर्ताहरूले १२ वर्षसम्म १७ सय एकजना मानिसको खानपान र फ्रेयल्टीको अवस्थाबारे अध्ययन गरेका थिए। अनुसन्धानअनुसार प्रत्येक दिन १० एमजी फ्लेभानोल्स सेवन गर्दा फ्रेयल्टी विकास हुनबाट २० प्रतिशतले बच्न सकिन्छ। 'एक दिन एउटा स्याउ खाँदा डाक्टर टाढा रहन्छन् भन्ने पुरानो भनाइ केही सत्य रहेको देखिन्छ,' अनुसन्धानकर्ताहरूले भनेका छन्। 'मानिसले स्याउ खाँदा शरीरलाई आवश्यक फ्लेभनोल्स पुग्छ। एउटा मध्यम आकारको स्याउमा झन्डै १० एमजी फ्लेभनोल्स हुन्छ।' विशेषगरी, क्वासिटिन नामक फ्लेभनोइड्सले फ्रेयल्टी भूमिका खेल्न सक्ने अध्ययनले देखाएको छ। यस्तो पदार्थ फलफूल, तरकारी, बियाँ, अन्नलगायतका खाद्यान्नमा पनि भेटिन्छ। सहलेखिका डा. शिवानी साहनी भन्छिन्, 'क्वासिटिन फ्लेभनोइड्ससँग कमजोरी रोकथामको गहिरो सम्बन्ध रहेको देखिएको थियो। यस तथ्यांकले केही विशेष सबक्लासका फ्लेभनोइड्सहरू कमजोरी रोकथाममा प्रभावकारी हुन सक्ने देखाएको छ।' स्याउ, ब्लुबेरी, हरियो सागपात, प्याज, चियालगायतमा क्वासिटिनको मात्रा उच्च हुने उनले बताएकी छिन्।

### फ्रेयल्टी सिन्ड्रोम के हो ?

एज युकेका अनुसार मांसपेशीको सामर्थ्य घट्ने, थकान बढ्नेलगायत समस्यालाई सामान्यतया फ्रेयल्टी भनिन्छ। मानिसको मानसिक तथा शारीरिक जोस-जाँगर वा रोग तथा चोटसँग जुधेर फेरि पहिलेकै अवस्थामा फर्कन सक्ने उनीहरूको सामर्थ्यलाई यसले असर गरिरहेको हुन्छ। फ्रेयल भएपछि युरिनरी ट्र्याक इन्फेक्सनलगायत सामान्य स्वास्थ्य समस्याहरू देखिन्छन्। तर, मानिसको स्वास्थ्यमा यसको लामो असर रहन सक्छ। ६५ वर्ष पार गरेका झन्डै १० प्रतिशत मानिस यस्तो समस्या झेलेर बाँचिरहेका हुन्छन्। ८५ वर्षमाथिका २५ देखि ५० प्रतिशतसम्म मानिसमा यस्तो समस्या हुन सक्ने अनुसन्धानकर्ताहरू बताउँछन्।


**Annapurna Rural Municipality**
**Office of Rural Municipal Executive**
**Machhapokhari, Kaski**

## Invitation for Electronic Bids

**Date of first Publication : May 26, 2023 (2080/02/12)**

1. Annapurna Rural Municipality, Office of Rural Municipal Executive invites Electronic Bids From eligible bidders for following projects.

| Name of Project &Contract ID. | Price Of Bid Document | Estimated Amount Including VAT &PS(Nrs.) | Last Date, Time of bid Submission and Opening | Bid Security Amount & Bid Security Validity Period | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) | Remarks |
|---|---|---|---|---|---|---|
| **Construction of Kande Bhaudhare Salyan sadak Annapurna 3,4** & Contract ID: ARM/W/SQ/ R/2079/80-02 | NRs. 1000 | **1,999,287.83** | 2023-06-11 at or before 12:00 hrs and 13:00 hrs Respectively | NRs.50,000 & 75 days | Bank :Nic Asia Bank Ltd Naundada Account No: 1812050028919002 Account name: Annapurna Rural Municipality, & Bid security A/c number I-1-CA-051-227-85-2405 | |

2. Eligible Bidders may obtain further information from the (website: https://annapurnamunkaski.gov.np/) Annapurna Rural Municipality, Office of Rural Municipal Executive , Machhapokhari Kaski or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Annapurna Rural Municipality, Office of Rural Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned Date & time.

**Chief Administrative Officer**

# उच्च शिक्षामा आसन्न संकट

## उच्च शिक्षामा अहिले देखिन सुरु भएको संकटलाई सम्बोधन गर्न निकायगत वा विधागत योजना होइन, एकीकृत योजना चाहिन्छ



● डा. हरिप्रसाद लम्साल

अग्रलेख

विद्यालय शिक्षा सरकारको प्रत्यक्ष नियन्त्रणमा रहेको मानिन्छ । यो कमजोर भएमा मुख्य जिम्मवारी सरकारको हुन्छ । विद्यालय शिक्षाकै ढाँचामा जस्तो उच्च शिक्षा भने सरकारको नियन्त्रणमा रहँदैन । यसो भनेर उच्च शिक्षालाई सरकारले पूरै स्वायत्तता दिएको हुन्छ भन्नेचाहिँ होइन । यसलाई सरकारले नीति तथा कानुन तर्जुमा गरेर वा सर्तसहित अनुदान प्रदान गरेर अप्रत्यक्ष ढंगबाट नियन्त्रण गर्न सक्छ । त्यही भएर उच्च शिक्षालाई सरकारले टाढाबाट अर्थात् 'स्टेरिङ फ्रम डिस्टेन्स'को अवधारणाबमोजिम नियन्त्रण गरेको हुन्छ ।

यतिवेला मुलुकको उच्च शिक्षाको अवस्था कमजोर छ । यसका पछाडि थुप्रै कारण हुन सक्छन् । एकले अर्कालाई देखाएर उम्कने प्रवृत्ति विगतदेखि नै यथावत् छ । उच्च शिक्षा कमजोर बन्दा मुख्य जिम्मेवारी कसले लिनुपर्ने हो ? सरकार त यसबाट भाग्न नमिल्ला, तर सञ्चालनमा स्वायत्त रहेका संस्थामा तिनका पदाधिकारीले जिम्मेवारी नलिए पनि हुने हो ?

०१६ मा स्थापित त्रिभुवन विश्वविद्यालय लगभग २७ वर्षसम्म मुलुकको उच्च शिक्षामा एकल खेलाडी रह्यो । ०४३ मा नेपाल संस्कृत साविकको महेन्द्र संस्कृत विश्वविद्यालय र पछि अन्य विश्वविद्यालय खुल्न थालेपछि मात्र नेपालमा बहुविश्वविद्यालयको अवधारणाले मूर्तरूप पायो । मुलुकमा हाल ११ विश्वविद्यालय र ६ प्रतिष्ठान कानुनबमोजिम सञ्चालित छन् भने दुई विश्वविद्यालयका कानुन जारी भइसकेका छन् । केही विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका क्रममा छन् ।

०६० को आसपास विदेशी विश्वविद्यालयका कार्यक्रम मुलुकभित्र सञ्चालन गर्न पाउने नीतिगत व्यवस्था गरियो । यसैगरी स्वास्थ्य शिक्षाका क्षेत्रमा प्रतिष्ठान खुल्न थाले । साथै नेपाली विद्यार्थी विदेश अध्ययन गर्न जाने अवसरमा पनि व्यापकता आयो । मुलुकभित्र विश्वविद्यालयको संख्या बढ्नु, बाहिरका शैक्षिक कार्यक्रम नेपालमै सञ्चालन हुनु, विद्यार्थी विदेशमा अध्ययन गर्न जान पाउनुजस्ता कार्य उच्च शिक्षाका लागि अवसर हुँदाहुँदै पनि यसबाट थुप्रै समस्या तथा चुनौती सिर्जना भए ।

नेपालको उच्च शिक्षाका सन्दर्भमा अब नयाँ विश्वविद्यालय आवश्यक पर्दैनन् भन्ने आवाज एकातिर छ भने अर्कातिर पुरानाले काम नगरेकाले नयाँ चाहिन्छ भन्ने पनि छ । मुलुकमा नयाँ कति विश्वविद्यालय चाहिन्छन् ? यसका लागि खासै वस्तुगत आधार तयार भइसकेको छैन । पछि स्थापित विश्वविद्यालयले पनि पुरानाको भन्दा फरक कार्यसम्पादन देखाउन सकेका छैनन् । पुराना सुधार गर्न पनि नसकिने र नयाँले पनि खासै फरक नतिजा देखाउन नसक्दा कतै नेपालको उच्च शिक्षा भुमरीमा परेको त छैन ? आशंका गर्नका लागि पर्याप्त आधार देखिएका छन् ।


नेपालको उच्च शिक्षामा देखिएका समस्या तथा चुनौती आजका होइनन् । सुरुवातदेखि नै सुषुप्त रूपमा रहेका समस्या तथा चुनौती ०५० को दशकदेखि थप विस्तारित भए । मापदण्ड नपुगे पनि संस्था खोल्न दिने, क्षमता नभए पनि सम्बन्धन दिने र बेथितिमा आँखा चिम्लेर बस्ने प्रवृत्ति आजको होइन । भएका कानुन पालनाको अभावमा बेथिति गरे पनि केही हुँदैन भन्ने मानसिकतासँगै समस्या तथा चुनौती बढ्न थालेको हो । तैपनि, यिनलाई सार्थक ढंगबाट निरुपण गर्नेतर्फ लागिएन ।

कोभिड १९ ले सिर्जना गरेका असरको प्रभाव अब उच्च शिक्षामा देखिन थालेको छ । अहिले आएर वर्षमा लगभग एक लाखका दरले विद्यार्थी विदेशमा अध्ययन गर्न जान लागेको समाचारले सबैलाई भस्काएको छ । योभन्दा कहालीलाग्दो अवस्था त आन्तरिक बसाइसराइका कारण सिर्जना भएको छ, जसलाई यतिवेला खासै महत्त्व दिइएको छैन । यही बसाइँसराइका कारण एकातिर भएका भौतिक र शैक्षिक पूर्वाधारको समुचित प्रयोग हुन सकेको छैन भने अर्कातिर नयाँ पूर्वाधार बनाउनुपर्ने दबाब सिर्जना भएको छ ।

विश्वविद्यालयमा शैक्षिक क्यालेन्डर नहुनु, पठनपाठन नियमित नहुनु, लागत प्रभावकारी हुन नसक्नु, गुणस्तर समयानुकूल हुन नसक्नु जस्ता कारणभन्दा पनि 'नो अब्जेक्सन लेटर' लिनेको संख्यामा बढोत्तरीलाई नै मुख्य समस्या मानिएकोजस्तो देखिन्छ । यसैलाई मात्र बढाइचढाइ गरिएको छ । विद्यार्थी संख्या घट्नुमा विविध कारण हुन सक्छन् । तीमध्ये एउटा कारण विदेश जानेको संख्या बढेर पनि हुन सक्छ ।

अहिलेसम्मको अवस्था अध्ययन तथा विश्लेषण गर्दा मुलुकको उच्च शिक्षामा संकट आइसकेको त छैन । तर, अवस्था यही रह्यो भने संकट छिट्टै आउने पर्याप्त आधार देखिँदै छन् । संकट ल्याउने कारण भर्नादर घट्नु मात्र होइन । ढोकावरपर रहेको संकटलाई भित्र आउन दिने या नदिने, अबका दिनमा हामीले निर्वाह गर्ने भूमिकामा निर्भर रहने निश्चित छ ।

सम्बद्ध पक्षको कार्यशैलीमा सुधार नगर्ने हो भने उच्च शिक्षा संकटको ढिलमा पुगेको छ । उच्च शिक्षाको गिर्दो हैसियतले सम्बन्धन प्राप्त कलेज र तिनका सञ्चालकलाई मात्र असर गर्ने होइन, यसले त अन्तर्राष्ट्रिय जगत्मा समेत मुलुकको छवि धुमिल हुन पुग्छ । मुलुकको अर्थतन्त्रमा नकारात्मक असर पर्न सक्छ । आन्तरिक बसाइँसराइका कारण गाउँ रित्तिने क्रम नरोकिए भएका आंगिक क्याम्पस पनि विद्यार्थी अभावमा सञ्चालन हुन कठिन हुन सक्छ ।




उच्च शिक्षामा विद्यार्थी किन घटे त ? उच्च शिक्षामा विद्यार्थी आउने स्रोत माध्यमिक तह हो । फेरि माध्यमिक तह आधारभूत तहमा निर्भर रहन्छ । उच्च शिक्षामा विदेशबाट विद्यार्थी आउने सम्भावनाको धरातल पनि कमजोर छ । नेपालको उच्च शिक्षामा विद्यार्थी संख्या बढाउन जनसंख्याको बनोट हेरेर विद्यालय तहदेखि नै सुधार सुरु गर्नुपर्छ ।

> सम्बद्ध पक्षको कार्यशैलीमा सुधार नगर्ने हो भने उच्च शिक्षा संकटको ढिलमा पुगेको छ । यसको गिर्दो हैसियतले सम्बन्धन प्राप्त कलेज र तिनका सञ्चालकलाई मात्र असर गर्ने होइन, अन्तर्राष्ट्रिय जगत्मा समेत मुलुकको छवि धुमिल हुन पुग्छ ।

नेपालको जनगणना २०७८ का तथ्यांक केलाउने हो भने पाँच वर्ष उमेर समूहको जनसंख्या लगभग पाँच लाख हाराहारीमा छ । यदि यी सबैलाई हरेक वर्ष माथिल्लो कक्षामा लैजान सके कक्षा १० सम्म पुग्ने संख्या वार्षिक रूपमा त्यही पाँच लाख नै हो । कक्षा १० पछि त्यहाँबाट उत्पादित जनशक्ति रोजगार वा स्वरोजगार बजारमा प्रवेश गर्ने बाटो भएकाले केही विद्यार्थी कक्षा ११ मा भर्ना नभई बजारमा प्रवेश गर्न सक्छन् । एकछिनलाई मानौं कक्षा १० पुगेका पाँच लाखमध्ये १० प्रतिशत मात्र विद्यार्थी कक्षा ११ मा भर्ना हुनुपूर्व बजार प्रवेश गर्छन् । बाँकी सबै भर्ना हुँदा कक्षा ११ मा पुग्नेको संख्या चार लाख ५० हजारजति हुन्छ । यी सबै कक्षा १२ मा पुगे भने यीमध्ये अर्को १० प्रतिशतले कक्षा १२ पूरा गर्न सकेनन् भनेर मानौं । यसपश्चात् हरेक वर्ष कक्षा १२ पूरा गर्ने विद्यार्थीको संख्या लगभग चार लाख मात्र हुन सक्छ । यस्तो नतिजा अत्यन्त आदर्श अवस्थामा मात्र हासिल हुन सक्छ ।

माथिको तथ्यांकअनुसार हरेक वर्ष कक्षा १२ पूरा गर्ने विद्यार्थीको संख्या लगभग चार लाख हुन्छ । यी विद्यार्थीसामु चार विकल्प हुन्छन् । पहिलो, नेपालको उच्च शिक्षामा भर्ना हुने, दोस्रो उच्च शिक्षा अध्ययनका लागि विदेश जाने, तेस्रो नेपालमै सञ्चालित विदेशी शैक्षिक कार्यक्रममा भर्ना हुने र चौथो बजारमा प्रवेश गरी रोजगार, स्वरोजगार वा बेरोजगार रहने । यी चार लाख विद्यार्थीले माथिका चार विकल्पमध्ये कुन कुन रोज्लान् ? रोज्ने कार्यमा अवरोध वा सहजीकरणमा केही मात्रामा हाम्रा शैक्षिक प्रणालीका आन्तरिक कारणले भूमिका खेले पनि केही मुलुकको समग्र अवस्थामा निर्भर रहने निश्चित छ ।

विद्यार्थी विदेश गए भनेर मात्र पुग्दैन । विदेश नजाँदा पनि संसारका विश्वविद्यालयले सञ्चालन गरेका अनलाइन कोर्समा भर्ना भई अध्ययन गर्न पनि सक्लान् भन्नेबारे पनि सोच्नुपर्छ । कोभिड १९ पछि संसारका धेरै विश्वविद्यालयले अनलाइन अफलाइन दुवै ढाँचालाई अवलम्बन गरे । तर, हामीकहाँ अवस्था के छ ? भनिरहनु नपर्ला । उनीहरूले पार्टटाइम कोर्स अफर गरिरहेका छन्, तर हामीले भने भएको प्राइभेट परीक्षा पनि हटायौं । के हामीकहाँ सुधार सम्भव छैन त ?

सम्भव छ । तर, यसका लागि कार्यशैली बदल्नुपर्छ । नेतृत्वमा आँट र हिम्मत चाहिन्छ । सुधार योजना बनाई कार्यान्वयन गर्ने प्रतिबद्धता चाहिन्छ । विद्यार्थी कम भएका क्याम्पस 'मर्ज' गर्न आँट चाहिन्छ । खालि काम गर्न दिएनन् भनेर मात्र हुँदैन । वस्तुगत मापदण्डमा बसेर मर्ज गर्न सकिन्छ । शैक्षिक संस्था मर्ज भएर अर्को स्थानमा जान नसक्ने विद्यार्थीका लागि अनलाइन वा प्राइभेट परीक्षा प्रणाली सुरु गर्न सकिन्छ । शैक्षिक क्यालेन्डर बनाएर तत्काल कार्यान्वयन गर्न अहिलेकै कानुन पर्याप्त छ । कक्षामा पठनपाठन नियमित गर्न अहिलेको जनशक्तिलाई परिचालित गरे मात्र पुग्छ । सम्भव भएका विधा र कार्यक्रममा अनलाइन कक्षा सञ्चालन गरेर स्वदेशका मात्र नभई विदेशका विद्यार्थीलाई पनि जोड्न सकिन्छ ।

उच्च शिक्षा योग्य र सक्षम नागरिकका लागि भएको हुनाले दीर्घकालका लागि जनसांख्यिकीय बनावटको विश्लेषण नगरी कसैलाई लागेकै भरमा उच्च शिक्षामा संख्या र कार्यक्रम थप गर्न दिनै हुँदैन । माथिका चारवटा विकल्पमध्ये स्वदेशमै केकति विद्यार्थी कुन विधामा अध्ययन गराउने भन्नेमा प्रस्ट हुनुपर्छ । साथै, विदेश जानेको ट्रेन्डको पनि अनुमान गर्नेपर्छ ।

उच्च शिक्षामा अहिले देखिन सुरु भएको संकटलाई सम्बोधन गर्न निकायगत वा विधागत योजना होइन, एकीकृत योजना चाहिन्छ । कुनै विश्वविद्यालयले स्वायत्तताका नाममा आंगिक कलेज खोल्ने र अर्को विश्वविद्यालयले पनि कानुनी स्वायत्तताका नाममा सोही ठाउँमा उस्तै कार्यक्रम सञ्चालन गर्दा दुवै कार्य कानुनमा वैध होलान् । तर, औचित्यपूर्ण, सान्दर्भिक र न्यायपूर्ण हुन सक्दैनन् । सन्तुलित विकासका दृष्टिले पनि विधागत विषय एकै स्थानमा होइन, अर्को सम्भाव्य स्थानमा सञ्चालन गर्नुपर्छ । नयाँ कानुनले उच्च शिक्षा 'गर्भन' गर्छ वा गर्नुपर्छ भनेको पनि वर्षौं भइसक्यो । नयाँ कानुन आवश्यक पनि छ र एक दिन बन्ला पनि । तर, अहिले विश्वविद्यालय अनुदान आयोगले मापदण्ड निर्धारण गरी त्यसलाई नेपाल सरकारवाट स्वीकृत गराई माथि भनिएका कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ । मापदण्ड बनाएर नयाँ संस्था खोल्ने, समायोजन गर्ने, शैक्षिक कार्यक्रममा विविधता ल्याउनेजस्ता कार्यलाई नितान्त प्राज्ञिक र प्राविधिक प्रतिवेदनका आधारमा निर्णय गर्ने पद्धति आयोगले बनाउन सक्छ ।

उच्च शिक्षामा धेरै समस्या छन् । तिनको समाधान सम्भव छ । तर, यसका लागि नेतृत्व विवेकशील बन्नैपर्छ । सुधारमा प्रतिबद्ध भने बन्नैपर्छ । काम गर्न नदिए खुला जानकारी दिएर बाहिर निस्किन खोज्दा साख अझ बढ्ने निश्चित छ । सबै समस्या एकैपटक समाधान गर्न सकिन्न । तर, सुधारका काम सुरु नगरी समस्या समाधानतर्फ उन्मुख भइँदैन । मूल समस्यालाई क्रमशः सम्बोधन गर्दै जाँदा उच्च शिक्षामा सुधारका साथमा आमनागरिकको विश्वास आर्जन गर्न सकिन्छ ।

*(डा. लम्साल शिक्षा मन्त्रालयका सहसचिव हुन्)*

---

## ३ प्रश्न

त्रिवि नेपाल भाषा केन्द्रीय विभाग पाटनका उपप्राध्यापक डा. **वज्रमुनि वज्राचार्य**लाई



**■ सिथी नख पर्व भनेको के हो ?**

सिथी शब्द षष्ठीको अपभ्रंश भई बनेको हो । जेष्ठ शुक्ल षष्ठी तिथिका दिन मनाइने पर्व भएकाले यसलाई सिथी नख भनिएको हो । यो लिच्छवी कालदेखिकै परम्परा हो । यस दिन उपत्यकाभित्रका नेवार समुदायका घरघरमा ६ किसिमका बारा (वः) पकाइन्छ । बिहे भइसकेका छोरीचेलीलाई बोलाएर यो बारा खुवाइन्छ । बारा खाएपछि खेतीको समयमा माइत आएर कृषिकर्ममा सघाउने छोरीचेलीलाई किराहरूले टोके पनि त्यसको असर पर्दैन भन्ने विश्वास छ । यस दिन मूल ढोकाअगाडि घरको रक्षकका रूपमा कुमार (पिखा लखु) को पूजा गरिन्छ । यस दिनदेखि धर्मशास्त्रअनुसार वर्षा सुरु हुने विश्वास गरिन्छ । यसै दिनदेखि रोपाइँको काम पनि सुरु हुने चलन छ ।

**■ यस पर्वमा के के गर्ने चलन छ ?**

खासगरी यस दिन काठमाडौं उपत्यकाभित्र रहेका पानीको भण्डारण हुने इनार, पोखरी, ढुंगेधारा आदिको सरसफाइ गरिन्छ । सफा गरिसकेपछि समयबजी खाने चलन छ । सफा गरिएको इनार या पोखरीअगाडि त्रिखुट्टीमाथि हावाले चल्ने कागजको पंखा राखिन्छ । यसले पोखरी या इनारको सरसफाइ गरिसकिएको र त्यसलाई पाँच दिनसम्म चलाउन नहुने संकेत गर्छ । यस क्रममा पानीको प्रतीकका रूपमा नागदेवताको पूजा गरिन्छ ।

**■ नयाँ पुस्तामा यस्ता पर्वको प्रभाव कस्तो परेको पाइन्छ ?**

अहिले इनार, पोखरी आदिको प्रयोग कम हुँदै गएको छ । तर, यस्ता इनार, पोखरी सफा गर्न कतिपय स्थानमा गुठीकै व्यवस्था पनि भएको हुनाले नयाँ पुस्तामा पनि यो परम्पराप्रति मायामोह देखिन्छ । गुठी रहुन्जेल यो परम्परा पनि कायम रहन्छ ।

---

प्रेरक प्रसंग

## भगवान्लाई मिठा फल

स्वामी रामकृष्ण परमहंसले दक्षिणेश्वरमा पुजारीको जिम्मेवारी पाए । उनको तलब थियो, महिनाको २० रुपैयाँ । यति रकम तत्कालीन समयमा उनको गुजाराका लागि पर्याप्त थियो । उनी आफ्नो जिम्मेवारीमा तन्मयतापूर्वक खटिए ।

रामकृष्णले जिम्मेवारी सम्हालेको १५ दिनपछि उनलाई मन्दिर व्यवस्थापन समितिसमक्ष उपस्थित हुन पत्र काटियो । पत्र पाएपछि उनी समितिसमक्ष उपस्थित भए । तर, उनलाई त्यहाँ किन बोलाइएको थियो, त्यसबारे भने उनी अनभिज्ञ थिए । समितिका पदाधिकारीले उनीसित प्रश्न गरे- पण्डितजी, तपाईंविरुद्ध धेरै भक्तजनले उजुरी दिएका छन् । यसबारे हामी तपाईंबाट केही जान्न चाहन्छौं । तपाईं हरेक फल पहिले आफूले चाखेर मात्र र फूल सुँघेर मात्र भगवान्लाई अर्पित गर्नुहुन्छ रे ! के कुनै मन्दिरमा पुजारीले भगवान्लाई जुठो प्रसाद र फूल चढाउँछन् हो ? दक्षिणेश्वरमा तपाईंले यसैगरी पूजा गर्दै हुनुहुन्छ ?



समितिका अधिकारीको प्रश्न सुनेपछि रामकृष्ण केही गम्भीर भए र उत्तर दिए- कुनै पनि फूल पहिले आफूले नसुँघी त म कसरी भगवान्लाई चढाउन सक्छु ? कुनै फूलमा सुगन्ध रहेनछ भने भगवान्लाई सास्ती हुँदैन ? अझ झनै दुर्गन्ध नै रहेछ भने त भगवान्को हालत कस्तो होला ? रह्यो फलफूल चाखेर चढाउने गरेको आरोप । यसमा पनि मेरो भनाइ त्यही हो । मेरी आमाले भान्छामा केही पकाउँदा मिठो भयो कि भएन भनेर आफूले चाखेर मात्र मलाई खान दिनुहुन्थ्यो । अनि, भगवान्का लागि कुनै फलफूल या प्रसाद चढाउँदा त्यो मिठो छ कि छैन, भगवान्का लागि योग्य छ कि छैन भनेर पहिला आफैंले चाख्नुपरेन त ? नचाखी त त्यसको स्वाद कसरी थाहा पाउनु र भगवान्लाई अर्पण गर्नु त ?

पुजारी रामकृष्णको यस्तो आत्मविश्वासयुक्त जवाफ सुनेपछि समितिका पदाधिकारी निरुत्तर बने ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## बुद्ध र सगरमाथा लजाउने काम

हामी नेपालीका लागि गर्व गर्नलायक मुख्यतः दुइटा विषय छन्- सगरमाथा र गौतम बुद्ध । दुवैलाई हामी हरेक भाषण, लेखमा र कुराकानीमा समेट्छौं । सगरमाथा र गौतम बुद्ध भने स्वेच्छाले नेपालमा पर्न आएका होइनन् । यो संयोग मात्र हो । तर सोचौं, अहिले यदि सगरमाथा र गौतम बुद्धलाई तिमीहरू कुन देशमा पर्न चाहन्छौ भनेर सोध्दा के उनीहरूले नेपाल नै रोज्लान् त ? मलाई त त्यस्तो लाग्दैन । यसरी आफ्नै नागरिकलाई अनागरिक बनाएर बेच्ने, जहाँ र जेमा पनि भ्रष्टाचार, बिरामीले उपचार नपाउने, विद्यार्थीले शिक्षा नपाउने र न्याय मरेको देश कदापि पवित्र बुद्ध र सगरमाथाको रोजाइको देश हुन सक्दैन । यो उनीहरूलाई अन्याय नै भयो, सगरमाथा र बुद्धलाई न्याय दिऔं । के अब यी दुइकै कुरा मात्र गरिराख्ने कि संसारलाई गर्व गर्नलायक नयाँ-नयाँ काम पनि गर्ने ? त्यसबारे सोचौं ।

● **दीपेन्द्र तामाङ**, बौद्ध, काठमाडौं
dipendratamanghappyfine@gmail.com

## उपचारमा सहयोग गर

'१३ वर्षीय बालकको दर्दनाक दैनिकी, उपचार अभावमा चार वर्षदेखि घरभित्रै दाम्लोमा' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । नेताहरूका लागि लाखौं खर्च गर्न तयार हुने हाम्रो राज्यले यस्ता विपन्नको उपचारका लागि चाहिँ सहयोग गर्न सक्दैन ? के राज्य भनेको हुनेखाने र धनीमानीका लागि मात्र हो ? के राज्यले गरिब जनताका लागि चाहिँ आफ्नो थैलीको मुख खोल्न सक्दैन हो ?

● **भूमिका पाखिन**
सल्लाघारी, भक्तपुर

## बुढामगरलाई सलाम

पूर्वगोर्खा सैनिक हरिबहादुर बुढामगरले अफगानिस्थानमा रहँदा तालिबानको एम्बुसमा परी दुवै गोडा गुमाएका थिए । उनले कृत्रिम खुट्टा राखी सर्वोच्च शिखर सगरमाथा आरोहणमा सफलता प्राप्त गरेको हुँदा विश्वलाई नै उनी प्रेरणाको स्रोत बनेका छन् । यस सफलतामा बुढामगरलाई हामी सबै नेपालीका तर्फबाट उनलाई सलाम छ । उनको यो सफलता हामी सबैका लागि प्रेरणाको स्रोत बन्न सकोस्, शुभकामना छ ।

● **बलराम थापा**
क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## धामीझाँक्रीलाई प्रतिबन्ध लगाऊ

धामीझाँक्रीको अन्धविश्वासमा पर्दा बर्सेनि सयौं नेपालीले अनाहकमा आफ्नो सम्पत्ति मात्र होइन, ज्यानसमेत गुमाउनुपरेका समाचार आई नै रहेका छन् । यस्ता विकृति, विसंगति र अन्धविश्वासलाई दुलुटुलु हेरी बस्ने कि जनताको जनधन र जीवनरक्षाका लागि सरकारले अग्रसरता पनि लिने ? धामीझाँक्रीमाथिको अन्धविश्वासले सीमा नाघेको छ । अब त अति भइसक्यो । यसर्थ, जनताको जनधनको सुरक्षाका खातिर सरकारले तुरुन्त धामीझाँक्रीमाथि प्रतिबन्ध लगाओस् ।

संघीय राजधानी काठमाडौंको गोकर्णेश्वर नगरपालिकाभित्र एकै ठाउँमा सयौं झारफुक केन्द्र छन् । यहाँका प्रत्येक २० घर वा २० पसलमध्ये एउटामा झारफुक केन्द्र वा धामीझाँक्रीको पसल भेटिन्छ । ती पसलमा प्रायः बिहानैदेखि घन्टी र ढ्यांग्रो बज्ने गर्छन् । झारफुक गर्ने धामीझाँक्री सबै जात र धर्मका देखिन्छन् । झारफुकमा जात र धर्मको भेद देखिँदैन । यसै क्षेत्रमा सयौं झारफुक केन्द्र या पसल किन खुले ? यसको रहस्य वा कारण के होला ? किन जोरपाटी झारफुकको केन्द्र बन्न पुग्यो ? यस विषयमा अध्ययन नै गर्न सकिन्छ ।

यहाँ उपचार गराउन कहाँ-कहाँबाट मानिस आउँछन् ? तिनीहरू निको भएर गएका छन् कि अन्धविश्वासको चपेटामा परी थप रोगी हुन पुगेका छन् ? यी विभिन्न विषय र प्रश्नमा आधारित भएर अनुसन्धान गर्न सकियो भने भविष्यमा धामीझाँक्रीका कारण ज्यान जाने र ठगिने घटनामा कमी आउन सक्छ ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

---

# मध्य एसियामा चीनको बलियो उपस्थितिको अर्थ

## चीन र मध्य एसियाली मुलुकबीचको व्यापार र लगानीले रुसको स्वार्थलाई हानि पुऱ्याउनुको साटो सबैको साझा हितको बढोत्तरी हुन्छ



देश / विदेश

● यावेन सु


चीनको ऐतिहासिक सहर सियानमा मे १८ र १९ मा चीन-मध्य एसिया शिखर सम्मेलन सम्पन्न भयो । चिनियाँ राष्ट्रपति सी जिनपिङको अध्यक्षतामा आयोजित सम्मेलनमा कजाकिस्तान, किर्गिजस्तान, ताजकिस्तान, तुर्कमेनिस्तान र उज्बेकिस्तानका नेताहरूको सहभागिता थियो । तीन दशकअघि कूटनीतिक सम्बन्ध स्थापना भएयता चीन र मध्य एसियाका पाँच राष्ट्रबीच पहिलोपटक शिखर सम्मेलन भएको हो । त्यसैले, यसले विश्वकै ध्यान खिचेको छ । सम्मेलनमा चीन-मध्य एसिया सम्बन्धलाई नयाँ युगअनुरूप अघि बढाउने र यस क्षेत्रको स्थिरता र विकासको सम्भावनालाई बढावा दिने प्रतिबद्धता जनाइयो । केही सञ्चार माध्यमले भने सम्मेलनलाई मध्य एसियामा चीन-रुस प्रतिस्पर्धा बढेको संकेत गरे । तिनले मध्य एसियामा चीन र रुसबीच संघर्ष सुरु भएको र यसले दुई देशको सम्बन्धलाई असर गर्ने भाष्य निर्माण गर्ने प्रयास गरे ।

अफगानिस्तानबाट अमेरिकी सेनाको लज्जास्पद फिर्ती, जारी रुस-युक्रेन संकट र मध्य एसियाली मुलुकमा पश्चिमा शक्तिको कमजोर उपस्थितिबीच चीन यस भेगको एक महत्त्वपूर्ण खेलाडीका रूपमा उदाएकामा विवाद छैन । तर, मध्य एसियामा चीनको बढ्दो उपस्थिति रुस वा अरू कुनै पनि शक्तिको हित प्रतिकूल छ त ? बिलकुल छैन । यस्तो दाबीले मध्य एसियाली देशको कूटनीतिक क्षमतालाई खारेज मात्र गर्दैन, मध्य एसियाली देश र रुसप्रति चीनको विदेश नीतिबारे राम्रो बुझाइको अभाव पनि झल्काउँछ । त्यसबाहेक, यसमा चीन, मध्य एसियाली देश र रुसबीचको सौहार्दपूर्ण सम्बन्धमा तनाव सिर्जना गर्ने प्रयास पनि देखिन्छ ।

पाँच मध्य एसियाली देश स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हुन्, जोसँग ठोस लाभ दिन सक्ने कुनै पनि पक्षसँग सम्बन्ध राख्ने र सहकार्यात्मक सम्झौता गर्न पाउने सार्वभौम अधिकार छ । चीन र पाँच मध्य एसियाली देशले एकअर्कालाई स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई समर्थन गर्ने प्रतिबद्धता जनाएका छन् । यसैअनुरूप चीनले आफूसँग सिमाना जोडिएका तीन मध्य एसियाली देशसँग इतिहासदेखिको सीमा समस्या शान्तिपूर्ण वार्ताबाट समाधान गरेको छ । फलस्वरूप, तीन हजार तीन सय किलोमिटर लामो साझा सिमानालाई मैत्रीपूर्ण र सहयोगात्मक सीमामा परिणत गरेको छ ।

पछिल्लो समय चीन र मध्य एसियाली देशबीचको व्यापार र लगानीमा निरन्तरको तीव्र वृद्धि देखिएको छ । यसले सबै संलग्न राष्ट्रको आर्थिक र सामाजिक विकासमा सकारात्मक योगदान पुऱ्याएको छ । कूटनीतिक सम्बन्ध स्थापना भएको वर्ष अर्थात् सन् १९९२ मा चीन र पाँच मुलुकबीच ४६ करोड डलरको व्यापार भएको थियो भने सन् २०२२ मा यो हालसम्मकै उच्च ७०.२ अर्ब डलर पुगेको थियो । त्यस्तै, सन् २०२२ को अन्त्यसम्ममा मध्य एसियामा चीनको प्रत्यक्ष लगानी १५ अर्ब डलर नाघ्यो । यी तथ्यांकअनुसार, चीन पाँचै मध्य एसियाली देशको सबैभन्दा ठूलो व्यापारिक तथा लगानी साझेदार हो । साथै, सबै पक्षले तिनको राष्ट्रिय विकास रणनीतिमा 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)' लाई जोड्न सक्रियतासाथ काम गरिरहेका छन् । चीन र मध्य एसियाली देशले 'तीन दुष्ट शक्ति'(हिंसात्मक आतंकवाद, जातीय पृथक्तावाद र धार्मिक अतिवाद) विरुद्धको संघर्षमा प्रभावकारी रूपमा सहकार्य गरेका छन् ।

चीन-मध्य एसियाली मुलुकबीचको सहयोग रुसको स्वार्थलाई हानि पुऱ्याउने गरी भएको छैन । बरु, यस क्षेत्रमा चीनको उपस्थितिले रुसलगायत सबै पक्षको आपसी लाभ र साझा हितमा बढोत्तरी भएको छ ।



आर्थिक रूपमा सन् २०२२ मा चीन र रुसबीचको व्यापार १९० अर्ब डलर नाघेको थियो, जुन अघिल्लो दशकको तुलनामा ११६ प्रतिशतले वृद्धि हो । पश्चिमी प्रतिबन्ध र दबाबको सामना गरिरहेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मार्चमा चिनियाँ समकक्षी सीसँगको भेटमा मस्को र बेइजिङबीचको व्यापार र आर्थिक सहयोग रुसको प्राथमिकतामा रहेको बताएका थिए । सुरक्षाका मामिलामा मध्य एसियाली क्षेत्रमा चीन र रुस दुवैको साझा चासो छ । भौगोलिक हिसाबले मध्य एसियाका पाँचमध्ये तीन देश कजाकिस्तान, किर्गिजस्तान र ताजिकिस्तानसँग चीनको सीमा जोडिएको छ । रुसले दक्षिणतर्फ रहेका यी क्षेत्रलाई आफ्नो परम्परागत 'प्रभाव क्षेत्र' र रणनीतिक 'संक्रमण क्षेत्र' मान्ने गरेको छ । यस्तो संवेदनशील क्षेत्र सुरक्षित र स्थिर राख्नु चीन र रुसको राष्ट्रिय स्वार्थसँग मेल खान्छ ।

जारी युक्रेन संकटको परिप्रेक्ष्यमा, पश्चिमी शक्तिले रुसलाई कमजोर बनाउने र घेर्ने कडीका रूपमा मध्य एसियालाई प्रयोग गर्ने प्रयास गरे । यद्यपि रुसको बलियो प्रभावका कारण त्यो सफल हुने सम्भावना न्यून छ । एक त मध्य एसियाली देशले युक्रेन युद्धमा तटस्थ अडान लिएका छन् । त्यसमाथि मध्य एसियाली राष्ट्रहरू श्रम आप्रवासन, बजार पहुँच, यातायात र ऊर्जा स्रोतका लागि रुसमा अत्यधिक निर्भर छन्, जसले गर्दा तिनले रुसलाई चिढ्याउने गरी पश्चिमी शक्तिको स्वार्थलाई सघाउनेछैनन् । अर्कातर्फ रुसी नेतृत्वको युरेसियन इकोनोमिक युनियन -इएइयू)ले मध्य एसियाली मुलुक र रुसबीचको क्षेत्रीय आर्थिक एकीकरणमा उलेख्य सघाउ पुऱ्याएको छ । रुस-युक्रेन संकटमा चीनको मूल अडान पनि शान्तिको पक्षमा छ ।

यी सबै पक्षलाई मध्यनजर गर्दा, चीन, मध्य एसिया र रुसबीचको सम्बन्ध आपसी सहयोग, पारस्परिक लाभ र एकअर्काको हितप्रतिको सम्मानले निर्देशित छन् । सबैले साझा लक्ष्य हासिल गर्न र क्षेत्रीय शान्ति, स्थिरता र समृद्धिमा योगदान गर्न मिलेर काम गरिरहेकाले यहाँ 'जिरो-सम (एकले जित्न अर्कोले हार्नैपर्ने)' भनिने पश्चिमी मानसिकता संलग्न छैन ।

*(बेइजिङमा रहेको सिजिटिएनका लागि काम गर्ने पत्रकार तथा टिप्पणीकार सु चिनियाँ विदेश नीति, चीन-अमेरिका सम्बन्ध, प्रविधि र अर्थतन्त्र विषयमा कलम चलाउँछिन्)*

*रसियन टुडे (आटी) बाट*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# इलोन मस्कको स्टारलिंकसँग त्रसित चीन

अमेरिकाले स्टारलिंकमार्फत पृथ्वीको तल्लो कक्षको अन्तरिक्ष क्षेत्र ओगट्दै गएकोमा चीन त्रसित छ। ऊ पनि स्टारलिंकजस्तै आफ्नै उपग्रह समूह निर्माण गर्न चाहन्छ।

चीनको जनमुक्ति सेना (पिएलए)ले स्टारलिंकबाट सावधान रहन सतर्क गराएको छ। कुनै तार वा सार्वजनिक संरचनाविनै उच्च-ब्यान्डविथयुक्त इन्टरनेट सेवा प्रदान गर्ने यी सेटलाइट (भूउपग्रह)को विशाल समूह (मेगा-कन्स्टिलेसन) अमेरिकी निजी कम्पनी स्पेस-एक्सबाट सञ्चालित छ। स्पेस-एक्स अमेरिकी अर्बपति इलोन मक्सको निजी अन्तरिक्ष कम्पनी हो, जसले भविष्यमा मंगलग्रहमा मान्छे पुऱ्याउने लक्ष्य लिएको छ। तर, चीनको सेनाले वासिंटनका अधिकारीले स्टारलिंकको फाइदा उठाइरहेको भनेर सचेत गराएको हो। गतवर्ष रुसले युक्रेनमाथि आक्रमण सुरु गरेपछि उसलाई स्टारलिंक उपलब्ध गराउँदा पनि पिएलए सञ्चालित अखबारले स्टारलिंकलाई 'आधिपत्यवादी अमेरिका'को मतियार करार गरेको थियो। जबकि स्पेस-एक्सलाई मद्दतका लागि अनुरोध युक्रेनले नै गरेको थियो।

स्टारलिंक युक्रेनको युद्धमा निकै महत्त्वपूर्ण साबित भएको छ। यसका स्याटेलाइट लिंकहरूले युक्रेनलाई सैनिकबीच कुराकानी गर्न, निसाना पहिचान गर्न र विश्वलाई देखाउन भिडियोहरू अपलोड गर्न सक्षम बनाएको छ। यो प्रणालीलाई अवरुद्ध (जाम) गराउन गाह्रो छ। चीनको दृष्टिकोणबाट हेर्दा यसले उसको मित्रराष्ट्र रुसलाई मात्र घाटा पुऱ्याउँदैन, स्वशासित टापु ताइवानका बारेमा पनि चिन्ता उत्पन्न गर्छ। यदि ताइवानलाई स्टारलिंकमा पहुँच दिइयो भने यसले चिनियाँ आक्रमणलाई त्यसभन्दा कठिन बनाउनेछ।

तर, चीनको चिन्ता यसभन्दा पनि पर छ। अमेरिकाले स्टारलिंकमार्फत पृथ्वीको तल्लो कक्षको अन्तरिक्ष क्षेत्र ओगट्दै गएकोमा चीन त्रसित छ। चीन पनि यो क्षेत्रको शक्ति बन्न चाहन्छ। र, उ स्टारलिंकजस्ता प्रणालीद्वारा सुसज्जित हुन चाहन्छ। त्यसैले चीन स्टारलिंकको आफ्नो संस्करणमा काम गरिरहेको छ।

जब ताइवानको कुरा आउँछ, विश्लेषकहरूलाई लाग्छ कि चीनले आक्रमण गर्दा ताइवानलाई बाँकी विश्वसँग जोड्ने समुद्रमुनिका १४ वटा इन्टरनेट केबल विच्छेद गरेर सुरु गर्न सक्छ। ताइवान समुन्द्रमा केबल थप्दै छ। ऊ चिनका सेना अवतरण हुन सक्ने स्थल कसरी सुरक्षित गर्ने भनेर योजना बनाइरहेको छ। उनीहरूले ताइवानबाहिरसहित ७०० स्थानमा एन्टेनाहरूको परीक्षण पनि गरिरहेका छन्। यी एन्टेना स्टारलिंकले प्रयोग गर्ने जस्तै अन्तरिक्षको तल्लो कक्षमा घुमिरहेका भूउपग्रहको माध्यमबाट संकेतहरू पठाउन र प्राप्त गर्न सक्षम हुनेछन्। ताइवानको थिंक ट्यांक इन्स्टिच्युट फर नेसनल डिफेन्स एन्ड सेक्युरिटी रिसर्चका जेड यिसुओका अनुसार आक्रमणबाट बच्नका लागि एन्टेनाहरूलाई सकेसम्म गतिशील बनाउन खोजिएको छ।

चीनसँग भूउपग्रह खसाल्ने क्षमता छ। तर, स्टारलिंकसँग चार हजारभन्दा धेरै भूउपग्रह छन् र ऊ तिनलाई दसौं हजार पुऱ्याउने लक्ष्यमा छ। चीनले ताइवानलाई स्टारलिंकमा पहुँच नदिन स्पेसएक्सका संचालक इलोन मस्कलाई आफूतर्फ मिलाउन सक्ने सम्भावना पनि छ। मस्कको अर्को ठूलो कम्पनी टेस्लाको सांघाईमा ठूलो कारखाना छ। गतवर्ष उनले ताइवानको विवाद सुल्झाउन चीनलाई ताइवानमाथि केही नियन्त्रण दिन सुझाव दिएका थिए। (स्पेसएक्सले ताइवानलाई स्टारलिंक चाँडै विस्तार हुने स्थानको सूचीमा राखेको छ। तर, उसले त्यहाँ व्यावसायिक रूपमा नै सञ्चालित हुन आवेदन भने दिइसकेको छैन।)



> स्टारलिंक युक्रेनको युद्धमा निकै महत्त्वपूर्ण साबित भएको छ। यसका स्याटेलाइट लिंकहरूले युक्रेनलाई सैनिकबीच कुराकानी गर्न, निसाना पहिचान गर्न र विश्वलाई देखाउन भिडियो अपलोड गर्न सक्षम बनाएको छ। यो प्रणालीलाई अवरुद्ध (जाम) गराउन गाह्रो छ। चीनको दृष्टिकोणबाट हेर्दा यसले उसको मित्रराष्ट्र रुसलाई मात्र घाटा पुऱ्याउँदैन, स्वशासित टापु ताइवानबारे पनि चिन्ता उत्पन्न गर्छ।

ताइवानले अरूमाथिको निर्भरता कम गर्न खोजिरहेको छ। उसको अन्तरिक्ष एजेन्सीले आफ्नै लो-अर्बिट कम्युनिकेसन स्याटेलाइट विकास गरिरहेको छ। पहिलो स्याटेलाइट सन् २०२५ मा प्रक्षेपण गर्ने अपेक्षा गरिएको छ।

लो-अर्बिट (तल्लो कक्ष)मा चीनको महत्त्वाकांक्षा निकै ठूलो छ। चीन सरकारले सन् २०२० मै संयुक्त राष्ट्रसंघीय निकाय इन्टरनेसनल टेलिकम्युनिकेसन युनियनमा १२ हजार नौ सय ९२ स्याटेलाइटका समूहका लागि कागजात पेस गरेको हो। त्यसको एक वर्षपछि चीनले चाइना स्याटेलाइट नेटवर्क्स ग्रुप लिमिटेडको स्थापना गरी स्याटेलाइट इन्टरनेट विकास गर्ने जिम्मा दियो। अहिले कम्तीमा सातवटा सरकारी एवं निजी चिनियाँ कम्पनीले स्याटेलाइट फ्यारक्ट्रीहरू निर्माण गरिरहेका छन्। उनीहरू छिटै हेरक वर्ष सयौं साना सञ्चार उपग्रह उत्पादन गर्न सक्षम हुने अपेक्षा गरिन्छ।

बेइजिङका अधिकारी अन्तरिक्ष-दौडको मानसिकतामा रहेको देखिन्छ। सन् २०२२ मा द लिबरेसन आर्मी डेलीले अन्तरिक्ष कक्ष (अर्बिट) र रेडियो फ्रिक्वेन्सीहरू 'दुर्लभ रणनीतिक स्रोत' भएका र तिनमाथि स्टारलिंकले 'एकाधिकार' स्थापित गर्न खोजेको भनेर चेतावनी दिएको थियो। गत वर्ष चीनको मुख्य अन्तरिक्ष ठेकेदार कम्पनीका अध्यक्ष वु यान्सेङले चीनले 'अन्तरिक्ष शक्ति' बन्न तीव्र गतिमा अघि बढ्नुपर्ने बताएका थिए। गत अप्रिलमा प्रधानमन्त्री ली कियाङले तीनवटा स्टार्टअपको भ्रमण गरेर यो उद्योगको महत्त्वमा जोड दिए। उनले भ्रमण गरेकोमध्ये एउटा ग्यालेक्सी स्पेस पनि थियो, जुन भूउपग्रह निर्माता हो। उसले निर्माण गरेका ६ थान उपग्रह गत वर्ष तल्लो कक्षमा प्रक्षेपण गरिसकिएको छ।

चीनका सर्वोच्च नेता सी चिनफिङको जनमुक्ति सेनाको आधुनिकीकरण गर्ने चाहनाका कारण पछिल्लो गतिविधि सुरु भएको हो। उनका जनरलहरूले युद्धभूमिलाई नियाल्न अमेरिकाले कसरी सञ्चार र सूचना उपकरण प्रयोग गर्छ भन्नेबारे लामो समयदेखि अध्ययन गरिरहेका थिए। सी अन्तरिक्ष र साइबर स्पेसको उल्लेख नगरी सूचना प्रविधिको प्रयोग गरेर जमिन, वायु र समुद्रमा संयुक्त अभियान सञ्चालन गर्न सक्षम एक उच्च रूपमा सुसूचित रक्षादल सिर्जना गर्न चाहन्छन्।

**आकाशमा भूउपग्रहको भिडभाड बढ्दै छ**

स्पेसएक्सबाहेक पृथ्वीको तल्लो कक्षमा चीनका थुप्रै छिमेकी हुनेछन्। ६५० उपग्रह सम्मिलित उपग्रह मण्डल निर्माण पूरा गर्ने तर्खरमा रहेको 'वनवेब'मा बेलायत सरकारको हिस्सेदारी छ। अमेजनका संस्थापक जेफ बेजोसको लगानीमा निर्माण भइरहेको 'कुइपर' उपग्रह मण्डललले चाँडै आफ्नो पहिलो परीक्षण उपग्रह प्रक्षेपण गर्दै छ। रुसले जस्तै इयूले पनि आफ्नै उपग्रह प्रणालीको योजना बुनिरहेको छ। विश्वका शक्तिहरूले स्याटेलाइट इन्टरनेटलाई रणनीतिक क्षमताको रूपमा हेर्न थालेका छन्।

स्पेसएक्सलाई एउटा महत्त्वपूर्ण लाभ छ। तल्लो कक्षमा उपग्रह धेरै लामो समयसम्म टिक्दैनन्, त्यसैले कम्पनीले तिनीलाई नियमित रूपमा प्रतिस्थापन गर्नुपर्छ। यसका लागि ठूलो संख्यामा रकेट प्रक्षेपण गर्नुपर्ने हुन्छ। स्पेसएक्ससँग यसका लागि विश्वको सबैभन्दा राम्रो प्रणाली छ। उसको फाल्कन-९ रकेटको आंशिक पुनः प्रयोग गर्न सकिन्छ। अहिले उसले स्टारसिप नामक निकै ठूलो र पूर्ण रूपमा पुनः प्रयोगीय अन्तरिक्षयानमाथि काम गरिरहेको छ, जसले एकपटकमा सयौं उपग्रह प्रक्षेपण गर्ने क्षमता राख्छ। केही चिनियाँ कम्पनीले पनि त्यस्तै रकेट निर्माण गर्ने प्रयास गरिरहेको देखिन्छ।

> अन्तरिक्षको समस्यालाई अमेरिका र चीनबीच संवादको कमीले चर्काएको छ। यो कुराचाहिँ खतरनाक हो। तल्लो कक्षमा भिडभाड बढ्दै जाँदा खराब मुठभेडको सम्भावना बढ्दै गएको छ।

यी सबै गतिविधिले चीनलाई चिन्तित तुल्याएको छ। लिबरेसन आर्मी डेलीले पृथ्वीको तल्लो कक्षमा ५० हजार उपग्रहका लागि मात्र ठाउँ रहेको र स्टारलिंकले त्यसको ८० प्रतिशतभन्दा बढी भाग ओगट्न सक्ने चिन्ता गरेको छ। बेलायतको थिंक ट्यांक रोयल युनाइटेड सर्भिस इन्स्टिच्युटकी जुलियाना सुएस यो गणना त्यति सरल नभएको बताउँछिन्। 'तल्लो कक्षलाई राजमार्गको रूपमा कल्पना गर्नुहोस्,' उनी भन्छिन्। यो राजमार्गले सञ्चालित कति कारलाई थेग्न सक्छ भन्ने कुराको हिसाब लगाउनुपर्ने हुन्छ। धेरै कुरा उपग्रहहरूको आकार र तिनको परिक्रमा मार्गमा निर्भर गर्नेछ।

सन् २०२१ मा स्टारलिंकका दुइटा स्याटेलाइट चिनियाँ अन्तरिक्ष स्टेसनसँग ठोक्किने मार्गमा प्रवेश गरेका थिए। कम्तीमा चीनको आरोप यही छ। यो आरोपको अमेरिकाले भने खण्डन गरेको छ। अमेरिकास्थित थिंक ट्यांक कार्नेगी इन्डोमेन्ट फर इन्टरनेसनल पिसका बेन्जामिन सिल्भरस्टाइन यी दुई शक्तिले कक्षको गणनामा फरक-फरक तरिका प्रयोग गरेको हुन सक्ने बताउँछन्। त्यसैले सहजताअनुसार उनीहरूको दृष्टिकोण पनि फरक-फरक हुन सक्छ। केचाहिँ स्पष्ट छ भने समस्यालाई जसरी तल्लो कक्षमा ट्राफिकको मापदण्डको कमीले चर्काएको छ, सञ्चारको कमीले पनि उसैगरी चर्काएको छ। अमेरिका र चीनबीच यस्ता विषयमा पहिले कुरा हुने गर्थ्यो, तर सन् २०१७ यता त्यस्तो बैठक भएकै छैन। यो कुराचाहिँ खतरनाक हो। तल्लो कक्षमा भिडभाड बढ्दै जाँदा खराब मुठभेडको सम्भावना बढ्दै गएको छ।

*- द इकोनोमिक्स*

# ग्रिसमा दोस्रो आमनिर्वाचको तयारी

**एथेन्स**/ ग्रिसमा सरकार गठनको प्रयास असफल भएपछि यसै वर्षाआममा दोस्रो आमनिर्वाचन हुने भएको छ। सत्तारुढ कन्जर्भेटिभ पार्टी न्यु डेमोक्रेसी पार्टीले आइतबार भएको निर्वाचनमा ४०.७९ प्रतिशत मत प्राप्त गरे पनि संसदीय बहुमत प्राप्त गर्न नसकेपछि गठबन्धन सरकार बनाउने प्रयास गरेको थियो। गठबन्धन सरकार गठनको प्रयास असफल भएपछि ग्रिसका राष्ट्रपति कटेरिना साकेलारो पोलोउले ग्रिसको सर्वोच्च आर्थिक अदालतका अध्यक्ष इओनिस सरमासलाई कामचलाउ सरकारको प्रमुखमा नियुक्त गरेकी छिन्।

सरमासको नेतृत्वको सरकारले देशलाई निर्वाचनमा लैजानेछ। तीन सय सदस्यीय नयाँ संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका नेतासँगको बैठकपछि यो कदम चालिएको हो। 'स्वीकार गर्नु मेरो संवैधानिक दायित्व हो र नागरिकको रूपमा मेरो कर्तव्य पनि हो,' सरमासले राष्ट्रपतिको कामचलाउ सरकारको प्रमुखका लागि गरेको आग्रहपछि सकारात्मक जवाफ दिँदै भने।

ग्रिसको संविधानअनुसार यस्तो अवस्थामा कामचलाउ सरकारको नेतृत्व गर्न एकजना उच्च न्यायाधीश नियुक्त गरिन्छ। नयाँ सरकारले यसै साताको अन्त्यमा शपथ ग्रहण गर्ने अपेक्षा गरिएको छ। रोचक कुरा के छ भने नवनिर्वाचित सांसदले आइतबार शपथ लिनेछन् र संसद् विघटन हुनेछ। सोमबार नयाँ निर्वाचनको घोषणा हुनेछ। प्रधानमन्त्री किरियाकोस मित्सोटाकिसले आगामी जुन २५ मा पुनः निर्वाचनको आह्वान गरेका छन्।

## इतिहासमा आज




**सन् १९७२** : सोभियत युनियन र अमेरिकाद्वारा एन्टी-ब्यालिस्टिक मिसाइल (एबिएम) सन्धिमा हस्ताक्षर। एबिएम सन्धिले आणविक क्षेप्यास्त्रविरुद्ध एन्टी-ब्यालिस्टिक मिसाइल कवजहरूको स्थापनालाई नियमन गऱ्यो। यो शीतयुद्धको समयमा दुई महाशक्तिबीचको सबैभन्दा महत्त्वपूर्ण सन्धि थियो।

**सन् १९६६** : गुयाना स्वतन्त्र घोषित भएको दिन। गुयाना पहिला डच र त्यसपछि बेलायतको उपनिवेश थियो।

**सन् १९४०** : दोस्रो विश्वयुद्धको समयमा बेलायतद्वारा फ्रान्सको डुनर्किकबाट आफ्ना सेना फिर्ता गर्न सुरु।

**सन् १८६८** : अमेरिकी पूर्वराष्ट्रपति एन्ड्रयु जोन्सनले महाभियोगका सबै आरोपबाट सफाइ पाए।

**सन् १९६९** : अन्तरिक्षको अनुसन्धानपछि अन्तरिक्षयान एपोलो १० आजकै दिन पृथ्वीमा सुरक्षित ढंगले फर्किएको थियो।

## विश्व संक्षेप

### बेलायतमा ६ लाखभन्दा बढी आप्रवासन

**लन्डन**/ सन् २०२२ मा बेलायतमा कुल आप्रवासन ६ लाख ६ हजारभन्दा माथि पुगेको सरकारी तथ्यांकले देखाएको छ। कोरोना भाइरस महामारीपछि विश्वभर प्रतिबन्धहरू हट्दा आप्रवासन दरमा उच्च वृद्धि भएको हो। आप्रवासनमा भएको वृद्धिले वैदेशिक रोजगारीमा निर्भरता घटाउने प्रतिबद्धता जनाएको सरकारमाथि दबाब बढेको छ। आप्रवासन वृद्धिबारे बेलायतको राष्ट्रिय तथ्यांक कार्यालयको अन्तर्राष्ट्रिय आप्रवासन केन्द्रका निर्देशक जे लिन्डोपले भने, 'कोरोना भाइरस महामारीपछि प्रतिबन्ध हटाउँदा सन् २०२२ भरि आवागमनको शृंखला अत्यधिक बढ्दा बेलायतमा अन्तर्राष्ट्रिय आप्रवासनको उच्चस्तरमा वृद्धि भएको देखिएको छ।'

बेलायतमा लामो समयदेखि आप्रवासन एक प्रमुख राजनीतिक मुद्दा रहँदै आएको छ र यो सन् २०१६ मा भएको युरोपेली युनियन (इयू) बाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) का लागि भएको जनमत संग्रहको मुख्य विवादको विषय भएको छ। 'काम, अध्ययन र मानवीय प्रयोजनका लागि' युरोपेली संघबाहेकका देशबाट बेलायत आउनेको संख्या नै आप्रवासनको उच्चस्तरमा वृद्धिको कारण भएको बताइएको छ। उक्त तथ्यांकमा रुसको आक्रमणपछि युक्रेनबाट आएकाहरू र हङकङबाट आएकाहरू समावेश छन्। कन्जर्भेटिभ सरकारले युरोपेली संघबाट बाहिरिने र सदस्य राष्ट्रका मानिसको स्वतन्त्र आवागमन अन्त्य गरेर बेलायतले आफ्नो सीमामाथिको 'नियन्त्रण फिर्ता लिन' सक्ने बारम्बार बताउँदै आएका छन्।

सन् २०१८ देखि बेलायतमा शरणका लागि दाबी गर्न सानो डुंगामा सफलतापूर्वक च्यानल पार गरी आउने गरेको दाबी बेलायतको छ। गत वर्ष ४५ हजारभन्दा बढी आप्रवासी बेलायत आएका थिए, जसका कारण अवैध रूपमा प्रवेश गरेका आप्रवासीको प्रवाहलाई रोक्न कडा नयाँ उपाय लागू गरिएको थियो।

### गोली हानी पत्रकारको हत्या

**मेक्सिको सिटी**/ मेक्सिकोको मध्य पुएब्ला क्षेत्रमा मंगलबार एकजना पत्रकारको गोली हानी हत्या गरिएको छ। मेक्सिकोको तेहुआकान सहरमा ६९ वर्षीय मार्को ओरेलियो रामिरेजको आफ्नो घरबाट निस्किँदै गर्दा हत्या भएको थियो। उनले दशकौंसम्म विभिन्न सञ्चार माध्यममा काम गरेका थिए। अभियोजकको कार्यालयले घटनाको अनुसन्धान सुरु गरिएको जनाएको छ। रिपोर्टस विदाउट बोर्डर्स (आरएसएफ) को मेक्सिकन शाखाले सरकारी कर्मचारीको रूपमा काम गर्ने रामिरेजले संदिग्ध अपराधीलाई पक्राउ गर्न योगदान पुऱ्याएको बताए। उनले भने, 'आरएसएफले छिटो र पारदर्शी अनुसन्धानको माग गर्छ।' गैरसरकारी सञ्चार अधिकार समूहले हत्या नगरपालिका अधिकारीको रूपमा उनको कामसँग सम्बन्धित थियो वा उनको पत्रकारिताको अभ्याससँग सम्बन्धित थियो छानबिन गरेर दोषीलाई कारबाहीको दायरामा तत्काल ल्याउन आग्रह गरेको छ। सन् २००० यता मेक्सिकोमा १५० भन्दा बढी पत्रकारको हत्या भइसकेको छ। अधिकांश हत्याका घटनामा सजाय दिइएको छैन।

### क्यानडा र साउदी अरबबीच पुनः कूटनीतिक सम्बन्ध स्थापना

**ओटावा**/ क्यानडा र साउदी अरबबीच टुटेको कूटनीतिक सम्बन्ध पुनः स्थापना भएको छ। दुवै देशले नयाँ राजदूत नियुक्त गर्ने निर्णय गरेको देशको कूटनीतिक तथा कन्सुलर सम्बन्धको व्यवस्थापन गर्ने ग्लोबल अफेयर्स क्यानडाले बुधबार एक विज्ञप्ति जारी गरी जनाएको छ। क्यानडाले साउदी अरबका लागि नयाँ राजदूतका रूपमा ज्याँ फिलिप लिन्टोलाई नियुक्त गरेको क्यानडाको विदेश मन्त्रालयद्वारा बिहीबार जारी विज्ञप्तिमा जानकारी गराइएको छ। यो कदम पारस्परिक सम्मान र साझा हितमा आधारित रहेको साउदी अरबको विदेश मन्त्रालयले बुधबार जारी विज्ञप्तिमा भनिएको छ। सन् २०१८ मा साउदी अरबले कूटनीतिक विवादपछि क्यानडाका राजदूतलाई देश निकाला गरेका थिए। त्यसपछि दुई देशबीच कूटनीतिक सम्बन्ध टुट्नेसम्मको स्थिति आएको थियो।

### दोस्रो चरणको चुनावको मुखमा टर्कीका राष्ट्रपतिविरुद्ध मुद्दा

**अंकारा**/ राष्ट्रपति रेसेप तैयप एर्दोगानका चुनावी प्रतिद्वन्द्वीले कुर्दिस लडाकुसँग विपक्षीलाई जोड्ने अभियानको भिडियो प्रसारण गरेको भन्दै उनीविरुद्ध ५० हजार डलरको मुद्दा दायर गरेका छन्। धर्म निरपेक्षताका पक्षपाती विपक्षी नेता केमाल किलिचदारोग्लुका वकिल सेलाल सेलिकले बिहीबार यसबारे जानकारी दिँदै भने, 'हामीले नक्कली भिडियोको जवाफ दिन यो मुद्दा दायर गरेका छौं।' किलिचदारोग्लु मे १४ मा सम्पन्न पहिलो चरणको चुनावमा एर्दोगानभन्दा झन्डै पाँच अंकले पछि परेका थिए। आगामी आइतबार पहिलो चरणको चुनावमा सबैभन्दा धेरै मत ल्याउने दुई प्रतिस्पर्धीबीच दोस्रो चरणको चुनाव हुँदै छ। किलिचदारोग्लुले यसअघि एर्दोगानविरुद्ध सांकेतिक मुद्दा दायर गरेका थिए। तर, यसपटक क्षतिपूर्तिस्वरूप एक मिलियन लिरा (५० जकार डलर) माग गर्दै मुद्दा दायर गरेका हुन्।

एर्दोगानले बारम्बार उनको चुनावी सभामा किलिचदारोग्लुलाई कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) का सैन्य कमान्डरसँग सम्बन्ध रहेको देखिने खालको एक भिडियो प्रसारण गर्ने गरेका छन्। पिकेकेले सन् १९८४ देखि टर्कीको पश्चिमी क्षेत्रस्थित कुर्दिस सम्प्रदायको सघन बसोवास रहेको क्षेत्रलाई अलग मुलुक बनाउनुपर्ने माग राख्दै सशस्त्र आन्दोलन गर्दै आएको छ। यसमा हालसम्म दसौं हजारको ज्यान गइसकेको छ।


**Reliable Life INSURANCE LTD.** रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
**Reliable Nepal Life Insurance Limited**
प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०, फ्याक्स नं. ०१-४५२३६५७
Email: info@reliablelife.com.np, Website : www.reliablelife.com.np

**छैठौं वार्षिक साधारण सभा बस्ने बारे सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०२/१२)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनी को मिति २०८०/०२/११ गतेका दिन बसेको संचालक समितिको ११३ औं बैठकको निर्णयानुसार छैठौं वार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा देहायका बिषयमा छलफल गर्न बस्ने भएकाले कम्पनी ऐन, २०६३ को दफा (६७)अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं रितपूर्वक प्रतिनिधि वा शेयर धनी स्वयंको उपस्थितिको लागि यो सूचना गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

स्थान : लिसरा व्यांकेट, ज्ञानेश्वर, काठमाडौं
मिति : २०८०/०३/०१ गते, शुक्रबार, तद्अनुसार १६ जुन २०२३
समय : बिहान ११:०० बजे

**छलफलका विषयहरू :**

(१) **सामान्य प्रस्तावहरु :**
(क) संचालक समितिको छैठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाव, इक्यूटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण सहितका अनुसूचिहरु (NFRS अनुसारको वित्तीय विवरणहरु समेत) उपर छलफल गरी पारीत गर्ने।
(ग) कम्पनी ऐन, २०६३ को दफा (१११) अनुसार आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री के.ए.एस. एशोसिएट्स पुनः नियूक्तिको लागि योग्य हुनुहुन्छ)।

(२) **विविध :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धी थप जानकारी**

१. सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परीचय खुल्ने कागजात संगै लिएर आउनुहुन अनुरोध गरीन्छ।
२. यसमा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा भर्च्यूयल माध्यमबाट समेत दर्ता गर्न सकिने छ।
३. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघाढि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्र छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियूक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन्। त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ।
४. प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन।
५. साधारण सभाको हाजिरी पुस्तिका दिनको १०:०० बाट १२:०० बजे सम्म खुल्ला रहनेछ।
६. शेयरधनी महानुभावहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछ।
७. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।
८. छैठौं वार्षिक प्रतिवेदन कम्पनीको वेबसाइट www.reliablelife.com.np मा उपलब्ध हुनेछ।
९. सुरक्षाको कारणबाट सभाहलमा आउँदा शेयरधनी महानुभावहरुले छाता, झोला, व्याग जस्ता बस्तुहरु लिएर नआउनु हुन तथा सुरक्षा कर्मीहरुलाई सुरक्षा जाँचमा सहयोग गरीदिनुहुन अनुरोध छ।
१०. सभामा Virtual माध्यमवाट समेत सहभागिता जनाउन सकिनेछ यसको लागि सभा शुरु हुन १ दिन अगाबै कम्पनीमा सर्म्पक गरी User ID तथा Password लिनु पर्नेछ।

# पीडादायी बन्दै गएको श्रम आप्रवासन

## नेपालका लागि श्रम आप्रवासन बाध्यता हो, सरकारले श्रमिकमैत्री स्किम लागू गरे राज्य र व्यक्ति दुवैलाई फाइदा पुग्छ



अर्थ संवाद
• शान्ता मरासिनी
उपसचिव, नेपाल सरकार

सन् २०२२ को अन्त्यमा विश्वका १२२ देशमध्ये सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने देश टागों हो, जसको जिडिपीमा रेमिट्यान्सको हिस्सा ४५.५ प्रतिशत पुगेको छ। यस्तै, सबैभन्दा कम (०.०१ प्रतिशत) रेमिट्यान्स भित्र्याउने देश न्युजिल्यान्ड हो। त्यहाँ कुल जनसंख्याको ८२ प्रतिशत रोजगारी स्वदेशमै उपलब्ध छ। तर, नेपाल संसारभरिका देशमध्ये बढी रेमिट्यान्स भित्र्याउने पाँचौं स्थानमा पर्छ। नेपालमा ५६ देखि ६० प्रतिशत परिवारले रेमिट्यान्स बुझ्छन्। नेपाल इकोनोमिक फोरमका अनुसार राज्यको जिडिपीमा यसको हिस्सा २५ प्रतिशतभन्दा बढी छ।

हाम्रो अवस्था हेर्ने हो भने वैदेशिक रोजगारका मृतक श्रमिकको श्रीमतीलाई बन्धक बनाई बिमाबाट प्राप्त १३ लाखमा ८ लाख ठगी, अमेरिका प्रवेश गर्न खोज्ने सयौं आप्रवासी समूहका ४० जनाको मेक्सिकोको सरकारी अध्यागमनको हिरासतमा जलेर मृत्युजस्ता खबर आप्रवासनले निम्त्याएका अत्यन्तै पीडादायी घटना हुन्। मलेसियाको सडकमा लम्पसार बाजुराका मकिन्द्र शाहीको करुणादायी तस्बिरपछि उद्धार हुँदै छ।

वैदेशिक रोजगारीमा पहिलेदेखि हामीसँग संख्यामा थोरै भए पनि अत्यन्तै पीडादायी र कारुणिक घटना छन्। गरिबीकै कारण ०६१ सालमा उच्च जोखिम बेहोर्दै रोजगारीका लागि इराक पुगेका १२ नेपालीको अतिवादी सुन्नी समूहले घाँटी रेटी बीभत्स हत्या गरेको १९ वर्ष भएछ। त्यो वेला जनआक्रोशले ३ सयजति मेनपावर कम्पनी तोडफोड र आगजनी गरिए। यति हुँदा अब सबैखाले वैदेशिक रोजगारीका अवसर औपचारिक हुन्छन्, व्यवसायीले मानवता बिर्सनेछैनन् भन्ने लागेको थियो। तर, आज यो क्षेत्र अझ प्रलोभनयुक्त, अनौपचारिक, अस्तव्यस्त, गुनासोयुक्त, चुनौतीपूर्ण, सामाजिक व्यवस्था नै खल्बल्याउने र साह्रै महँगो बन्दै गएको छ। मानव बेचबिखनको जालो विकसित हुँदै युरोपेली ट्रान्जिट बन्न पुगेको छ।

सरकारले आप्रवासनलाई जति बढी व्यवस्थित गर्दै लगेको छ, त्योभन्दा बढी कामविहीन कामदारको संख्या बढ्दै गएको छ। नयाँ-नयाँ समस्या सिर्जना हुँदै गएका छन्। राज्यले उद्धार, राहत र क्षतिपूर्ति दिलाई प्रभावकारी बनाइरहेको अवस्थामा उद्धार गर्नुपर्ने गैरकानुनी कामदारको संख्या प्रत्येक वर्ष बढेको छ, जसलाई न रोजगारदाताले क्षतिपूर्ति दिन्छ, न सरकारको सामाजिक सुरक्षाले समेट्न सक्छ। जनगणना ०७८ मा अनुपस्थित जनसंख्या २१ लाख ९० हजार ५ सय ९२ देखाइएको छ, जसमा ८१ प्रतिशत पुरुष र १९ प्रतिशत महिला छन्। अन्य संस्थाका अध्ययनले औपचारिक र अनौपचारिक रूपमा खाडी मुलुकलगायत लुकिछिपी युरोपेली मुलुकसमेत जाने युवाको संख्या एक करोड नाघेको अनुमान गरेको देखिन्छ।

हाम्रोमा श्रम आप्रवासनमा लुम्बिनी प्रदेशबाट १९ प्रतिशत र कर्णालीबाट ४ प्रतिशत श्रमशक्ति बाहिरिएको छ। प्रमुख गन्तव्य मुलुकमा कतार, युएई, मलेसिया, कुवेत, साउदी अरब रहेका छन्। यसले नेपाली श्रमिकको ८८ प्रतिशत हिस्सा ओगट्छ। सरकारले ११० देशलाई रोजगारीमा जान खुला गरेको छ। तर, नेपाल इकोनोमिक फोरम र विश्व बैंकका अनुसार अनौपचारिक गैरकानुनी तवरबाट नेपालीहरू १७२ देशमा काम गर्न जान्छन्।

रेमिट्यान्स बुझ्ने परिवारको शिक्षा र स्वास्थ्यमा ठूलो सुधार आएको, गरिबी घटाउन प्रत्यक्ष योगदान गरेको, गाउँले अर्थव्यवस्थालाई चलायमान गराएको, आर्थिक गतिविधि बढेर गएको, बालबालिकाले राम्रो शिक्षा पाएका, सरकारको विदेशी मुद्रामाथिको चापलाई केही समयका लागि भरथेग गरेको छ। यदि यसलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने हो भने श्रमिक पठाउने र लाने दुवैलाई फाइदा पुग्छ र ती देश 'विन-विन'को अवस्थामा हुन्छन्। यसले राष्ट्रिय आयमा वृद्धि हुने, पुँजीमा पहुँच, लगानी बढ्ने, आय असमानता घटाउने र आर्थिक मन्दीमा अर्थतन्त्रलाई बचाउने काम गर्छ।

रेमिट्यान्सले सरकारलाई त सहयोग पुग्यो, तर फर्केर आउने कामदार जाँदा र आउँदा जस्ताको तस्तै हुने भए। विदेशमा प्राप्त गरेका ज्ञान र सीप स्वदेशमा उपयोग गर्ने ठाउँ, खोजेको रोजगारी र स्वरोजगारी पाउन सक्ने अवस्था छैन। रेमिट्यान्सको ठूलो भोलुम निष्क्रिय रह्यो भने सानो मात्रा सुन-चाँदी र घर-जग्गामा फस्यो।

देशको ३४ प्रतिशत जनसंख्या आर्थिक रूपमा निष्क्रिय छ। रोजागारीको अभावमा प्रतिवर्ष ५ लाख युवा श्रमबजारमा भर्छन्। आश्रित जनसंख्या बढ्दै गएको छ भने औद्योगीकरण कमजोर छ। प्राविधिक शिक्षामा पहुँचको कमी र कामको निरन्तरता छैन। सामाजिक सुरक्षा कमजोर छ, स्वास्थ्य उपचार अत्यन्तै महँगो छ। यी हाम्रा आन्तरिक व्यथा हुन्। यसरी विश्लेषण गर्दा नेपालका लागि श्रम आप्रवासन रहर नभई बाध्यात्मक हो। मुगलान जानैपरेपछि सुरक्षित, उच्चतम तलब, सुरक्षा, स्वास्थ्य सुविधा, कमाएको पैसा पठाउने सुरक्षित माध्यम, सरकारले लगानीका क्षेत्रहरूमा अफर, रेमिट्यान्स भित्र्याउनेलाई बैंकले केही वर्ष पेन्सन दिने व्यवस्थालगायतका आकर्षक स्किम लागू गर्नेजस्ता रणनीति अवलम्बन गर्न सके मात्रै वैदेशिक रोजगारीले राज्य र व्यक्ति दुवैलाई फाइदा गर्छ। विश्व श्रम संगठनले आप्रवासी कामदारका सन्दर्भमा सामाजिक सुरक्षा अभिवृद्धि र मर्यादित काम भनेको छ। तर, वैदेशिक रोजगारीमा जाने युवा आफ्नै नजिकका दाजुभाइबाट ठगिएका र बेचिएका, हिंसामा परेका छन्। श्रमिक अनौपचारिक बाटो समातेर जाँदा उद्धारको प्रथमिकतामा परेनन्, क्षतिपूर्ति दाबीमा कानुनी आधार कमजोर भए, बीचैमा फर्किंदा थप ऋण लिनुपर्ने भयो। दुर्भाग्य ! कति त दुर्घटनामा परी कफिनमा फर्किए। यस्तो श्रम आप्रवासनको दुष्चक्रमा फसेकालाई त वैदेशिक रोजगारीले भनै पीडा थपेको पुष्टि गर्दैन र ?

विदेश पुगेर बेचिने, मानसिक रोगी बन्ने, कुटपिट, यौन शोषण, बलात्कार, गर्भपतन, खान नदिँदा पोषणको कमी, स्वास्थ्य समस्या, बाबु पहिचान गर्न नसकिने बच्चा जन्मिनेजस्ता दुष्परिणाम प्रवासनले थपेका जेन्डरमा आधारित थप पीडा हुन्।

मेनपावर व्यवसायीले अनधिकृत रूपमा कामदार पठाएर अकुत पैसा कमाउने, तर उद्धारमा सरकार तयार हुनुपर्ने हुँदा सरकारको सीमित स्रोतले सबैलाई उद्धार गर्न र क्षतिपूर्ति दिन सम्भव छैन। सरकारले ती व्यवसायी या दलाल खोजी जिम्मेवार बनाउन कडा कदम चाल्नुपर्छ।

प्रतिभा पलायन भयो भनी अत्तालिने हामी वैदेशिक रोजगारमा जानेलाई प्रतिभा ठान्दैनौं। उत्पादनशील जनशक्तिकै हिस्सा हो दक्ष र अदक्ष जनशक्ति। राज्यको लोककल्याणकारी उद्देश्य अर्थतन्त्रको संकुचन र विस्तार, रोजगारीका अवसर, नागरिकका आधारभूत आवश्यकता परिपूर्ति, सामाजिक सुरक्षा, औद्योगिक विकास, पूर्वाधारमा लगानी, सामाजिक संरचना, बालबालिकाको भविष्य, आयात-निर्यात अनुपात, विप्रेषणको उत्पादनशील उपयोग, विप्रेषण भित्र्याउनेको सामाजिक सुरक्षा, प्रतिभा व्यवस्थापनलगायत सवाल राज्यलाई अत्यावश्यक विषयगत डाक्टर, इन्जिनियर, प्राविधिक, प्रशासकहरू बर्सेनि ठूलो संख्यामा बिदेसिँदै छन्। अमेरिका, अस्ट्रेलियाजस्ता सम्पन्न देशले बाँकी विश्वको अधिकांश राम्रो जनशक्ति आकर्षित गर्ने क्रम रोकिएको छैन। तर, हामी भने दक्ष जनशक्ति परिचालनका दृष्टिकोणले लगभग खोक्रो भइसकेको अवस्थामा छौं। प्रतिभा व्यवस्थापनतर्फ अग्रसर विश्वका उदीयमान अर्थतन्त्र एवं प्रतिभा पलायनको चुनौती खेपिरहेका देशहरूले विगतको दशकदेखि नै 'ट्यालेन्ट हन्टर थाउजेन्ड ट्यालेन्ट, डाइरेक्ट हायरिङ, इनोभेसन, फस्ट स्टार्टअप फन्डजस्ता विशेष कार्यक्रम ल्याएर वैदेशिक रोजगारीमा रहेका र गैरआवासीय जनशक्तिलाई आकर्षित गरी पुनर्स्थापना गर्न थालिसकेका छन्।

श्रम आप्रवासनका चुनौतीमा सुरक्षित र भरपर्दो गन्तव्य मुलुकको खोजी, खाडीलगायत मलेसिया र कोरियामा उत्पन्न लोकल फस्टको नीति, ठगी नियन्त्रण गर्नु, अलपत्र परेकालाई उद्धार गर्नु र ज्यान गुमाउनेका परिवारलाई क्षतिपूर्ति दिलाउनु, वैदेशिक रोजगार सूचना प्रणालीलाई प्रभावकारी बनाउनु, व्यक्ति स्वयंलाई सचेत गराउनु, गैरकानुनी बाटोबाट मान्छे लाने दलाली नियन्त्रण गर्नु, संलग्न कर्मचारी प्रशासनलाई अनुशासित र आचरण र नैतिकवान् हुन अभिप्रेरित गर्नु, ठगीमा संलग्नलाई कसैले संरक्षण नगर्ने गरी कारबाहीको दायरामा ल्याउनु, विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण मिलाई विप्रेषणकर्तालाई प्रोत्साहन गर्नु, सामाजिक सुरक्षाको दायरामा ल्याउनु र फर्केका सीपयुक्त जनशक्तिलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुजस्ता चुनौती छन्।

पछिल्लो अवधिमा सरकारले श्रम आप्रवासनलाई गुनासोरहित बनाउन सघन रूपमा कार्यान्वयन गरेका नीति तथा कार्यक्रम श्रम सहचारीको व्यवस्था, संकटमा परेका श्रमिकको द्रुत सुनुवाइ, उद्धार, आश्रय, स्वदेश फिर्ती, क्षतिपूर्ति, दलालीलाई कारबाही, सामाजिक सुरक्षा कोषमा आबद्धता, व्यवसाय कर्जा, बचतपत्रमा आरक्षणजस्ता पहलको प्रभावकारिता बढ्दै गएको छ।




> श्रमिक अनौपचारिक बाटो समातेर जाँदा उद्धारको प्राथमिकतामा परेनन्, क्षतिपूर्ति दाबीमा कानुनी आधार कमजोर भयो, बीचैमा फर्किंदा थप ऋण लिनुपर्ने भयो। दुर्भाग्य ! कति त दुर्घटनामा परी कफिनमा फर्किए।

वास्तवमै वैदेशिक रोजगारीका अभिन्न अंग हुन् र बन्नुपर्छ। समस्या अझ दक्ष र अदक्ष जनशक्तिको मात्रै होइन, प्लस टु मात्र पास गरेका टिनएजर, राज्यले नै ठूलो मूल्य चुकाएर तयार गरेका यसरी हेर्दा सरकारले सोझै श्रम सम्झौता गरेका मुलुकबाहेक अन्य सबै श्रमशक्ति निर्यात गर्ने प्रक्रिया र देश सधैं विवादित बन्ने गरेका छन्। त्यसैले वैदेशिक रोजगारीबाट निस्केका सकारात्मक र नकारात्मक नतिजाहरूको यथार्थ विश्लेषण गरी वैदेशिक रोजगारीलाई छोटो अवधिको रोजगारी विकल्पको रूपमा लिई देशको श्रमशक्तिलाई देशमै रोजगारी सिर्जना गर्न विभिन्न क्षेत्रगत रोजगारीका योजना निर्माण गरी व्यवहारमा उतार्नु जरुरी छ। यस्तै, वैदेशिक रोजगारीबाट ज्ञान र सीप लिई फर्केका युवायुवतीलाई सहुलियतपूर्ण कर्जासहित उत्पादन क्षेत्रमा लगाउनु आवश्यक देखिन्छ। अझ महत्त्वपूर्ण विषय भनेको खुला विश्वमा विकसित देशहरूले नेपाली जनशक्ति जान किन रोक लगाएका छन् ? ती देशलाई त्यो अवसर खुला गर्न लगाउने पहल सरकारले गर्नुपर्ने देखिन्छ।

---


**अर्थ जानकारी**

## नेपाल धितोपत्र बोर्ड कुन किसिमको निकाय हो ?

नेपालको धितोपत्र बजारको नियमन र सुधार तथा विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने उद्देश्यले धितोपत्रसम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित नेपाल सरकारको पुँजी बजारको नियमन निकाय नेपाल धितोपत्र बोर्ड हो। धितोपत्रको निष्कासन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नका लागि नेपाल सरकारबाट ०५० जेठ २५ गते बोर्डको स्थापना भएको हो। साथै, वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको संरक्षण, वस्तुको कारोबार, राफसाफ तथा फर्स्योट र वेयर हाउस सञ्चालनसम्बन्धी व्यवसायलाई नियमन गर्न वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ जारी भएपश्चात् बोर्डमा वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारीसमेत रहेको छ। *-धितोपत्र बोर्ड*




**बिजनेस @**



डा. देवेन्द्रराज पाण्डेय, पूर्वकूटनीतिज्ञ

बजेटमा अनावश्यक र कम आवश्यक खर्च कटौती गरेर वित्तीय असन्तुलन सपार्छु भन्ने अर्थमन्त्री प्रकाशशरण महतले तथाकथित संसद् (सांसद ?) विकास कोषको नाममा बजेट छुट्याए भने यी पनि आया राम गया राम अर्थमन्त्री हुनेछन्।

सुमना श्रेष्ठ, प्रतिनिधिसभा सदस्य



भ्रष्टाचारका मुद्दा हेर्ने दुई मुख्य पात्रः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख र प्रधानन्यायाधीशको नियुक्ति गर्ने संवैधानिक परिषद्को निर्णायक अधिकार संसदीय सुनुवाइ समितिसँग छ। यस्तो महत्त्वपूर्ण समिति पनि राजनीतिक भागबन्डामा नै गर्ने हो भने शक्तिपृथकीकरण कसरी कायम होला त ?



डा. रामेश कोइराला, चिकित्सक

बेरोजगारी, आर्थिक मन्दी र भविष्यप्रति चरम निराशाले उम्लिरहेको असन्तोषको सुषुप्त ज्वालामुखीलाई हालैको राजनीतिक तथा सरकारी उच्च तहले गरेको शरणार्थीसम्बन्धी भ्रष्टाचारले विद्रोहको विस्फोट गराउन तम्तयार बनाएको छ। फगत दुई कुराको कमी देखिन्छ, एक- विद्रोहको लक्ष्य र दुई- विद्रोहको नाइके।

---

**अर्थ ज्ञान**

## विदेशबाट आउने यात्रुले महसुल सुविधामा कतिवटा मोबाइल ल्याउन पाउँछन् ?

विदेशबाट फर्किने यात्रुले आफूले प्रयोग गरिरहेको एक थान मोबाइल फोन भन्सार महसुल नतिरी ल्याउन पाउनेछन्। श्रमस्वीकृति लिएर वैदेशिक रोजगारमा गई कम्तीमा लगातार ६ महिना काम गरी फर्केका नेपाली नागरिकले थप एउटा मोबाइल फोनसमेत ल्याउँदा कुनै पनि महसुल लाग्नेछैन।

नेपालमा मोबाइल फोनको नियमन गर्न नेपाल दूरसञ्चार प्राधिकरणले एमडिएमएस (मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम) कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा दर्ता नभएका मोबाइल फोन सञ्चालन हुनेछैनन्।




**एक** : नेपाल सरकारको २६ वैशाख ०८० को मन्त्रिपरिषद्को निर्णयअनुसार विदेशबाट फर्किने यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल महसुल नतिरी ल्याउन पाउने एक थान मोबाइल फोन सेटको घोषणा भन्सार कार्यालयमा गर्नुपर्दैन। उक्त फोन नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणालीमा व्यक्ति स्वयंले अनलाइन माध्यमबाट दर्ता गर्न सक्नेछन्।

**दुई** : श्रमस्वीकृति लिएर वैदेशिक रोजगारमा गई कम्तीमा लगातार ६ महिना काम गरी फर्केका नेपाली नागरिकले महसुल सुविधामा ल्याउन पाउने थप एक थान मोबाइल फोनको सम्बन्धमा भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया पूरा गर्नुपर्नेछ।

*- भन्सार विभाग*

## मनिचेन्जर कम्पनीले इजाजतपत्र नवीकरणका लागि वार्षिक कति शुल्क बुझाउनुपर्छ ?

- भारतीय रुपैयाँ खरिद-बिक्री कारोबारका लागि दुई हजार रुपैयाँ।
- परिवर्त्य विदेशी मुद्राको खरिद कारोबारका लागि तीन हजार रुपैयाँ।
- उपर्युक्त दुवै कारोबारका लागि पाँच हजार रुपैयाँ।
- विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानीबापतको सटही सुविधासमेत प्रदान गर्ने कारोबारका लागि थप दुई हजार रुपैयाँ।

[ अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं। email: arthapatrika@gmail.com ]

---

# सेमिकन्डक्टर इन्डस्ट्रीमार्फत भारतमा नयाँ क्रान्ति

## सन् २०२७ सम्म कम्प्युटर चिप्ससमेत उत्पादन गर्ने भारतको सेमिकन्डक्टर बजार तीन वर्षमा ८० अर्ब डलरको हुने अनुमान गरिएको छ


भारतमा २१औं शताब्दीको सुरुवात कल सेन्टरको क्रान्तिबाट सुरु भयो। उक्त क्रान्ति अहिले मधुरो भएको छ। तर, भावी दिनमा फेरि त्यही समय दोहोरिन नसक्ला भन्न सकिँदैन। आउटसोर्सिङमार्फत नै एउटा छुट्टै खालको क्रान्ति अर्थात् आइटी सेक्टरसँग जोडिएको सम्भावनाले भारत म्यानुफ्याक्चरिङ इन्डस्ट्रीको ढोका ढकढकाएको छ।

एप्पलको ग्याजेट एसेम्बल गर्ने ठूलो ताइवानी इलेक्ट्रोनिक म्यानुफ्याक्चरिङ कम्पनी फक्सकनले तेलंगानामा प्लान्ट लगाउने भएको छ। केही समयमा कारखाना सुरु हुने आशा गरिएको छ। हालसालै मात्र भारतको वन्दे मातरम् ग्रुपले चालू आर्थिक वर्षको अन्तिम त्रैमासमा संयुक्त उपक्रमअन्तर्गत आफ्नो सेमिकन्डक्टर प्लान्ट लगाउन सुरु गर्ने र सन् २०२७ सम्ममा कम्प्युटर चिप्स पनि उत्पादन गर्ने बताएको छ।

भारत सरकारले यो उद्योगलाई कर छुट दिने तथा अन्य रूपमा अर्बौं डलरको सुविधा दिने घोषणा सन् २०२१ मै गरेको थियो। यसका पछाडि विशेष भूमिका भएको पाइन्छ। वेदान्ता र टाटा इलेक्ट्रोनिक्स दुवैले भारतमा औसेट (आउटसोर्स्ड सेमिकन्डक्टर एसेम्बली एन्ड टेस्ट) स्थान पनि खोज्नेछन्। यसमा तयारी अवस्थामा मगाइएका कम्प्युटर चिप्सलाई विभिन्न उपकरणमा लगाएर परीक्षण गर्ने गरिन्छ।

ताइवानी सञ्चारमाध्यमका अनुसार विश्वकै ठूलो सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी टिएसएमसी या पावर चिप सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ कर्पोरेसनका तर्फबाट पनि भारतमा औसेट कारोबार सुरु गर्न पहल हुन सक्छ।

सस्तो प्रविधि-श्रमका कारण अहिलेसम्म आउटसोर्सिङमा चीनको एकछत्र राज थियो। पछि लगातार दुई अमेरिकी राष्ट्रपतिको प्रयासमा चीनलाई



> सस्तो प्रविधि-श्रमका कारण अहिलेसम्म आउटसोर्सिङमा चीनको एकछत्र राज थियो। पछि लगातार दुई अमेरिकी राष्ट्रपतिको प्रयासमा चीनलाई सेमिकन्डक्टरसँग जोडिएका हरेक क्षेत्रमा छिन्नभिन्न पारियो। त्यसपछि भारत र भियतनामले औसेटको काममा आफ्नो दाबेदारी प्रस्तुत गर्दै आइरहेका छन्।

सेमिकन्डक्टरसँग जोडिएका हरेक क्षेत्रमा छिन्नभिन्न पारियो। त्यसपछि भारत र भियतनामले औसेटको काममा आ-आफ्नो दाबेदारी प्रस्तुत गर्दै आइरहेका छन्।

अहिले समय यति परिवर्तन भयो कि कुनै यस्तो इलेक्ट्रोनिक्स सामान भेट्टाउन मुस्किल छ, जसमा सेमिकन्डक्टर नलागेको होस्। कम्प्युटरदेखि मोबाइल फोन, टिभी, फ्रिज, एसी र थर्मोमिटरसम्म सेमिकन्डक्टर लाग्छ। इमेज प्रोसेसिङदेखि डेटा प्रोसेसिङसम्म र टेम्प्रेचर कन्ट्रोलदेखि सूचनाको पहुँचसम्म पुग्ने सबै काम सेमिकन्डक्टर्समार्फत हुन्छ। यसको सानो टुक्राको भूमिका केवल स्विच अन र अफसम्म सीमित छैन। तर, अहिले सेमिकन्डक्टरको आकार सानो भए पनि काम ठूलो छ। आजभन्दा २५ वर्षअघि जे काम असम्भव ठानिएको थियो, त्यो सबै काम सेमिकन्डटरको प्रयोगले सम्भव भएको छ।

खोज्दै जाँदा सेमिकन्डक्टर इन्डस्ट्रीको जग सिलिकन वेफरमा अडिएको पाइन्छ, जसको उत्पादनमा चीनकै दबदबा छ। योसँग जोडिएका कामको सुरुवात विश्वका विभिन्न ठाउँमा हुने गर्छ। यसमा नयाँ माइक्रो प्रोसेसर डिजाइन गर्नु पहिलो नम्बरमा आउँछ, जुन बौद्धिक सम्पत्ति अधिकार (इन्टेलेक्चुअल राइट्स) अन्तर्गत आउँछ। अमेरिकी कम्पनी इन्टेल र बेलायती कम्पनी एआरएम सेमिकन्डक्टर उद्योगमा लोकप्रिय छन्। दक्षिण कोरियाली कम्पनी सामसङको दबदबा डाइनामिक च्यान्डम एक्सेस मेमोरी (ड्र्याम) मा कायम छ। एकीकृत सर्किट (आइसी) बनाउनमा यी चिजको भूमिका महत्त्वपूर्ण हुन्छ। यस्तै, चिप डिजाइनिङ अर्थात् सिलिकन वेफमा सर्किटको खाका खिच्न अमेरिकी कम्पनी क्वालकम, ब्रोडकम र एनभिडियाको बोलवाला छ।

चिप्सलाई अन्तिम रूप दिने ताइवानी कम्पनी टिएसएमसी सबभन्दा अगाडि छ। सो कम्पनीले सिलिकन वेफर्समा सर्किट छापेर चिपको नक्सा बनाउँछ। उसैले तय गरेको ठाउँमा माइक्रो प्रोसेसर र ड्र्याम लगाइन्छ। यसका लागि जिन लिथोग्राफी (छापा) मेसिनको प्रयोग हुन्छ। यसलाई बनाउने कम्पनी हो, नेदरल्यान्ड्सको एएसएमएल होल्डिङ। यसैगरी, लिथोग्राफीका लागि मसिका रूपमा काम आउने केमिकल अर्गन फ्लोराइड बनाउने काम भने जापानले गर्छ।

चिप बनेर तयार भएपछि पनि सीधै प्रयोगमा ल्याउन सकिँदैन। जसरी दिमागले काम गर्न शरीर चाहिन्छ, त्यसैगरी चिप चल्न इलेक्ट्रोनिक उपकरण चाहिन्छ। यसका लागि चिप एसेम्बलिङ र टेस्टिङको चरण पार गर्नुपर्छ। भारतमा ठूलो संख्यामा सीपयुक्त रोजगारी अहिले औसेटबाट नै छ। यस्तो स्थितिमा चिन्ता पनि छँदैछ। चिन्ता के भने कतै चीनले विकसित देशको सेटिङ पुनः नबनाओस् र आर्टिफिसियल इन्टेलिजेन्सले औसेटको अस्तित्व नै संकटमा नपारोस्।

भारतमा सन् २०२६ सम्म ८० अर्ब डलरको सेमिकन्डक्टर बजार हुने अनुमान गरिएको छ। तुलनात्मक दृष्टिले हेर्दा चीनको सेमिकन्डक्टर बजार सन् २०२२ मै १९२ अर्ब डलरको अनुमान गरिएको थियो। विश्वका १० शीर्ष चिप निर्माता कम्पनीको संयुक्त मार्केट नेटवर्थ सन् २०२१ मा २९० खर्ब डलर मानिन्थ्यो। तर, रुस-युक्रेन युद्ध सुरु भएपछि नोभेम्बर २०२२ मा घटेर १९० खर्ब डलर पुग्यो।

*- एजेन्सी*

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १२ जेठ ०८०

# १७ अर्बको पेट्रोलियम परियोजना भारतले बनाइदिने

## प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा दुई पाइप लाइन र एक भण्डारणगृह बनाउने सम्झौता हुँदै, ९.८८ अर्बको भण्डारणगृह निगमले नै बनाउने

**अजित अधिकारी**/नयाँ पत्रिका

१७ अर्ब एक करोड लागत अनुमान गरिएको पेट्रोलियम पाइपलाइन र भण्डारणगृहका तीनवटा परियोजना भारतीय अनुदानमा निर्माण हुने भएका छन्। तीनवटै परियोजना भारतीय अनुदानमा बनाउन एक साताअघि बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृतिसमेत दिइसकेको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले जानकारी दिए। 'साताअघि बसेको मन्त्रिपरिषद् बैठकबाट तीनवटै परियोजना भारतीय अनुदानमा निर्माण गर्ने निर्णय भएको छ,' मन्त्री रिजालले भने।

यसबाहेकका चितवनको लोथरमा प्रस्तावित भण्डारणगृह भने आयल निगम आफैंले निर्माण गर्ने निर्णय भएको मन्त्री रिजालले बताए। प्रधानमन्त्री प्रचण्डको १७ जेठदेखि तय भएको भारत भ्रमणका क्रममा भारतीय अनुदानमा निर्माण गर्ने परियोजनाका विषयमा हस्ताक्षर हुनेछ। निर्माण हुन लागेका चारवटै परियोजनाको रुट सर्भे र लागत अनुमान दुई वर्षअघि नै टुंगो लागिसकेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार भारतले अनुदानमा बनाइदिन लागेको अमलेखगन्ज-चितवन पेट्रोलियम पाइपलाइनको लम्बाइ ६२ किलोमिटर हुनेछ। यो पाइपलाइन निर्माणको लागत चार अर्ब ३८ करोड अनुमान गरिएको छ। पाइपलाइनबाट आएको इन्धन भण्डारण गर्न लोथरमा एक लाख तीन हजार एक सय ५० किलोलिटर क्षमताको भण्डारणगृह बनाउनुपर्ने प्रस्ताव छ।

लोथरमा पाँच वर्षअघि नै निगमले २३.२ बिघा जग्गा किनेर राखेको छ। सोही जग्गामा पेट्रोल ४२ हजार ५० किलोलिटर, डिजेल ६० हजार ५० किलोलिटर र मट्टीतेल एक हजार ५० किलोलिटर भण्डारण गर्न मिल्ने स्टोरेज ट्यांक बनाउनुपर्ने आयल निगमको प्रस्ताव छ। यो भण्डारणगृह बनाउन नौ अर्ब ८८ करोड रुपैयाँ लागत अनुमान गरिएको छ। भारतले अनुदानमा पाइपलाइन बनाउन सुरु गरे निगमले आफ्नै खर्चमा लोथरमा भण्डारणगृह बनाउनुपर्नेछ।

त्यस्तै, भारतीय अनुदानमा बनाउने निर्णय भएको सिलिगुडीदेखि झापाको चारआलीसम्मको पेट्रोलियम पाइपलाइनको लम्बाइ ५० किलोमिटरको हुनेछ र यसको लागत अनुमान चार अर्ब ६० करोड रुपैयाँ गरिएको छ।

भारतले चारआलीमै भण्डारणगृहसमेत बनाइदिनेछ। यसको लागत आठ अर्ब तीन करोड रुपैयाँ अनुमान गरिएको छ। यहाँ निगमले पाँच वर्षअघि १९.१८ बिघा जग्गा किनेर राखेको छ। सो जग्गामा ४१ लाख सात सय ५० किलोलिटर इन्धन अटाउने भण्डारणगृह बनाइनेछ। यहाँ पेट्रोलको १२ हजार ५० किलोलिटर, डिजेलको २८ हजार ५० किलोलिटर, मट्टीतेलको चार सय किलोलिटर र एलपी ग्यासको एक हजार दुई सय ५० किलोलिटर क्षमताको भण्डारणगृह बनाउनुपर्ने प्रस्ताव छ।



बाराको अमलेखगन्जदेखि चितवनको लोथरसम्म पाइपलाइन, भारतको सिलगुडीदेखि झापाको चारआलीसम्मको पाइपलाइन र चारआलीमा पेट्रोलियम भण्डारणगृह निर्माण गर्ने तीनवटै परियोजना भारतीय अनुदानमा बनाउन एक साताअघि बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृतिसमेत दिइसकेको छ।

● **रमेश रिजाल**, मन्त्री उद्योग वाणिज्य तथा आपूर्ति

### भारतीय अनुदानमा बन्ने परियोजना

| विवरण | रुपैयाँ |
|---|---|
| अमलेखगन्ज-चितवन पाइपलाइन | ४ अर्ब ३८ करोड |
| सिलगुडी-झापा पाइपलाइन | ४ अर्ब ६० करोड |
| **झापा भण्डारणगृह** | ८ अर्ब तीन करोड |
| ● पेट्रोल भण्डारण : १२,०५० किलोलिटर | |
| ● डिजेल भण्डारण : २८,०५० किलोलिटर | |
| ● मट्टीतेल भण्डारण : ४०० किलोलिटर | |
| ● ग्यास भण्डारण : १,२५० किलोलिटर | |

### नेपालले बनाउने परियोजना

| विवरण | रुपैयाँ |
|---|---|
| **चितवनस्थित भण्डारणगृह** | ९ अर्ब ८८ करोड |
| ● पेट्रोल भण्डारण : ४२,०५० किलोलिटर | |
| ● डिजेल भण्डारण : ६०,०५० किलोलिटर | |
| ● मट्टीतेल भण्डारण : १,०५० किलोलिटर | |

सरकारले ०७२ यता ९० दिनको माग धान्ने गरी पेट्रोलियम भण्डारणगृह निर्माण गर्ने घोषणा गर्दै आए पनि बल्ल अहिले प्राथमिकतामा परेको हो। तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले ९ कात्तिक, ०७६ मा अमलेखगन्ज-चितवन पाइपलाइनको सर्भे गर्न शिलान्यास गरेयता कुनै ठोस प्रगति भएको थिएन।

### ■ सुक्खा बन्दरगाह उद्घाटन र शिलान्यास

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा नेपालगन्जस्थित सुक्खा बन्दरगाहको उद्घाटन गर्ने कार्यक्रम रहेको उद्योगमन्त्री रमेश रिजालले जानकारी दिए। 'नेपालगन्जको सुक्खा बन्दरगाहको दुई देशका प्रधानमन्त्रीले भारतबाटै उद्घाटन गर्ने कार्यक्रम छ। त्यस्तै, भैरहवामा सुक्खा बन्दरगाह बनाउन दुवै देशका प्रधानमन्त्रीले शिलान्यासमेत गर्नुहुनेछ,' मन्त्री रिजालले भने। त्यसैगरी, चाँदनी-दोधरा सुक्खा बन्दरगाह निर्माणका लागि प्रारम्भिक सम्झौतापत्रमा हस्ताक्षर हुनेछ।

# दीर्घकालीन विद्युत् व्यापार समझदारीको नेपालले प्रस्ताव गर्ने, बुटवल-गोरखपुर प्रसारण लाइन शिलान्यास हुने

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा नेपाल र भारतबीच मध्यकालीन र दीर्घकालीन विद्युत् व्यापारको समझदारी गर्ने प्रस्ताव लगिने भएको छ। प्रधानमन्त्री प्रचण्डले गर्ने १७ जेठदेखिको भारतको भ्रमणमा मध्यकालीन र दीर्घकालीन विद्युत् व्यापारको समझदारी गर्ने प्रस्ताव लैजान लागिएको हो।

गत फागुनमा राजस्थानमा सम्पन्न नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी)को १०औं बैठकमा दीर्घकालीन विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न सहमति भएको थियो। त्यसका लागि नेपालले छुट्टै प्रस्ताव गरेर अन्तरसरकारी पिपिए गर्ने भनिएको थियो। सोहीअनुसार प्रधानमन्त्रीको भारत भ्रमणमा नेपाल-भारतबीच दीर्घकालीन विद्युत् व्यापार अर्थात् पिपिएको समझदारी गर्ने प्रस्ताव पेस गर्न लागिएको हो।

अहिले नेपाल-भारतबीच अल्पकालीन रूपमा विद्युत् व्यापार हुँदै आएको छ। नेपाल विद्युत् प्राधिकरणले अहिले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत दैनिक बिड गरेर विद्युत् खरिद-बिक्री गर्दै आएको छ। प्राधिकरणले बर्खामा भारतमा विद्युत् बिक्री गर्छ भने हिउँदमा भारतबाटै आयात गर्दै आएको छ। तर, उक्त मार्केटमा विद्युत् बिक्री गर्न निश्चित आयोजनालाई स्रोत मानेर भारत सरकारको पूर्वस्वीकृति लिनुपर्छ। त्यसको म्याद पनि जम्मा एक वर्षको मात्रै हुन्छ। त्यसले नेपाली बिजुलीका लागि भारतीय बजार अन्योलमै छ। सोही अवस्थालाई दृष्टिगत गर्दै गत फागुनमा सम्पन्न द्विपक्षीय ऊर्जा बैठकमा दीर्घकालीन पिपिए गर्ने सहमति भएको थियो। अब प्रधानमन्त्रीको भारत भ्रमणमा यस सम्बन्धमा समझदारी नै गरिने भएको हो। त्यसपछि नेपाल विद्युत् प्राधिकरण र भारतको एनटिपिसी विद्युत् व्यापार निगमबीच अन्तिम सम्झौता अर्थात् पिपिए गरिनेछ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रधानमन्त्रीको भारत भ्रमणमा यसबारे समझदारी हुन सक्ने बताए। 'अहिले नै पिपिए हुने अवस्था तयार भइसकेको छैन। त्यसका लागि धेरै काम गर्न बाँकी छ,' उनले भने, 'तर, प्रधानमन्त्रीको आसन्न भारत भ्रमणमा यसबारे समझदारी हुन सक्छ।' ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका एक अधिकारीले पनि प्रधानमन्त्रीको भारत भ्रमणमा दीर्घकालीन विद्युत् व्यापार गर्ने सम्बन्धमा समझदारी गर्ने प्रस्ताव तयार गरिएको बताए।

स्रोतका अनुसार दीर्घकालीन रूपमा गरिने पिपिएको अवधि २५ वर्षको हुनेछ। मध्यकालीन पिपिएको अवधि भने पाँच वर्षदेखि सात वर्षको बनाउने तयारी भइरहेको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

अहिले प्राधिकरणले भारतीय इनर्जी एक्सचेन्ज मार्केटमा दैनिक बिड गरेर विद्युत् बिक्री गर्दै आएको छ। त्यसो गर्दा त्यहाँ स्थिर मूल्य भने हुँदैन। यद्यपि, भारतले उक्त बजारमा विद्युत् खरिद-बिक्रीको गर्न अधिकतम १२ भारुको सीमा तोकेको छ। सोही सीमामा रहेर प्राधिकरणले भारतको उक्त मार्केटबाट विद्युत् खरिद-बिक्री गर्दै आएको छ।

### ■ फुकोट कर्णालीमा एनएचपिसी साझेदार बनाउने समझदारी गरिने

चार सय ८० मेगावाटको फुकोट-कर्णाली अर्धजलाशययुक्त विद्युत् आयोजनामा भारतीय कम्पनी एनएचपिसीलाई साझेदार बनाउने विषयमा पनि समझदारी तयारी गरिएको छ। गत फागुनमै सम्पन्न द्विपक्षीय ऊर्जा बैठकमा यसबारे आन्तरिक सहमति भएको थियो। प्रधानमन्त्रीको भ्रमणमा यसलाई टुंगोमा पुऱ्याइने ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए।

सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनी लिमिटेडले यस आयोजनाको निर्माण प्रक्रिया अघि बढाइरहेको थियो। त्यसमा एनएचपिसीलाई ५१ प्रतिशत सेयर स्वामित्व दिएर साझेदार बनाउन लागिएको हो। यसका लागि एमओयूको मस्यौदासमेत तयार भइसकेको छ। मस्यौदाअनुसार यस आयोजनाबाट २१.९ प्रतिशत विद्युत् नेपालले निःशुल्क पाउनेछ। यस्तै, आयोजनालाई आवश्यक पर्ने लगानी (स्वपुँजीबाहेक) र विद्युत्को बजार खोज्ने काम पनि एनएचपिसीले नै गर्ने सहमति भइसकेको छ। साथै, लाइसेन्स, अध्ययन तथा सडक निर्माणलगायतका शीर्षकमा हालसम्म भएको खर्चलाई पुँजीकरण गर्ने सहमति भएको छ। कालीकोट जिल्लामा बन्ने उक्त आयोजनामा ९२ अर्ब तीन करोड लागत अनुमान गरिएको छ।

### ■ दोस्रो अन्तरदेशीय प्रसारण लाइनको शिलान्यास

भ्रमणमा दोस्रो अन्तरदेशीय प्रसारण लाइन बुटवल-गोरखपुर (भारतखण्ड)को शिलान्यास गर्ने एजेन्डा पनि रहेको छ। उक्त प्रसारण लाइन संयुक्त लगानीमा बनाउन प्राधिकरण र पावर ग्रिड कर्पोरेसन अफ इन्डियाले भारतमा संयुक्त कम्पनी स्थापना गरिसकेका छन्। हाल त्यसको निर्माण पूर्वतयारीको काम भइरहेको छ। यसका लागि टेन्डरसमेत आह्वान भइसकेको छ। अब त्यसको निर्माण सुरु गर्न दुवै देशका प्रधानमन्त्री संयुक्त रूपमा शिलान्यास गर्ने कार्यक्रम रहेको छ।

### ■ नेपाल-बंगलादेश व्यापारबारे पनि एजेन्डा

यसैगरी नेपालबाट बंगलादेशमा विद्युत् निर्यात गर्ने सम्बन्धमा पनि आवश्यक समझदारी गर्ने तयारी गरिएको छ। हालै सम्पन्न नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय बैठकमा बंगलादेशले भारतीय प्रसारण लाइनमार्फत नेपालबाट ४० मेगावाट विद्युत् किन्ने सहमति गरेको छ। त्यसका लागि भारतलाई समेत सहभागी गराएर त्रिपक्षीय पिपिए सम्झौता गर्ने सहमति भएको थिये। यसलाई अन्तिम रूप दिन प्रधानमन्त्रीको भ्रमणमा आवश्यक समझदारी गर्ने तयारी गरिएको स्रोतको भनाइ छ। स्रोतका अनुसार यसका लागि बंगलादेशले भारतमा प्रस्ताव पठाइसकेको छ।

# भैरहवा विमानस्थलको सेवा शुल्कमा थप एक वर्ष छुट

## २९ जेठदेखि नेवानिको मलेसिया-भैरहवा उडान, भाडा साढे ११ हजार

**नवीन अर्याल**/नयाँ पत्रिका

भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए)मा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवाले थप एक वर्षसम्म विभिन्न सेवा शुल्क छुट पाउने भएका छन्। सरकारले ल्यान्डिङ, पार्किङ, नेभिगेसन, सुरक्षा जाँच र ग्राउन्ड ह्यान्डलिङ सेवा शुल्कमा दिइएको छुट थप एक वर्षसम्म निरन्तरता दिने निर्णय गरेको हो।

२ जेठ ०७९ देखि सञ्चालनमा आएको विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई आकर्षित गर्न भन्दै ल्यान्डिङ, पार्किङ, नेभिगेसन, सुरक्षा शुल्कमा शतप्रतिशत र ग्राउन्ड ह्यान्डलिङ सेवामा ५० प्रतिशत छुट दिइँदै आएको छ। गत १४ जेठदेखि लागू गरिएको छुट सुविधा यही शनिबार सकिँदै थियो। तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले १३ जेठ ०८१ सम्म छुट सुविधा उपलब्ध गराउने निर्णय गरेको हो।

अन्तर्राष्ट्रिय वायुसेवालाई सेवा शुल्कमा दिइएको छुट सुविधा थप एक वर्षसम्म निरन्तरता दिने निर्णय भएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता जगन्नाथ निरौलाले बताए। भैरहवामा सेवा शुल्क छुट दिए पनि अन्तर्राष्ट्रिय वायुसेवा आकर्षित हुन सकेका छैनन्। विमानस्थल उद्घाटनकै दिनदेखि नै सातामा तीन उडान गर्दै आइरहेको कुवेतको जजिरा एयरवेजले पनि अहिले उडान रोकेको छ। ३१ अर्बभन्दा बढी लगानी भएको विमानस्थल सञ्चालनको पहिलो वार्षिकोत्सव मनाइरहँदा एउटै अन्तर्राष्ट्रिय उडान छैन।

नेपाल वायुसेवा निगम (नेवानि)ले २९ जेठदेखि मलेसियाबाट भैरहवा नियमित उडान गर्न लागेको छ। न्यारोबडी एयरबस ३२० विमानबाट काठमाडौं-क्वालालम्पुर-भैरहवा-काठमाडौं सेक्टरमा चक्रिय उडान गर्न लागेको हो।

नेवानिले मलेसिया-भैरहवा-काठमाडौंका लागि टिकट बुकिङसमेत खुला गरेको छ। मलेसियाबाट भैरहवासम्मका लागि प्रतियात्रु भाडा ११ हजार चार सय ६१ र मलेसियाबाट भैरहवा हुँदै काठमाडौंसम्मको प्रतियात्रु १२ हजार तीन सय ४६ रुपैयाँ भाडा तोकिएको छ।

नेवानिले सुरुमा सार्वजनिक गरेको भाडा पनि घटाएर बिहीबार नयाँ भाडादर सार्वजनिक गरेको हो। यसअघि मलेसिया-भैरहवा १२ हजार सात सय र मलेसिया-भैरहवा-काठमाडौं १४ हजार सात सय २० रुपैयाँ भाडा तोकिएको थियो। नेवानिको जहाज सोमबार साँझ ८:५० बजे काठमाडौंबाट मलेसियातर्फ उड्नेछ भने मंगलबार बिहान ७:३० बजे भैरहवामा अवतरण गर्नेछ।



### ■ अस्ट्रेलिया सीधा उडानको तयारी

नेपाल वायुसेवा निगमले काठमाडौंबाट अस्ट्रेलिया सीधा उडानको तयारी थालेको छ। अस्ट्रेलियाको सिड्नी विमानस्थलमा अवतरण गर्नका लागि स्लट पाइसकेको निगमका सहप्रवक्ता गणेशकुमार घिमिरेले बताए। 'हप्ताको दुई दिन अस्ट्रेलिया उडान गर्न सिड्नी विमानस्थलमा स्लट पाइसकेका छौं,' उनले भने, 'अब व्यावसायिक उडान सुरु गर्नका लागि थप प्रक्रियामा काम भइरहेको छ।'

नेवानिले बुधबार र शनिबार काठमाडौंबाट अस्ट्रेलियाका लागि र बिहीबार र आइतबार अस्ट्रेलियाबाट काठमाडौं उड्नका लागि समय पाएको बताइएको छ। सिंगापुरमा टेक्निकल ल्यान्डिङ गरेर अस्ट्रेलिया उडानका लागि काम भइरहेको घिमिरेले बताए। 'प्रक्रिया सुरु भइसकेको छ, उडान सुरु गर्न अझै केही समय लाग्नेछ,' उनले भने।

# बजेटमा कृषिलाई प्राथमिकता कार्यान्वयनमा सधैं उपेक्षा

**भोजराज भण्डारी**/नयाँ पत्रिका

प्रत्येक वर्षको नीति-कार्यक्रम र बजेटमा कृषि क्षेत्रलाई प्राथमिकतामा राखिए पनि कार्यान्वयन पक्ष फितलो हुने गरेको छ। जसकारण कृषि क्षेत्रको समग्र योगदान र वार्षिक वृद्धिदरसमेत खुम्चिँदै आएको छ।

१० वर्षअघि आव ०६८/६९ मा कृषि क्षेत्रको वृद्धिदर ४.५८ प्रतिशतसम्म रहेको थियो। तर, अहिले खुम्चिएर आव ०७८/७९ मा २.३७ प्रतिशतमा कायम भएको छ। त्यस्तै, कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा १० वर्षअघि ३३ प्रतिशतसम्म योगदान गर्ने कृषि क्षेत्रको भूमिका अहिले २५ प्रतिशतभन्दा तल झरिसकेको छ।

कृषि क्षेत्रको समग्र अवस्था नै कमजोर बन्नुमा सरकारले लिएको नीति कार्यान्वयन नहुनु नै प्रमुख रहेको कृषिविज्ञहरू बताउँछन्। बजेट र नीति-कार्यक्रममा कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिए पनि कार्यान्वयन पक्ष सधैं कमजोर बन्ने गरेको छ। विगतका बजेट र नीति-कार्यक्रममा सरकारले योगदानमा आधारित किसान पेन्सन योजनालाई अघि बढाएको थियो। बर्सेनि दोहोरिने यो योजनालाई चालू आर्थिक वर्षको बजेटमा फरक ढंगले समेटिएको छ। बजेट वक्तव्यको बुँदा नम्बर ३५ मा भनिएको छ, 'किसान हुनुमा आत्मसम्मान र गौरव वृद्धि गर्न किसानसँग सरकार कार्यक्रमअन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना सुरुवात गर्न किसान हित कोष स्थापना गरिनेछ। उक्त कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम नेपाल सरकारले जम्मा गरिदिने व्यवस्था मिलाइनेछ।' तर, यो योजना आर्थिक वर्षको ११ महिनासम्म पनि कार्यान्वयनमा आएको छैन।

त्यस्तै, धान मकै, गहुँ र उखुको समर्थन मूल्य समयमै तोकिने हरेक बजेटमा उल्लेख हुन्छ। तर, किसानले समयमै धानको समर्थन मूल्य नतोक्दा सस्तो मूल्यमा बेच्न बाध्य छन्। यस वर्ष पनि खाद्य व्यवस्था कार्यालयले किसानको करिब १० प्रतिशत मात्र धान किनेको छ। बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्नुपर्ने प्रावधान भए पनि सरकारले विभिन्न बहानामा बिचौलियालाई प्रोत्साहन गर्दै आइरहेको छ। यसले किसानको लागत खर्चसमेत उठ्न पाउँदैन।

त्यस्तै, चालू आर्थिक वर्षको बजेटमा संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि १० अर्ब विनियोजन गरिएको थियो। सरकारले हरेक वर्ष आत्मनिर्भर योजनालाई निरन्तर नीति तथा कार्यक्रम र बजेटमा समेत राख्दै आएको वर्षौं भए पनि आत्मनिर्भर बन्न सकेको छैन। त्यस्तै, सरकारले चालू आर्थिक वर्षको आधारभूत कृषि उत्पादन धान, मकै, गहुँ, तरकारी र फलफूलको आयातलाई ३० प्रतिशत कम गर्ने भनिएको थियो। तर, अहिले खर्बौं रुपैयाँको आयात गर्नुपर्ने अवस्थामा छौं। आर्थिक वर्ष ०७८/७९ मा ४५ अर्ब ५७ करोड रुपैयाँको धान-चामल मात्र आयात गरिएको छ। त्यस्तै, सबैभन्दा धेरै भान्सामा खपत हुने आलु मात्र आठ अर्ब १९ करोड रुपैयाँको आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ। सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि यस वर्ष आत्मनिर्भरको कार्यक्रमलाई प्राथमिकता साथ उठाएको छ।

संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँझो एवं उपयोगविहीन खेतीयोग्य जमिन कृषक, कृषक सहकार्य समूह तथा कृषक सहकारीलाई लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइने बजेटमा उल्लेख भए पनि अझै पनि कृषियोग्य जमिन कार्यान्वयनमा आउन सकेको छैन। कृषि मन्त्रालयका अनुसार हाल खेती गरिएको जमिन ३० लाख ९१ हजार हेक्टर छ भने खेती नगरिएको खेतीयोग्य जमिन १० लाख ३० हजार हेक्टर रहेको छ।

त्यस्तै, नीति तथा कार्यक्रम र बजेटमा दोहोरिरहने अर्को विषय किसानको वर्गीकरण पनि हो। किसान आयोगअनुसार कुल जनसंख्याको ५० प्रतिशत कृषिमा आधारित किसान रहेका छन्।

नेपाल किसान आयोगका अध्यक्ष प्रेम दंगालले किसानको भावनालाई समेट्ने गरी राजनीतिक दल नै गम्भीर नभएको बताए। सरकारका योजना र प्राथमिकता समयअनुकूल फरक हुन्छन्, परियोजनाको छनोट, कर्मचारी, किसानको मूल्य साना कुरालाई 'ग्रास रुट'बाट कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ। उनले भने, 'अहिले मुख्य हाम्रो कृषिको जिम्मा स्थानीय तहकेन्द्रित हुने गरी योजना र प्राथमिकतालाई अघि बढाउनुपर्छ, गर्छु भनेको कुरामा केही न केही किसानलाई हित हुनुपर्छ।'

त्यस्तै, नेपाल किसान महासंघका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले किसानका लागि बजेट र नीति तथा कार्यक्रम केवल कर्मकाण्डी मात्र भएको बताए। हरेक वर्ष आउने नीति तथा कार्यक्रम केवल झारो टार्ने मात्र भएको छ, थोरै मात्र बजेट विनियोजन हुँदा किसानलाई पर्याप्त हुन सकेको छैन, अरू मन्त्रालयको बजेट घटाएर भए पनि कृषिलाई प्राथमिकता दिनुपर्ने तिमल्सिनाको भनाइ रहेको छ। उनले भने, 'जसरी हिजो लोकतन्त्रका लागि लड्न राजनीतिक दलहरू एकसाथ भएका थिए, आज कृषिलाई प्राथमिकता र फड्को मार्नका लागि राजनीतिक दल एक भएर लाग्नुपर्छ।'

यस वर्षको नीति तथा कार्यक्रममा पनि केही नयाँ योजनाहरू थपिएका छन्। प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक-एकवटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ। 'एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र' नीतिमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिने भएको हो।

साथै, रासायनिक मल कारखाना खोल्ने विषयलाई पनि पुनः दोहोऱ्याइएको छ। रासायनिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्न बहुवर्षीय योजना तयार गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम उल्लेख गरिएको छ। तर, बाली लगाउने समयमा अझै पनि मलको हाहाकार भइरहेको समयमा मलको कारखाना बनाउने योजना किसानका लागि सपनाजस्तै बन्न पुगेको छ।





### स्थानीय तहकेन्द्रित योजना आउनुपर्छ

● **प्रेम दंगाल**
अध्यक्ष, किसान आयोग

बजेटको प्राथमिकता किसानमुखी हुनुपर्छ। समयतालिका बनाएर यति वर्ष, महिना तोकेर परियोजना बनाउने विशेष गरी स्थानीय तहमै केन्द्रित गरेर कृषिको योजनालाई अघि बढाउनुपर्छ। हाम्रोमा गोलमटोल ढंगले कृषिलाई हेर्ने परम्परा छ, त्यसको अन्त्य नभएसम्म प्रभावकारी हुँदैन।

# कमोडिटिज मार्केटको लाइसेन्स वितरण गर्न आलटाल

**काठमाडौं**/ नेपाल धितोपत्र बोर्डले कमोडिटिज मार्केटको लाइसेन्स वितरण गर्न आलटाल गर्दै आएको छ। नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण गर्न तीव्रता दिएको बोर्डले कमोडिटिज मार्केटको लाइसेन्सका लागि बनेको मूल्यांकन समितिको काम भने निकै सुस्त छ।

कमोडिटिज मार्केटका लागि चारवटा कम्पनीको आवेदन परेको छ। दुईवटा कम्पनीले लाइसेन्स पाउने गरी खुला गरेको आवेदनमा मल्टिडेटिभेटिभ एक्सचेन्ज लिमिटेड, मल्टिएसेट्स एन्ड डेरिभेटिभ एक्सचेन्ज लिमिटेड, हिमालयन कमोडिटिज एन्ड डेरिभेटिभ एक्सचेन्ज, नेपाल मल्टिकमोडिटिज एक्सचेन्ज रहेका छन्।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स रोकिए पनि कमोडिटिज मार्केटका लागि लाइसेन्स प्रक्रियालाई बोर्डले कायमै राखेको छ। तर, यस विषयमा बोर्डले कुनै ठोस निर्णय लिएको छैन। कमोडिटिज समितिमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव फणीन्द्र गौतमको नेतृत्वको मूल्यांकन समिति गठन भएको छ। उक्त समितिमा अर्थ मन्त्रालयबाट बोर्डमा सञ्चालक रहेका सहसचिव रितेशकुमार शाक्य, राष्ट्र बैंकबाट बोर्डमा सञ्चालक रहेका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री सदस्य रहेका छन्।




धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ र उपकार्यकारी निर्देशक अम्बिका गिरी र दीपा दाहाल रहेका सदस्य छन्। मूल्यांकन समितिकै एक सदस्यका अनुसार यस विषयमा कुनै पनि प्रक्रिया अघि बढेको छैन। उनले भने, 'अहिलेसम्म कुनै ठोस काम भएको छैन, पहिला स्टकको टुंग्याएर यसमा जाने भन्ने थियो, अब त्यो रोकियो खासै केही भएको छैन।'

बोर्ड अध्यक्ष रमेशकुमार हमालले भने मूल्यांकन समितिले आवेदन कम्पनीको फाइल हेर्ने काम भइरहेको बताए। उनले भने, 'यसमा मूल्यांकन समितिले काम गर्न थालिसकेको छ, मूल्यांकनअनुसार लाइसेन्स पाउनेछन्।' धितोपत्र बोर्डले कमोडिटिज एक्सचेन्जका लागि ३० चैतमा लाइसेन्स वितरणका लागि आवेदन १० दिनको समय दिएर आवेदन माग गरेको थियो।

# हुन्डाई मोटर इन्डियाले तमिलनाडुमा दुई खर्ब लगानी गर्ने

**काठमाडौं**/ दक्षिण कोरियाली अटो कम्पनी 'हुन्डाई'ले भारतको तमिलनाडु राज्यमा दुई खर्ब लगानीको आफ्नो दीर्घकालीन लगानी योजना घोषणा गरेको छ। कम्पनीले सन् २०२३ देखि २०३२ सम्मको अवधिमा चरणबद्ध रूपमा दुई खर्ब रुपैयाँ लगानी गरेर विद्युतीय सवारीसाधन र वाहन प्लेटफर्मको आधुनिकीकरणमा अघि बढ्ने घोषणा गरेको हो।

हुन्डाई मोटर इन्डियाका एमडी तथा सिइओ उन्सु किम र गाइडेन्स तामिलनाडुका आइएस, एमडी तथा सिइओ भी विष्णुबीच तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनको उपस्थितिमा लगानीसम्बन्धी हस्ताक्षर भएको जनाइएको छ। उक्त अवसरमा तमिलनाडुका अर्थमन्त्री थंगम थेनारसु, उद्योग, लगानी प्रवर्द्धन र वाणिज्य मन्त्री टिआरबी राजा, आइएएस, अतिरिक्त मुख्यसचिव, उद्योग, लगानी प्रवर्द्धन र वाणिज्य, तमिलनाडु सरकारका कृष्णन एसलगायत वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको जनाइएको छ।

हस्ताक्षरपछि हन्डाई मोटर इन्डियाका एमडी तथा सिइओ उन्सु किमले कम्पनीको दीर्घकालीन दृष्टिकोणको एक भागका रूपमा तमिलनाडुलाई भारतमा हुन्डाईको विद्युतीय सवारी उत्पादनको आधारका रूपमा विकास र स्थापना गर्ने योजनालाई अन्तिम रूप दिएको बताए। उनले भने, 'यसले हामीलाई हाम्रो पोर्टफोलियोलाई सुदृढ गर्न र हाम्रा गाडीहरूमा उत्कृष्ट सुविधा र प्रविधि प्रदान गर्न मद्दत गर्नेछ, जसले हाम्रो ग्राहकको आकांक्षालाई पूरा गर्नेछ।' कोरियाली अटो निर्माताले तमिलनाडु सरकारको विद्युतीय गतिशीलतातर्फ राज्यको दिगो प्रणाली निर्माण गर्ने दृष्टिकोणको रणनीतिक साझेदार बन्ने लक्ष्य राखेको जनाइएको छ। हुन्डाईले एक लाख ७८ हजार ब्याट्रीहरू जम्मा गर्न वार्षिक क्षमताको ब्याट्री प्याक एसेम्बली इकाइ स्थापना गर्ने जनाएको छ।

त्यस्तै, ६ वर्षको अवधिमा प्रमुख राजमार्गहरूमा, प्रमुख स्थानहरूमा एक सय विद्युतीय सवारी चार्जिङ स्टेसनहरू स्थापना गर्ने उल्लेख छ। यसमा पाँच डुअल अल्ट्रा-फास्ट चार्जिङ स्टेसनहरू, १० सिंगल फास्ट चार्जिङ स्टेसनहरू र ८५ एकल फास्ट चार्जिङ स्टेसनहरू समावेश रहने कम्पनीको भनाइ छ। हुन्डाई मोटर इन्डियाले कुल उत्पादन वार्षिक आठ लाख ५० हजार युनिट पुऱ्याउने दाबी गरेको छ।

# दिगो विकास लक्ष्य कार्यान्वयन र स्तरोन्नतिमा महासंघ सहकार्य गर्न इच्छुक

**नयाँ पत्रिका**



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको दिगो विकास लक्ष्य कार्यान्वयन र स्तरोन्नतिमा महासंघ सहकार्य गर्न इच्छुक रहेको जनाएका छन्। अध्यक्ष ढकालले नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगर हमदीसँगको भेटमा दुई संस्थाबीच दिगो विकासका लक्ष्यहरू कार्यान्वयन र अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा पर्न सक्ने प्रभाव न्यूनीकरणका लागि सहकार्य गर्ने विषयमा छलफल भएको हो।

साना तथा मझौला उद्योग-व्यवसायको क्षमता विकास, दक्ष जनशक्ति उत्पादन, निजी क्षेत्र र तीनै तहका सरकारसँगको सहकार्यलगायतका विषयमा सहकार्य गर्नेबारे पनि दुई संस्थाका प्रमुखबीच छलफल भएको छ।

महासंघका अध्यक्ष ढकालले देशभर बलियो सञ्जाल हुनुका साथै तल्लो तहसम्म पुग्न सक्ने महासंघको संरचना भएकाले दिगो विकास लक्ष्य पूरा गर्न महत्त्वपूर्ण साझेदार हुन सक्ने बताए।

अध्यक्ष ढकालले महासंघको नयाँ नेतृत्वले अगाडि सारेका पाँच प्रमुख प्राथमिकताहरू आर्थिक संकटको समाधानका लागि रणनीति तय गर्ने, लगानीको वातावरण बनाउने, राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने, दक्ष जनशक्ति उत्पादन र रोजगारी सिर्जना गर्ने, व्यवसायीको सम्मानका बारेमा जानकारी गराएका थिए।

आवासीय संयोजक हाना सिंगरले महासंघले राखेका विषयलाई आफूले महत्त्वका साथ लिएको बताइन्। दिगो विकास लक्ष्य र स्तरोन्नति विशेष चासोको विषय रहेको बताउँदै उनले स्तरोन्नतिबाट नकारात्मक प्रभाव न्यूनीकरणका लागि महासंघको भूमिका प्रभावकारी हुने उनको धारणा थियो। उनले भनिन्, 'स्तरोन्नतिलाई सहज बनाउन रणनीति तयार पार्ने क्रममा सरकार, निजी क्षेत्र र संयुक्त राष्ट्रसंघले सहकार्य गर्न सक्छन्।'

# 'आइएमई पे'ले ल्यायो एक रुपैयाँको खेल अफर

**काठमाडौं**/ आइएमई पेले 'रु. १ मा के, सामसङ इन आइएमई पे' नामक खेल अफर आफ्नो एपमा सार्वजनिक गरेको छ। कम्पनीले जेठ १७ सम्म चल्ने अफरमा आइएमई पेका सम्पूर्ण प्रयोगकर्ताले केवल एक रुपैयाँमा उक्त खेल खेली सामसङको ग्यालेक्सी ए-१४ ५जी स्मार्ट फोन जित्न सक्ने योजना ल्याएको हो। प्रयोगकर्ताले यो खेल आइएमई पे एपको होमपेजमा गई खेल्न सकिनेछ। यस अफरमा प्रयोगकर्ताले धेरैपटक सहभागी हुन सक्ने जनाएको छ। यस अफरको अन्त्यमा एक भाग्यशाली विजेताको घोषणा गर्ने जनाइएको छ।

आइएमई पे मोबाइल वालेटमार्फत सेवाग्राही आफैंले अथवा एजेन्टहरूमार्फत विभिन्न किसिमका भुक्तानी कार्यहरू गर्न सक्ने जनाइएको छ। त्यस्तै, व्यक्ति-व्यक्तिबीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा क्युआर स्क्यान गरी भुक्तान गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिलहरू भुक्तान गर्न मिल्ने सेवा प्रदान गर्दै आइरहेको उल्लेख छ।

**केटिएम बबल टीमा क्युआर गर्दा छुट**

'आइएमई पे'ले केटिएम बबल टीसँग ग्राहकलाई छुट प्रदान गर्ने सम्झौता गरेको छ। केटिएम बबल टीसँग गरेको सम्झौताअनुसार आइएमई पेमार्फत फोनपे क्युआर स्क्यान गरी भुक्तानी गर्ने ग्राहकलाई १२ प्रतिशत छुट दिने भएको हो। सो अफर साउन १६ सम्म मात्र लागू हुने कम्पनीले जनाएको छ।

# आइतबारदेखि अजोड र युनाइटेड इन्स्योरेन्सको एकीकृत कारोबार

**नयाँ पत्रिका**

अजोड इन्स्योरेन्स र युनाइटेड इन्स्योरेन्स कम्पनीले आइतबारदेखि एकीकृत कारोबार सुरु गर्ने भएका छन्। उनीहरूले मर्जर प्रक्रिया सम्पन्न गरेर युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु गर्न लागेका हुन्।

नियामक निकाय नेपाल बिमा प्राधिकरणले जेठ २ गते उक्त दुई कम्पनीलाई मर्जरको अन्तिम स्वीकृति दिएको थियो। यसैगरी, कम्पनी रजिस्ट्रार कार्यालयले जेठ ८ गते र नेपाल धितोपत्र बोर्डले जेठ ९ गते मर्जरसम्बन्धी अन्तिम स्वीकृति दिएका थिए। त्यसपछि संयुक्त मर्जर कमिटीको बुधबार बिहान बसेको २०औं बैठकले आइतबारदेखि एकीकृत कारोबार सुरु गर्ने निर्णय गरेको हो।

अजोड र युनाइटेडबीच गत २७ पुसमा मर्जर सहमति भएको थियो। गत १६ चैतमा मर्जरसम्बन्धी अन्तिम सम्झौता भएको थियो। त्यसपछि आवश्यक मर्जर प्रक्रिया सम्पन्न गरेर दुई कम्पनीले एकीकृत कारोबार सुरु गर्न लागेका हुन्। यी दुई कम्पनी १००:८२.५ स्वाप रेसियोमा मर्ज हुन लागेका हुन्। मर्जपछि अजोडको १०० कित्ता सेयर ८२.५ कित्तामा कायम हुनेछ।

हाल युनाइटेड इन्स्योरेन्सको एक अर्ब सात करोड ९५ लाख ६८ हजार रुपैयाँ र अजोड इन्स्योरेन्सको एक अर्ब रुपैयाँ चुक्ता पुँजी छ।

युनाइटेड इन्स्योरेन्सले नेपाल स्टक एक्सचेन्ज (नेप्से)लाई पत्र लेख्दै दुवै कम्पनीको सेयर कारोबार रोक्का राख्न अनुरोध गरेको छ। सोहीअनुसार कम्पनीको सेयर कारोबार रोक्का गरिएको छ। अब एकीकृत कारोबार सुरु गरेपछि कम्पनीको सेयर कारोबार सुरु हुनेछ। विशेष गरी नियामक निकाय बिमा प्राधिकरणले चुक्ता पुँजी बढाउने नीति ल्याएपछि बिमा कम्पनीहरू मर्जरमा जान थालेका छन्।

हाल जीवन बिमा कम्पनीको दुई अर्ब रुपैयाँ र निर्जीवन बिमा कम्पनीको एक अर्ब रुपैयाँ न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। तर, आगामी असार मसान्तसम्म जीवन बिमा कम्पनीले पाँच अर्ब रुपैयाँ र निर्जीवन बिमा कम्पनीले दुई अर्ब ५० करोड रुपैयाँ न्यूनतम चुक्ता पुँजी कायम गर्नुपर्ने प्राधिकरणको निर्देशन छ। त्यसपछि थुप्रै बिमा कम्पनीहरू मर्जरमार्फत चुक्ता पुँजी बढाउँदै छन्। सोही क्रममा अजोड र युनाइड पनि मर्ज हुन लागेका हुन्।

# उष्ण बागवानी केन्द्रको आँप अहिलेसम्मकै धेरै मूल्यमा ठेक्का



सर्लाहीमा **श्रवण थापा**

उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरमा यस सिजनको अहिलेसम्मकै धेरै मूल्यमा आँप ठेक्का लागेको छ। लालबन्दी नगरपालिकामा रहेको देशकै ठूलो उष्ण प्रदेशीय बागवानी केन्द्रले आफ्नो इतिहासमा अहिलेसम्मकै धेरै मूल्यमा आँप बेचेको हो।

केन्द्रले यसपटक आँप एक करोड ११ लाख ६० हजार रुपैयाँमा ठेक्का लगाएको जनाएको छ। उत्पादन राम्रो हुँदा अहिलेसम्मकै धेरै मूल्यमा पहिलोपटक आँप ठेक्का लगाउन सफल भएको केन्द्रका निमित्त प्रमुख रामकुमार यादवले जानकारी दिए। यस बगानको आँप गत वर्ष केन्द्रले दुई लाख रुपैयाँ मात्रमा ठेक्का लगाएको थियो। गत वर्ष उत्पादन थोरै भएपछि आँपबाट राजस्व निकै कम संकलन भएको थियो। यस वर्ष केन्द्रले दुई करोडभन्दा बढी राजस्व संकलन गर्ने लक्ष्य राखेको केन्द्रका निमित्त प्रमुख यादवले बताए। १८५.५४ हेक्टर क्षेत्रफलमा फैलिएको यस बागवानी केन्द्रमा विभिन्न ३५ जातका ६ हजारभन्दा बढी आँपका रूख रहेका छन्।

यस्तै केन्द्रले यस वर्ष १२ लाख १८ हजारमा लिची ठेक्का लगाएको छ। गत वर्षको तुलनामा यस सिजनमा लिची कम फले पनि लिचीको बजार मूल्य राम्रो भएकाले केही बढीमा ठेक्का लागेको केन्द्रका निमित्त प्रमुख यादवले जानकारी दिए। यस बागवानीमा आठ जातका ६ सय २१ बोट लिची छन्।

बागवानीको व्यवस्थापन र स्याहारका कारण धेरै फल लागेको उनको भनाइ छ। उनले भने, 'यस वर्ष हामीले बागवानीको राम्रो व्यवस्थापन गरेकाले समयमा मलजल र औषधि पाएर पनि बोटमा राम्रो फल लाग्यो।' अन्तको तुलनामा धेरै उत्पादन भएको उनको भनाइ छ। उत्पादन वृद्धिका लागि २४ लाख लागतमा ६० फिट माथिसम्म औषधि छर्न मिल्ने मेसिन प्रयोगमा ल्याएको केन्द्र प्रमुख यादवले बताए।

यस बागवानी केन्द्रमा भारत, पाकिस्तान र थाइल्यान्डलगायत देशमा पाइने आँपका जातहरू बम्बई, मालदह, दसहरी, आम्रपाली, कलकतिया, निलम, मलिका, सुकतारा, सिपिया, कृष्णभोग, अमनदसहरी, फजिली, अनबरतौल, नुरजाहा र अबेहयात जातका आँपका बोट छन्। भने, अर्लीलार्ज रेड, शाही, मुज्फरपुर, सिडलेस, मैक्लिन, बम्बई, कलकतिया र चाइन गरी आठ प्रजातिका लिचीका बोट रहेको यादवले बताए।

# चारवटा हिमालबाट ३४ हजार किलो फोहोर संकलन

**नयाँ पत्रिका**

सफा हिमाल अभियानले ४५ दिनमा चारवटा हिमालबाट ३४ हजार एक सय ६६ किलो फोहोर संकलन गरेको छ। नेपाली सेना नेतृत्वको सफा हिमाल अभियानको टोलीले सगरमाथा, ल्योत्से, अन्नपूर्ण र बरुणत्से हिमालबाट फोहोर संकलन गरेर आधा बाटो पार गरेको छ।

विश्वको सबैभन्दा ठूलो हिमाल सरसफाइ कार्यक्रममध्येको यस अभियान २८ मार्चमा सुरु भएर ५ जुनमा सम्पन्न हुनेछ। प्रत्येक वर्ष सयौं आरोही, शेर्पा र भरियाहरू हिमाल चढ्न जाँदा आफूसँगै लगेका बायोडिग्रेडेबल र नन-बायोडिग्रेडेबल फोहोर बाटोमै फालेका हुन्छन्।

नेपाली सेना र शेर्पा समर्थक गरी ९७ जना सदस्यता रहेको सफा हिमाल अभियानको टिमले खाली अक्सिजन क्यानिस्टर, अलपत्र टेन्टहरू, खाना राखिने कन्टेनर, प्लास्टिक, गिलास, आल्मुनियम, इलेक्ट्रोनिक ग्याजेटलगायत फोहोर संकलन गरेको जनाएको छ। टिमले यस वर्ष ३५ हजार किलो फोहोर संकलन गर्ने लक्ष्यसहित अभियानलाई निरन्तरता दिएको छ।

सफा हिमाल अभियानका निर्देशक ब्रिगेडियर जनरल सुन्दरकुमार पाण्डेले अत्यन्तै कठिन मौसमी अवस्थाको सामना गर्दै फोहोर संकलन गरेको बताए। 'चुनौतीपूर्ण मौसम र उच्च जोखिमको अवस्थाका बाबजुद टिमको सराहनीय समर्पणले हामीलाई हाम्रो लक्ष्यतर्फ अगाडि बढ्न मद्दत गरेको छ,' उनले भने, 'विज्ञ र नेपाली सेनाले शेर्पा, मेडिकल अफिसर, उद्धार अपरेटर, स्थानीय समुदाय तथा अन्य सहयोगी हातहरूसँग मिलेर हामीलाई शिविर, बाटोदेखि सबै क्षेत्रहरूबाट फोहोर संकलन गरी फिर्ता ल्याउन समर्थ बनायो।'

हिमालको सुन्दर इकोसिस्टम जोगाउन सबैको सामूहिक दायित्व झल्काउने गरी यस वर्ष अभियानको नारा नै 'हिमाल बचाउने प्रयासः हाम्रो हिमाल, हाम्रो जिम्मेवारी' राखिएको छ। सफा हिमाल अभियानका प्रमुख साझेदारहरूमध्ये एक क्रिएसनका संस्थापक अध्यक्ष आनन्द मिश्रले हिमाली भेगको फोहोरले विशाल चुचुराहरूको महिमा र महत्त्वलाई ह्रास गर्दै नेपालमा एउटा महत्त्वपूर्ण चुनौती खडा गरेको बताए। दिगो फोहोर व्यवस्थापन प्रवर्द्धन गर्ने प्रयासका रूपमा फोहोर संकलन गरेपछि टिमले प्रशोधनका लागि अभियानको रिसाइक्लिङ पार्टनरलाई हालसम्म अन्नपूर्ण र बरुणत्से हिमालबाट संकलन गरिएको फोहोर हस्तान्तरण गरिसकेको छ।


**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७०७०१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारमामा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १) | १) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.न. ५७१/०७१/०७२ अन्तर्गत मिति २०७१/१०/२३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. १, स्थित **उज्वल पोल्ट्री फर्म**<br><br>**प्रोप्राईटर तथा जमानीकर्ता: उज्वल थपलिया**<br>ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ३<br>बाबु : तारा प्रसाद थपलिया<br>बाजे : अच्युतानन्द थपलिया | १) अच्युतानन्द थपलियाको नाती, तारा प्रसाद थपलियाको छोरा, चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ३ बस्ने उज्वल थपलियाको नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) अच्युतानन्द थपलियाको नाती, तारा प्रसाद थपलियाको छोरा, चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ३ बस्ने उज्वल थपलियाको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, हाजिपुर गा.वि.स. वडा नं. ७ (हाल खैरहनी न.पा वडा नं. ७) स्थित कित्ता नं. २५१६ र ८१४ को क्षेत्रफल क्रमशः ०-७-२.५-० र ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>३) उज्वल पोल्ट्री फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

| ऋणीको विवरण | धितोको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| **२) उज्वल थपलिया**<br>ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ३<br>बाबु : तारा प्रसाद थपलिया<br>बाजे : अच्युतानन्द थपलिया | सवारी मोडल : VITARA BREZZA ZDI+ 2018<br>च्यासिस नं. : MA3NYFB1SJG412644<br>ईन्जिन नं. : D13A5687399<br>सवारी दर्ता नं.: बा २० च ३२९ | **प्रज्ञा थपलिया**<br>स्थायी ठेगाना : चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ३<br>बाबु : गोपाल प्रसाद तिवारी<br>ससुरा : तारा प्रसाद थपलिया<br>पति : उज्वल थपलिया |

| | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| २) | १) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.नं. ३९४८/००९ अन्तर्गत मिति २०७०/०४/१० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५, स्थित **नौसाद रा.मि.**<br><br>**प्रोप्राईटर तथा जमानीकर्ता : सफिद मिया**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६<br>बाबु : सहादत मिया<br>बाजे : अदालत मिया | १) एवावत मियाकी छोरी, सहादत मियाकी बुहारी, सफिद मियाकी पत्नि, रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बस्ने ताजो खातुनको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कर्कच गा.वि.स. वडा नं. ५ क (हाल देवाही गोनाही न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८४५ को क्षेत्रफल ०-१-१५ (बिगाह) को जग्गा र रौतहट जिल्ला, कर्कच गा.वि.स. वडा नं. ५ ख (हाल देवाही गोनाही न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२६५ को क्षेत्रफल ०-०-१५ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) नौसाद रा.मि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

| जमानीकर्ताहरुको विवरण | | |
|---|---|---|
| **१) ताजो खातुन**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६<br>बाबु : एवावत मिया<br>ससुरा : सहादत मिया<br>पति : सफिद मिया | **२) नौसाद आलम**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६<br>बाबु : सफिद मिया<br>बाजे : सहादत मिया | **३) नाजवुन खातुन**<br>ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६<br>बाबु : मोनीफ मिया<br>ससुरा : सफिद मिया<br>पति : नौसाद आलम |

| | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| ३) | प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग,वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्रा.फ.र.नं. १०२३१/०७६ स्थानीय व्यापार अन्तर्गत मिति २०७६/११/०७ मा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०७६ बमोजिम दर्ता भएको कविलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५ स्थित **कैसर जहाँ ट्रेडर्स**<br><br>**प्रोप्राईटर तथा जमानीकर्ता: कैसरजहाँ**<br>स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : कविलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५<br>बाबु : मोनिबुल्लाह मु.<br>ससुरा : अब्दुल मजिद<br>पति : अब्दुल हकिम मु. | **अब्दुल हकिम मुसलमान**<br>ठेगाना : कविलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५<br>बाबु : अब्दुल मजिद<br>बाजे : निरहु मुसलमान |

| धितोको विवरण |
|---|
| १) निरहु मुसलमानको नाती, अब्दुल मजिदको छोरा, कविलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५ बस्ने अब्दुल हकिम मुसलमानको नाममा मालपोत कार्यालय तौलिहवा, कविलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. ९क (हाल शुद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २८, ५३७, ७३६ र ७४३ को क्षेत्रफल क्रमशः ०-२-१९-०, ०-४-५$^{१/२}$-०, ०-१-०-० र ०-१-३$^{१/२}$-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) कैसर जहाँ ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिँर प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुने कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**हकदावीको सूचना**

सिन्धुली जिल्ला, कमलामाइ वडा नं १३ मा बस्ने वर्ष ४१ को श्री बाल कृष्ण पौडेलको नाति, श्री ईश्वरी प्रसाद पौडेलको छोरा, श्री ममीता पौडेलको श्रीमान, डण्डपाणी पौडेलको यही मिति २०७९/११/१३ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं १५९०५०८००२८७१४ मा रहेको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती श्री ममीता पौडेलले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदां उक्त निक्षेप उपर निवेदिका वाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबूत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ

# १० अर्ब कर छुटसम्बन्धी मुद्दा
# दुई सातादेखि निरन्तर सुनुवाइ, फैसला आउने तयारीमा



चूडामणि शर्मा




नयाँ पत्रिका

विशेष अदालतले आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक चूडामणि शर्माउपरका तीन मुद्दामा फैसला सुनाउने तयारी गरेको छ। उनी कर फर्स्योट आयोगको सदस्यसमेत रहेका वेला गरेको भ्रष्टाचारसहितका मुद्दामा सुनुवाइ सकिएको छ भने न्यायाधीशहरू फैसलाका लागि फाइल तथा कागजात अध्ययन गरिरहेका छन्।

'दुवै पक्षको बहससहित एमिकस क्युरीले पनि राय दिइसकेका छन्। श्रीमानुहरूले अध्ययन गर्दै हुनुहुन्छ। यो मुद्दाका कारण पेसी चढेका अन्य थुप्रै मुद्दा हेर्न नभ्याइनेमा परिरहेको छ। अब छिट्टै फैसला हुनेछ,' विशेष अदालतका एक अधिकारीले भने। विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले यो मुद्दालाई २४ वैशाखदेखि हेर्दाहेर्दैमा राखेर सुनुवाइ गर्दै आइरहेको छ। शुक्रबारबाहेक प्रत्येक दिन यो मुद्दा पेसी चढिरहेको छ।

विशेषले यस मुद्दामा एमिकस क्युरीको राय माग गरेको थियो। दुईजना कानुन व्यवसायी नेपाल बार एसोसिएसनबाट र अन्य दुईजना विशेष अदालत बारबाट झिकाउने आदेश भएको थियो। नेपाल बारबाट वरिष्ठ अधिवक्ता राघवलाल वैद्य र अधिवक्ता मोतीलाल गौतमले इजलासलाई राय दिएका थिए भने विशेष बारले अधिवक्ताद्वय सुरेन्द्रबहादुर थापा र शरदप्रसाद कोइरालालाई पठाएको थियो।

'यो मुद्दामा थुप्रै कानुन व्यवसायी हुनुहुन्छ, वरिष्ठ अधिवक्ताहरू हुनुहुन्छ। मुद्दासमेत तीन-तीनवटा छ। अन्य प्रतिवादीका कानुन व्यवसायीको बहस पनि भयो। त्यसैका कारण सुनुवाइको समय लम्बिएको हो,' विशेष अदालत स्रोतले भन्यो। शर्मासमेत प्रतिवादी रहेको राजस्व चुहावटका दुईवटा र गैरकानुनी सम्पत्ति आर्जनको एउटा मुद्दा विशेषमा विचाराधीन छ। १६ जेठ ०७९ मा विशेषले यी तीनवटै मुद्दालाई साथै राखेर सुनुवाइ गर्ने भन्दै बहस नोट पेस गर्न आदेश दिएको थियो। त्यसयता तीनै मुद्दा साथसाथ पेसी तथा सुनुवाइ भइरहेका थिए।

**अख्तियारले ९ असार ०७८ मा कर फर्स्योट आयोगका पदाधिकारीका हैसियतमा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको थियो। कर फर्स्योट सम्झौता गर्दा मनोमानी किसिमले गरेको पुष्टि भएपछि तीनैजनाविरुद्ध एक अर्ब ३३ लाख रुपैयाँभन्दा बढी बिगो मागदाबीसहित मुद्दा दायर भएको थियो।**

हाल भने न्यायाधीशहरू अन्तिम फैसला दिने गरी छलफल र अध्ययन गरिरहेका छन्।

### हालसम्मकै सबैभन्दा बढी बिगो मागदाबीसहितको मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १ साउन ०७४ मा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै चूडामणि शर्मासहित लुम्बध्वज महत र उमेशप्रसाद ढकाललाई प्रतिवादी कायम गरी मुद्दा दायर गरेको थियो। महत अध्यक्ष रहेको कर फर्स्योट आयोग, २०७१ बाट फर्स्योटका लागि सम्झौता भएका करदाताम्ध्ये केहीलाई बदनियतपूर्वक १० अर्ब दुई करोड रुपैयाँभन्दा बढी कर छुट तथा मिनाह गरेको भेटिएको थियो। शर्मा र ढकाल आयोगका सदस्य थिए। आयोगलाई दिइएको म्यान्डेटभन्दा बाहिर गई आफूलाई फाइदा हुने गरी करदाताहरूसँग सम्झौता गरेका कारण राज्यलाई आउनुपर्ने राजस्व नउठेको दाबी अख्तियारले गरेको थियो।

त्यस्तै, सोही वर्ष १५ माघमा फेरि आन्तरिक राजस्व विभागका महानिर्देशकका रूपमा कार्यरत हुँदा शर्माले गैरकानुनी सम्पत्ति आर्जन गरेको भनी अर्को मुद्दा दायर भएको थियो। ०४५ मा सरकारी सेवामा प्रवेश गरेका उनले ०७३ सम्म सात करोड ९३ लाख रुपैयाँभन्दा बढी रकमबराबरको सम्पत्ति जोडेको र खर्च गरेको भेटिएको थियो। अख्तियारको अनुसन्धानअनुसार उनको वैध आय तीन करोड ६३ लाख रुपैयाँ हुनुपर्नेमा चार करोड ३० लाख रुपैयाँभन्दा बढी रकमको स्रोत खुलेको थिएन। यस मुद्दामा शर्माका साथै जफत प्रयोजनका लागि उनकी पत्नी कल्पना उप्रेती शर्मालाई समेत प्रतिवादी कायम गरी अख्तियारले मुद्दा दायर गरेको छ।

शर्माविरुद्धको अर्को मुद्दा दुई वर्षअघि दायर भएको थियो। अख्तियारले ९ असार ०७८ मा कर फर्स्योट आयोगका पदाधिकारीका हैसियतमा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको थियो। कर फर्स्योट सम्झौता गर्दा मनोमानी किसिमले गरेको पुष्टि भएपछि तीनैजनाविरुद्ध एक अर्ब ३३ लाख रुपैयाँभन्दा बढी बिगो मागदाबीसहित मुद्दा दायर भएको थियो।

## दोस्रो चरणको...

पृष्ठ १ बाट क्रमशः

दीपा हुमागाईं, राजेश अर्याल, मोहनराज राई, आशिष बुढाथोकी, विनिता सावदेन लिम्बू, निरञ्जनकुमार खरेल, सुनील बुढाथोकी, रमा थापा र गोकुल थापा छन्। रमा र गोकुलको ठेगाना प्रस्ट हुन नसक्दा प्रहरीले उनीहरूविरुद्धको मुद्दा भने अदालतमा पुऱ्याउन सकेको छैन।

पहिलो चरणमा बुधबार ३० प्रतिवादीविरुद्ध चार मुद्दा दायर भइसकेको छ। जसमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, सचिव टेकनारायण पाण्डे, पूर्वसभासद् आङटावा शेर्पा, हज कमिटीका अध्यक्ष शमशेर मियाँलगायत उच्चपदस्थ व्यक्ति छन्। उनीहरूविरुद्ध संगठित अपराध, ठगी, राज्यविरुद्धको अपराध तथा लिखत किर्ते कसुरको मागदाबी गरिएको छ। एकीकृत कसुरसम्बन्धी सजाय तथा संगठित अपराधको प्रावधानअनुसार १५ वर्ष नौ महिना कैद सजाय माग गरी मुद्दा दायर गरिएको छ। प्रतिवादीहरूको ओहदा र मुद्दाको गम्भीरताका आधारमा यो प्रहरी इतिहासकै सबैभन्दा ठूलो मुद्दा भएको प्रहरी अधिकारी बताउँछन्।

## ■ बयानमा नाम आएकाको प्रहरीले थप प्रमाण खोजिरहेको छ : गृहमन्त्री श्रेष्ठ

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा बयानमा नाम आएकाहरूको हकमा प्रहरीले थप तथ्य र प्रमाण खोजिरहेको बताएका छन्। कसैले नाम लिएकै आधारमा मात्र मुद्दा चलाउन नमिल्ने उनको भनाइ छ।

बिहीबार नेकपा (एमाले)निकट युवा संघका पदाधिकारीले बुझाएको ज्ञापनपत्र बुझ्दै यो मुद्दामा निर्दोष कोही नपर्ने र दोषी कोही नउम्कने गरी प्रहरीले अनुसन्धान गरिरहेको श्रेष्ठले बताए। 'प्रहरीले थप व्यक्तिमाथिको अनुसन्धानलाई खुला राखेको छ। अनुसन्धानमा अन्यत्र जस्तै स्वाभाविक रूपमा प्रहरीले बयानलाई आधारित बनाएको छ। अर्कोतर्फ बयानलाई मेलखाने अन्य तथ्य-प्रमाण खोजेर अगाडि बढाउन खोजिएको छ,' उनले भने, 'थुप्रै व्यक्तिको नाम आएको छ, तर एउटाले बयानमा नाम लिएकै आधारमा मुद्दा चलाउन मिल्दैन कि भनेर अरू प्रमाणहरूको पनि खोजी गर्ने प्रक्रियामा होला प्रहरी भनेर हामीले बुझ्नुपर्छ।'

## दश वर्षसम्म...

पृष्ठ १ बाट क्रमशः

कर तिर्न पटक-पटक ताकेता गर्दा मुरारकाले अटेर गर्दै आएका थिए। राजस्व कार्यालयले सफाइ सबुत पेस गर्न सूचना जारी गरेपछि मुराकका आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालय विराटनगरविरुद्ध २ जेठमा सर्वोच्च अदालत पुगेका थिए। ३ जेठमा सर्वोच्चले अन्तरिम आदेश नदिएपछि आन्तरिक राजस्व कार्यालयले अन्तिम कर निर्धारण गरेको हो।

त्यसअघि कार्यालयले अवनिश र ओम साइबाबासँग कर छली नभएको प्रमाण भएमा पेस गर्न भनेको थियो। तर, मुरारकाले जवाफ नदिएपछि २१ वैशाखमा सफाइको सबुत प्रमाण पेस गर्न दुवै कम्पनीका नाममा सार्वजनिक सूचना जारी गरेको थियो। सर्वोच्चले अन्तरिम आदेश नदिएपछि मात्र उनले ४ जेठमा आन्तरिक राजस्वलाई जवाफ फर्काउँदै, कर तिर्न नपर्ने दाबी गरेका थिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र डा. मनोजकुमार शर्माको ७ जेठको इजलासले कर निर्धारणसम्बन्धी फाइल मगाएको छ।

राजस्व छली गर्नेलाई चित्त नबुझे विभाग र न्यायाधिकरणमा पुनरावेदन जाने अधिकार रहेको क्षत्रीले बताए। यस विषयमा बुझ्न खोज्दा मुरारका पत्रकारको सम्पर्कमा आउन चाहेनन्।

६० को दशकमा नेपालबाट भारतमा ढुंगा-गिटी निकासी हुन्थ्यो। अशोक मुरारका र उनका साझेदार कृष्णप्रसाद प्रसाईंले दुईवटा कम्पनीबाट चोरी निकासी गरेर अर्बौंको ढुंगा-गिटी भारत पुऱ्याए। यो समूहले मोरङ र बारामा तीन ठाउँमा ऋसर उद्योग सञ्चालन गरेर भारतमा ढुंगा-गिटी निकासी गरेको आरोप छ। तर, आन्तरिक राजस्वले दुईवटा कम्पनीको नाममा मात्र कर निर्धारण गरेको हो।

करछलीको भेद भने मुरारकाकै साझेदार कृष्णप्रसादले ०७६ मा आन्तरिक राजस्व कार्यालय विराटनगरमा उजुरी दिएपछि खुलेको हो। सोही उजुरीमाथि छानबिन गर्दा १० वर्षसम्म पहाड खनेर ढुंगा-गिटी भारतमा चोरी निकासी गरेको, तर भन्सारको प्रज्ञापनपत्र प्रयोग नभएको र कारोबार लुकाएको तथ्य बाहिर आएको थियो। यो अवधिमा दुवै कम्पनीको १० वर्षको भ्याट र आयकर बुझाइएको थिएन। अवनिशले २६ फागुन ०६० र ओम साइबाबाले ४ वैशाख ०६० मा मूल्य अभिवृद्धि करको प्रमाणपत्र लिएका थिए।

आन्तरिक राजस्वले छानबिन गरेपछि मुरारकाले घरेलु उद्योग विभागको मिलेमतोमा सबै ऋसर उद्योगलाई लिक्विडेसनमा लगेर बन्द गराएका थिए। उनले कर तिर्न बाध्यकारी नरहेको भन्दै ०७७ मा अन्तरिम आदेश मागेर आन्तरिक राजस्व कार्यालयविरुद्ध राजस्व न्यायाधिकरण विराटनगरमा मुद्दा नै दर्ता गराए। सो मुद्दामा न्यायाधीश सत्यमोहन जोशी थारूको इजलासले कर नतिर्न 'अन्तरिम आदेश' दिएको थियो।

तर, प्रसाईंले अन्तरिम आदेश जारी गर्ने न्यायाधीश जोशी थारूविरुद्ध न्यायपरिषद्मा उजुरी दिए। त्यसपछि उनै न्यायाधीशले अन्तरिम आदेश खारेज गरी ०७९ मा कर असुल्न बाधा नहुने भन्दै आन्तरिक राजस्वको पक्षमा फैसला सुनाए। फैसलापछि आन्तरिक राजस्वले २१ चैत ०७९ मा १५ दिने म्यादको अन्तिम सूचना प्रकाशित गरी मुरारकाबाट कर असुल्न प्रक्रिया थालेको थियो। तर, मुरारकाले भने कर तिर्न नपर्ने भन्दै आन्तरिक राजस्व कार्यालयमा हाजिर भएर जवाफ दिए। आन्तरिकले पनि जवाफ चित्तबुझ्दो नभएको भन्दै कर तिर्न गत १९ वैशाखमा परिपत्र गऱ्यो।

प्राकृतिक स्रोतको दोहनविरुद्ध निरन्तर आवाज उठाउँदै आएका कोसी प्रदेशका पूर्वसांसद तथा भ्रष्टाचारविरोधी अभियन्ता सुयमराज राईले भन्डै चार अर्ब राजस्व नतिरी १० वर्षसम्म नेपाली ढुंगा-माटो भारत तस्करी गर्ने ठेकेदार कम्पनी मात्र नभई सरकारी कर्मचारीलाई पनि छानबिन समिति बनाएर कारबाही गर्नुपर्ने बताए। 'यो पनि नक्कली भुटानी शरणार्थीजस्तै राज्यहितविरुद्धको घटना हो,' उनले भने, 'त्यसैले भ्रष्टाचारविरोधी हुँ भन्ने सरकारले टुलुटुलु हेरेर बस्न मिल्दैन।'

## सरकारको पत्रमाथि...

पृष्ठ १ बाट क्रमशः

उनले भने, 'अध्ययनपछि के गर्ने भन्ने राष्ट्रपतिज्यूबाट टुंगो लाग्छ।'

टीकापुर काण्डमा जन्मकैद सजाय भोगिरहेका चौधरी हाल नागरिक उन्मुक्ति पार्टीका संरक्षक छन् भने उनको पार्टी सत्तागठबन्धनमा छ। उनलाई गणतन्त्र दिवस १५ जेठमा माफी दिने प्रक्रिया थालिएको छ। तर, संसद् अधिवेशन जारी रहेका वेला यो प्रस्तावले राजनीतिक रूप र विवाद लिने जोखिम छ।

तर, पूर्वप्रधानन्यायाधीश तथा मानव अधिकार आयोगका पूर्वअध्यक्ष अनुपराज शर्मा राष्ट्रपतिले माफी दिँदा कुनै कानुनी प्रश्न नउठ्ने बताउँछन्। 'रेशम चौधरीको पृष्ठभूमि राजनीतिक भएकाले बढी चर्चा भएको हो। संविधानमा व्यवस्था रहेकाले राष्ट्रपतिले माफी दिँदा कुनै कानुनी प्रश्न उठ्ने अवस्था रहँदैन। कानुनमा व्यवस्था छैन भने त्यो अधिकार राष्ट्रपतिमा रहँदैन,' उनले भने, 'यो मुद्दा अदालतबाट अन्तिम फैसला भएको अवस्था छ। कानुनी अंग पूरा गरेर मन्त्रिपरिषद्बाट आएको प्रस्तावलाई पास गर्न राष्ट्रपतिलाई कुनै समस्या हुँदैन।'

संविधानको धारा २७६ मा राष्ट्रपतिबाट आममाफीको व्यवस्था गरिएको छ। यसमा 'राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेछ' भन्ने व्यवस्था छ।

सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ संशोधन गर्न विधेयक दर्ता गरिसकेको छ। दफा ११६ (क) थपेर 'शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने' प्रस्ताव गरिएको विधेयक गत बिहीबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले संसद् सचिवालयमा दर्ता गरेको थियो।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपतिकोमा सिफारिस भएको बताए। 'रेशम चौधरीमाथिको आरोप व्यक्तिगत अपराधको विषय थिएन। यो सामाजिक र राजनीतिक विषय थियो। उनलाई मत दिएर पनि जनताले यो राजनीतिक विषय थियो भनेर अनुमोदन गरेका थिए। यस विषयमा बहस चलिरहेको थियो। संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपतिकोमा सिफारिस गरिएको हो। पहिला पनि यस्तो भएको थियो,' उनले भने।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले प्रस्ताव आएकोबारे शुक्रबार विस्तृत जानकारी रूपमा भन्न सकिने बताए। 'प्रस्ताव दर्ता भएको छ। सार्वजनिक बिदाका कारण यसबारे कार्यालय खुलेपछि विस्तृत रूपमा भन्न सकिन्छ,' उनले नयाँ पत्रिकासँग भने।

२ जेठमा सर्वोच्च अदालतले पूर्वसांसद तथा टीकापुर घटनाका मुख्य अभियुक्त चौधरीलाई जन्मकैद हुने उच्च अदालतको फैसलालाई सदर गरेको थियो। कैलालीको टीकापुरमा ७ भदौ ०७२ मा भएको झडपमा एक नाबालकसहित नौजनाको ज्यान गएको घटनामा सर्वोच्च अदालतको संयुक्त इजलासले फैसला गरेको थियो।

सरकारले यस विषयमा महान्यायाधिवक्ताको कार्यालयको पनि धारणा मागेको थियो। सरकारको मुख्य कानुनी सल्लाहकार त महान्यायाधिवक्ता हो। 'कार्यालयलाई कुनै पनि मुद्दामा आममाफी दिनुअघि अदालतबाट अन्तिम फैसला भएको छ वा छैन भनेर सोधिन्छ। त्यो सोधिँदा कार्यालयबाट यो मुद्दा टुंगिएको हो भनेर जवाफ दिइएको हो। आममाफीको विषय सरकारको अधिकार हो,' एक अधिकारीका अनुसार महान्यायाधिवक्ता दीनमणि पोखरेलले सरकारलाई सुझाव दिएका छन्।

सर्वोच्चले फैसलामा चौधरीसहितको ६ वटा मुद्दामा उच्च अदालत दिपायलकै फैसला सदर भएको हो। चौधरीले मुद्दाको पुनरावलोकनमा जाने बताएका थिए। 'सर्वोच्च अदालतले गरेको फैसला म्प्रति न्यायिक नहुन सक्छ, तर यसो भन्दैमा स्विकार्नुको विकल्प हुन्न। टीकापुर घटनालाई लक्षित बनाएर गरेको फैसला स्विकार्दै भोलि पुनरावलोकनको बाटो हाम्रो लागि खुला छ। हामी सम्मानित अदालतलाई सदा सम्मान गर्छौं,' ३ जेठमा डिल्लीबजार कारागारबाट हस्तलिखित विज्ञप्ति जारी गर्दै उनले भनेका थिए।

रेशमलगायत टीकापुर घटनामा थुनिएका र मुद्दा खेपिरहेका राजबन्दीको रिहाइलाई नागरिक उन्मुक्तिले प्रमुख एजेन्डाका रूपमा उठाउँदै आएको छ। सुरुमा सरकारमा सहभागी नभएको यो दल पछि कानुन संशोधन गरेर चौधरीलाई सफाइ दिने सर्तमा सरकारमा जान तयार भएको थियो।

### प्रधानमन्त्रीको भारत भ्रमणको बहस
## सीमा समस्या समाधानमा ढिलाइ नगर्न इपिजी सदस्य उपाध्यायको सुझाव

नयाँ पत्रिका

नेपाल-भारत प्रबुद्ध समूह (इपिजी)का सदस्य सूर्यनाथ उपाध्यायले सीमा समस्या समाधानमा ढिलाइ गर्न नहुने र यसका लागि नेपालले अग्रसरता लिनुपर्ने बताएका छन्। संसद्को राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा विज्ञका रूपमा सांसदहरूको प्रश्नको जवाफ दिँदै उपाध्यायले समस्या राखिरहँदा फाइदा भारतलाई नै भइरहेको बताए।

भारत तयार नभए सीमामा नेपालको एकतर्फी रूपमा पनि तारबार लगाउनुपर्ने धारणा राखे। 'तारबार लगाउन कुनै पनि सन्धिबाट रोकावट छैन। उनीहरू लगाउँदैनन् भने हामी लगाऔं, बंगलादेशले पनि लगाएकै हो। व्यापार गर्नका लागि २६ वटा नाका तोकिएको छ। त्यहाँबाट मात्र सामान आउनुपर्छ। मान्छेका लागि पनि नाका तोकौं,' प्रधानमन्त्रीको भारत भ्रमणको पूर्वसन्ध्यामा उनले भने, 'परिचयपत्र देखाएर आउने-जाने व्यवस्था गरौं। अहिले उता आधार कार्ड र यता परिचयपत्र आइसकेको छ, मेसिनले एकैछिनमा स्क्यान गर्छ। यसले रोटीबेटी सम्बन्ध टुट्दैन।'

भारतसँगको सम्बन्ध सार्वभौम र पारस्परिक बनाउन नेपाल चुकिरहेको भन्दै उपाध्यायले आसन्न भारत भ्रमणमा प्रधानमन्त्रीले नेपालको नीति स्पष्ट रूपमा राख्नुपर्ने बताए। 'विद्युत् मात्र होइन पानीको विषयमा नेपालको नीति स्पष्ट राख्नुपर्छ,' उनले भने।

नेपाल र भारतको सम्बन्ध असमान हुनुको आधार सन् १९५० मा भएको शान्ति तथा मैत्री सम्बन्ध रहेको उनको भनाइ थियो। १९५० को असमान सन्धिले नै नेपाललाई रछ्यान ठान्ने भारतीय मनोवृत्ति विकसित भएको बताए। यही सन्धिलाई देखाएर भारतीयले नेपालले सूचना दिनुपर्छ र प्रधानमन्त्री भएपछि पहिलो भ्रमण भारतबाट गर्नुपर्छ भन्ने दबाब स्थापित गरेको उनको भनाइ छ। उनले १९५० को असमान सन्धि नेपालले एकतर्फी रूपमा खारेज गर्न सक्ने बताए। 'सन्धिमै एक वर्षभित्र सूचना दिएर खारेज गर्न सकिने व्यवस्था गरिएको छ। यो अलरेडी खारेजकै स्थितिमा छ। हामीले नगरेकै हुनाले यस्तो अवस्था आएको हो,' उनले भने।

सन्धिकै कारण नेपाल-भारत सम्बन्ध राजा र रैतीजस्तो असमान रहेको उनको भनाइ छ। नेपालको स्वतन्त्रता र सुरक्षा प्रणालीमा एउटा मित्रराष्ट्रले गर्नुपर्ने काम भारत नगरेको उपाध्यायको धारणा थियो। 'उसलाई जे मन लाग्यो, जसरी दुःख दिन मन लाग्यो गरिराखेको छ। यो किसिमको मैमत्त, अहंकार, हामीजस्तो साना देशको स्वतन्त्रलाई कुनै वास्ता गरेको छैन। तर, हामी भारतीयभन्दा कुनै मामिलामा कमजोर छैन, आत्मविश्वासको कुरा हो,' उनले भने, 'हामी नै हौं जहाँ इपिजीमा उनीहरूलाई मनायौं। हाम्रो पनि हित हुने गरी प्रतिवेदन बन्यो। तर, उच्च तहमा त्यो भएन, नेतृत्व गर्नेमा कमजोरी छ। हामीले नगर्दा यो अवस्था आयो।'

## ६ ठाउँमा...

पृष्ठ १ बाट क्रमशः

ट्र्याक्टर दुर्घटना हुँदा चालक स्थानीय २२ वर्षीय सुमन हमालको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

जुम्लाको कनकासुन्दरी गाउँपालिका- ६ गोरुचौरमा बुधबार राति नै भे.१ख २९१३ नम्बरको बसबाट लडेर गोरखा धार्के गाउँपालिका घर भएका ३० वर्षीय छन्जवीर गुरुङको मृत्यु भएको छ। लडेर गम्भीर घाइते भएका उनको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा उपचारका क्रममा मृत्यु भएको हो।

भक्तपुरको सूर्यविनायक नगरपालिका- ९ भातेढिकुरनजिकै ना.१ख ९८४५ नम्बरको गाडी र बा.९१प १६९६ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किँदा बुधबार राति दुर्घटना भएको छ। दुर्घटनामा मोटरसाइकलचालक झापा घर भई हाल भक्तपुर नलिन्चोक बस्दै आएका २३ वर्षीय रूपेश राजवंशीको मृत्यु भएको छ।

बाराको कलैया उपमहानगरपालिका- ६ पर्सा टोलमा बा.८५प ७६० ९ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री स्थानीय ६४ वर्षीया देउकी साहको मृत्यु भएको छ।

ताप्लेजुङको फुङलिङ नगरपालिका- ६ भोटे गुम्बामा मे.१च ७३५३ नम्बरको स्कार्पिओ बिहीबार दुर्घटना हुँदा गाडीमा सवार सागर गुरुङका छोरा पाँच वर्षीय अंशुमन गुरुङको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल ताप्लेजुङमा उपचारको क्रममा मृत्यु भएको हो।

### जिप दुर्घटनामा २२ दिने शिशु र आमासहित पाँचजनाको मृत्यु

**रुकुम पश्चिम**/ रुकुम पश्चिमको बाँफीकोट गाउँपालिका- ८ दुलीदुधारको भित्री सडकमा जिप दुर्घटना हुँदा २२ दिने शिशु र आमासहित पाँचजनाको ज्यान गएको छ। घाइते १० मध्ये चारजनालाई उपचारका लागि हेलिकोप्टरमार्फत नेपालगन्ज लगिएको छ।

खलंगा जाँदै गरेको लु.१त १७४७ नम्बरको जिपको ब्रेक फेल भएर बिहीबार दुर्घटना हुँदा चारजनाको घटनास्थलमै र एकजनाको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको रुकुम पश्चिम प्रहरीका सूचना अधिकारी विष्णुप्रसाद श्रेष्ठले जानकारी दिए।

दुर्घटनामा बाँफीकोट गाउँपालिका- ८ घर भएकी सुत्केरी महिला २२ वर्षीया रेखा खनाल केसी र उनका २२ दिनका छोरा रोशनको ज्यान गएको श्रेष्ठले जनाए।

त्यस्तै, सानीभेरी गाउँपालिका- ५ का ७० वर्षीय कर्णबहादुर बाठामगर र सोही ठाउँका ५० वर्षीय देउचन खत्रीको पनि दुर्घटनामा परी ज्यान गएको छ। २३ वर्षीया शीतला कुसारीलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो। उनका दुई वर्षीय छोरा प्रसिद्ध घाइते भएका छन्।

प्रसिद्धसहित जिपका साहु सानीभेरी- ५ का ४० वर्षीय प्रेम बाठामगर, २० वर्षीया अनिता केसी र २२ वर्षीयय ललित बाठामगरलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकोप्टरमार्फत कोहलपुर मेडिकल कलेज पठाइएको छ। उनीहरूको टाउको, ढाड र हातखुट्टामा गम्भीर चोट लागेको जनाइएको छ।

सानीभेरी- ५ का जिपचालक दीपक बाठामगर, कल्पना केसी, रिता खत्री, मनीषा बस्नेत, गम्भीर कुसारी र कर्णवीर पुनको जिल्ला अस्पतालमा उपचार भइरहेको छ।

### भुल सुधार

मिति २०८०/२/११ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित **नीलरत्न बचत तथा ऋण सहकारी संस्था लि.** को सूचनामा प्रथम पटक सूचना प्रकाशित मिति २०८०/२/११ गते हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**नीलरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा.-२७, असन, काठमाडौं
फोन नं. : ०१-५३२९८४


### हकदावीको सूचना

बाग्मती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं २३ बस्ने डन्डपाणी पाध्याको नाती, लाल प्रसाद पाध्याको छोरा, श्रीमान हिरामणि चालिसे को मिति २०७९/१२/२७ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०४६०५०५०२८२३४५ मा भएको सम्पूर्ण रकम निज हिरामणि चालिसे को सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजकी एकमात्र श्रीमती निर्मला चालिसे ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक श्रीमती निर्मला चालिसे बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक श्रीमती निर्मला चालिसे ले गरेको दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल उन्मेष्ठमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, पटिहानी, चितवन
फोन नं.:- ०५६- ४११०८०
फ्याक्स :- ०५६- ४११०८१

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
Babarmahal, Kathmandu

### Re-Invitation for Electronic Bids

Date of Publication: 2080/02/12

The Department of Hydrology and Meteorology re-invites Electronic bids only from eligible bidders for the procurement of **" Supply, Delivery, Installation and Commissioning of Snow Stations" (IFB No.: DHM/HD/G/NCB/12-2079/80)** under National Competitive Bidding - Single Stage Two Envelope procedures as specified in Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064. Electronic bids must be submitted online along with the Bid Security Amount: **NRs 20,00,000/-** and cost of the bidding document: **NRs 5,000/-** through PPMO's e-GP system www.bolpatra.gov.np/egp **on or before 12:00, 2080/03/10**.

For details, please visit https://bolpatra.gov.np/egp/. Contact :01-4215131

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार १२ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

# तीन क्लब 'ए' डिभिजन लिगको उपाधि दौडमा

## मनाङसँग शीर्ष स्थानको चर्च ब्वाइज रोकिँदा दोस्रो स्थानको मच्छिन्द्र र जावलाखेल युथसमेत उपाधि दौडमा फर्किएका छन्

**नयाँ पत्रिका**
**काठमाडौं, ११ जेठ**

शीर्ष स्थानको चर्च ब्वाइज क्लब कीर्तिमानी आठपटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबसँग गोलरहित बराबरीमा रोकिएको छ। मनाङ र चर्च ब्वाइजबीचको खेलसँगै सहिद स्मारक 'ए' डिभिजन लिगको उपाधि दौड फेरि एकपटक खुला रहेको छ। डबल लिगको २१औँ चरण चलिरहँदा तीन क्लब उपाधि दौडमा छन्। च्यासल मैदानमा मनाङले चर्च ब्वाइजलाई रोक्दा दोस्रो स्थानको मच्छिन्द्र र तेस्रो स्थानको जावलाखेल युथको उपाधि जित्ने सम्भावना जीवितै रह्यो।

शीर्ष स्थानको चर्च ब्वाइजले तेस्रो स्थानको जावलाखेलसँग चार अंकको अग्रता लिएको छ। समान २१ खेलबाट चर्च ब्वाइजले ३८, मच्छिन्द्रले ३५ र जावलाखेलले ३४ अंक जोडेका छन्। चर्च ब्वाइज र मच्छिन्द्रबीच तीन अंक मात्र फरक छ। चौथो स्थानमा रहेको त्रिभुवन आर्मी क्लब र शीर्ष स्थानबीच ९ अंकको फरक छ।

मनाङविरुद्ध चर्च ब्वाइजले जित निकालेको खण्डमा अग्रता बढ्ने थियो। चर्च ब्वाइजले पहिलोपटक माथिल्लो डिभिजनमा उक्लेको वर्षमै उपाधि जित्ने सम्भावना बलियो हुने थियो। चर्च ब्वाइजले आफ्नो स्वाभाविक खेल खेल्न नसक्दा अंक बाँड्यो। मनाङका प्रशिक्षक विष्णु गुरुङले उपाधिको सम्भावना तीन क्लबबीच भएको बताए। 'अहिलेको अवस्थामा चर्च ब्वाइज, मच्छिन्द्र र जावलाखेल नै लिग उपाधि दाबेदार हुन्,' सातौँ बराबरीपछि गुरुङले भने।

### मनाङलाई रेलिगेसनको डर

उपाधि दौडमा तीन क्लबको सम्भावना रहँदा रेलिगेसन क्षेत्र पनि निकै पेचिलो बनेको छ। छैटौँ स्थानबाट



१४औँ स्थानसम्म रहेका ९ क्लबमाथि रेलिगेसनको डर छ। न्युरोड टिम (एनआरटी)देखि हिमालयन शेर्पा, नेपाल एपिएफ, थ्री स्टार, मनाङ, फ्रेन्ड्स, संकटा र खुमलटार १४औँ स्थानसम्म छन्। मनाङ ११औँ स्थानमा छ। प्रशिक्षक गुरुङ मनाङलाई समेत रेलिगेसन डर भएको मान्छन्। 'सात खेलयता तीन अंक आएको छैन। रेलिगेसनको पनि समस्या छ। हामी रेलिगेसनमा जोनमा छौँ,' गुरुङले भने, 'तर, प्रदर्शनअनुसार हामी रेलिगेसनमा पर्दैनौँ।' चर्च ब्वाइजले पहिलो लेगमा मनाङलाई ३-० ले हराएको थियो। लगातार ६ खेलमा मनाङ पराजित भएपछि मुख्य प्रशिक्षक किरण श्रेष्ठले राजीनामा दिए। यसपछि गुरुङले श्रेष्ठको स्थान लिए। गुरुङ प्राविधिक क्षेत्रमा रहेपछि मनाङले चर्चसँगै एपिएफ, संकटा, जावलाखेल, हिमालयन शेर्पा, नेपाल पुलिस र सातदोबाटोसँग अंक बाँडेको छ। त्यसअघि, आर्मीलाई १-० ले हराएको थियो।

### बालगोपाललाई चोटको चिन्ता

पूर्वक्लब मनाङविरुद्ध खेलेका चर्च ब्वाइजका अञ्जन विष्ट अन्तिम समयमा समस्यामा देखिए। अञ्जन अघिल्लो महिना मात्रै चोटमुक्त भएपछि मैदान फर्किएका थिए। पूर्वक्लबविरुद्ध अञ्जन समस्यामा भए पनि मैदान छाडेनन्। अञ्जन आगामी खेलमा संकटाविरुद्ध उत्रनेमा प्रशिक्षक महर्जन विश्वस्त रहेनन्। 'संकटाविरुद्ध के हुन्छ, हामी हेर्छौं। फिजियोलाई देखाउँछौं,' महर्जनले भने, 'लगातार खेल्दा धेरै खेलाडी घाइते छन्, खेलाडी घाइते हुँदा समस्या छ।' प्रशिक्षक महर्जनले मनाङविरुद्ध अग्रपंक्ति बलियो नहुँदा अंक बाँड्न बाध्य भएको सुनाए। उनले उपाधि सम्भावना अत्यधिक रहेकाले मनोबल उच्च बनाउँदै खेल्ने बताए।

### फ्रेन्ड्सको प्रभावशाली जित

रेलिगेसन क्षेत्रमा रहेको फ्रेन्ड्सले सातदोबाटो युथ क्लबमाथि ४-० को प्रभावशाली जित निकालेको छ। फ्रेन्ड्सले सातदोबाटोसँग पहिलो लेगमा बेहोरेको हारको बदला लिएको छ। पहिलो भेटमा सातदोबाटो १-० ले विजयी भएको थियो। जितपछि २३ अंक जोडेको फ्रेन्ड्स रेलिगेसन क्षेत्र छाड्दै १२औँ स्थानमा उक्लिएको छ। फ्रेन्ड्सलाई अझै रेलिगेसनको डर छ। सातदोबाटो समान खेलबाट २९ अंकका साथ चौथो स्थानमा कायम छ। फ्रेन्ड्सलाई जित दिलाउन विदेशी खेलाडी नायक बनेका थिए। टोरिक जेब्रिनले दुई गोल गरे। कप्तान प्रकाश बुढाथोकी र राफिक अमिनुले समान एक गोल गरेका हुन्।

■ दोस्रो बागमती प्रदेश खेलकुद

## सोहन र पेमा उत्कृष्ट बक्सर

**मकवानपुर**/ मकवानपुरका सोहन राई र काभ्रेकी पेमा लामा दोस्रो बागमती प्रदेश खेलकुदको बक्सिङ प्रतियोगितामा उत्कृष्ट बक्सर घोषित भएका छन्। हेटौंडा कभर्डहलमा बिहीबार भएको पुरुष ६३ केजी तौलसमूहमा स्वर्ण विजेता सोहन र महिला ५७ केजीमा स्वर्ण विजेता पेमा उत्कृष्ट बक्सर चुनिएका हुन्। सोहनले फाइनलमा सिन्धुपाल्चोकका प्रज्वल श्रेष्ठलाई ५-० ले हराए। पेमाले उपाधि भिडन्तमा चितवनकी नतिसा थापामगरलाई ५-० ले नै हराइन्। प्रतियोगितामा काभ्रे सात स्वर्ण, समान दुई रजत र कांस्यका साथ टिम च्याम्पियन बन्यो। समान तीन स्वर्ण, रजत र कांस्यसाथ काठमाडौं दोस्रो भयो। तेस्रो भएको भक्तपुरले तीन स्वर्ण हात पाऱ्यो।

**महिला फुटबल** : काठमाडौंले महिला फुटबलको उपाधि जितेको छ। गौरीटार रंगशालामा भएको फाइनलमा काठमाडौंले सिन्धुलीलाई २-० ले पराजित गऱ्यो। काठमाडौंले दुवै हाफमा समान एक गोल गऱ्यो। काठमाडौंकी सरिता ऐर दुई व्यक्तिगत विधामा पुरस्कृत भइन्। सरिता प्रतियोगिताकै उत्कृष्ट खेलाडी र उत्कृष्ट स्ट्राइकर घोषित भइन्।

**भलिबल** : काठमाडौं र चितवनले भलिबल प्रतियोगिताको स्वर्ण जितेका छन्। काठमाडौंले महिलामा र चितवनले पुरुषमा स्वर्ण पदक जितेका हुन्। काठमाडौंले फाइनलमा दोलखालाई २५-५, २५-६ र २५-१२ ले हरायो। चितवनले स्वर्ण पदक भिडन्तमा धादिङमाथि कठिन जित निकाल्दै पुरुषतर्फ स्वर्ण जित्यो। प्रतियोगितामा पुरुषतर्फ चितवनका नवीन महतो र महिलामा काठमाडौंकी सलिना बुढामगर उत्कृष्ट खेलाडी भए।

**जुडो** : जुडोमा ललितपुर टिम च्याम्पियन बनेको छ। प्रतियोगितामा ललितपुर चार स्वर्ण, तीन रजत र दुई कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो। काभ्रे तीन स्वर्ण, एक रजत र एक कांस्यसाथ दोस्रो भयो। दुई स्वर्ण, एक रजत र एक कांस्यसहित नुवाकोट तेस्रोमा सीमित भयो।

## 'खेलकुदलाई राजनीतिमुक्त गर्न समस्या छैन'

**काठमाडौं**/ मुलुकको खेलकुदका माथिल्लो पदमा राजनीतिक नियुक्ति पाएका नै हुन्छन्। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव कुनै न कुनै राजनीतिक दलसँग आबद्ध हुन्छन्। खेलकुदको सर्वोच्च निकाय युवा तथा खेलकुद मन्त्रालयसमेत दलहरूको भागबन्डामै निर्धारण हुनेछ। सरसर्ती हेर्दा नेपालको खेलकुदमा राजनीति हावी छ। तर, खेलकुदमन्त्री डिगबहादुर लिम्बू स्वयंले खेलकुदलाई राजनीतिबाट मुक्त गरेर अगाडि बढाउन कुनै पनि समस्या नरहेको बताएका छन्।

'खेलकुदलाई पूरै राजनीतिमुक्त पार्न सकिन्छ,' नेपाल ओलम्पिक कमिटी (एनओसी)ले आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा मन्त्री लिम्बूले बताए, 'यसमा हामीलाई कुनै समस्या छैन।' उनले खेलकुदलाई माथि उकास्न यसै क्षेत्रमा लागेकाको त्याग र तपस्याको आवश्यकता रहेको पक्ष औंल्याएका छन्। खेलकुदमन्त्री लिम्बूले दलीय स्वार्थलाई बाहिर राखेर खेल र खेलाडीको विकास गर्न आग्रह गरेका छन्। 'खेलकुदको विकासका लागि निजी र दलीय स्वार्थ त्याग्नुपर्छ,' उनले भने। मन्त्री लिम्बूका अनुसार आगामी आर्थिक वर्षमा खेलकुद मन्त्रालयले एक अर्ब ८८ करोड बजेट पाउन सक्छ। उनले आसन्न १९औँ एसियाली खेलकुद प्रतियोगिताको तयारी भइरहेको जनाए।

एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले स्वागत र सम्मान कार्यक्रममा ओलम्पिकमा आबद्ध संघहरूको घुमाउरो रूपमा बचाउ गरेका छन्। राष्ट्रिय खेलकुद परिषद्मा आबद्ध भएका विभिन्न संघ तथा संस्थाको उचित व्यवस्थापन र सम्मानविना नेपालको खेल क्षेत्रको विकास सम्भव नरहेको एनओसी अध्यक्ष श्रेष्ठले जनाए।

## नेपाल फाइनल प्रवेशका लागि कजाकिस्तानसँग भिड्दै

**नयाँ पत्रिका**
**काठमाडौं, ११ जेठ**

सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) च्यालेन्ज कपको सेमिफाइनलमा शुक्रबार घरेलु टोली नेपाललले बलियो कजाकिस्तानको सामना गर्दै छ। समूह 'ए'को उपविजेता नेपाललले समूह बीको विजेता कजाकिस्तानसँग प्रतिस्पर्धा गर्न लागेको हो। दुई देशबीच पहिलोपटक प्रतिस्पर्धा हुँदै छ। आधिकारिक रूपमा नेपाल र कजाकिस्तानबीच प्रतिस्पर्धा भएको छैन। विश्व वरीयतामा ४५औँ स्थानमा रहेको कजाकिस्तान उपाधि दाबेदार टोली हो।

प्रतियोगितामा सहभागी अन्य सात टोली भने विश्व वरीयतामा छैनन्। नेपाल प्रतियोगिताको साबिक विजेता हो। बंगलादेशमा सन् २०१९ र सन् २०२१ मा प्रतियोगिता हुँदा नेपाल च्याम्पियन बनेको थियो। 'कजाकिस्तान प्रतियोगिताकै बलियो टोली हो। हामी संयमित भएर खेल्नुपर्छ,' नेपाली टोलीकी कप्तान अरुणा शाहीले भनिन्। नेपालका लागि बेल्जियम प्रशिक्षक जान डी ब्रान्टले ब्लक, स्पाइक, सर्भिस र डिफेन्समा टोलीबाट उत्कृष्ट प्रदर्शन हुने जनाए।

अघिल्ला खेलझैं स्पाइकरमा उषा भण्डारी र निरुता ठगुन्नासहित सरस्वती चौधरी, सेटरमा कप्तान अरुणा, लिबेरोमा सलिना श्रेष्ठ र मिडब्लकमा संगम महतोलाई अवसर उनले दिन सक्छन्। कजाकिस्तानले अहिलेसम्म तीन खेलबाट ९ अंक जोड्दा ९ सेट आफ्नो पक्षमा पारेको छ। दुई सेट गुमाएको छ। उज्बेकिस्तान र श्रीलंकाविरुद्ध दुई सेट गुमाउँदा माल्दिभ्सविरुद्ध सोझो सेटको जित निकाल्यो। साबिक विजेता नेपाल लगातार दुई खेल जित्दा भारतसँग तेस्रो खेलमा पराजित भएको थियो।

### श्रीलंका र किर्गिस्तान विजयी

श्रीलंकाले दोस्रो प्ले अफमा बंगलादेशलाई सोझो सेटमा पराजित गरेको छ। श्रीलंकाले बंगलादेशलाई २५-१६, २५-१५ र २५-७ ले हराएको हो। श्रीलंकाले अब पाँचौं स्थानका लागि किर्गिस्तानको सामना गर्नेछ। बिहीबार नै भएको पहिलो प्लेअफमा किर्गिस्तानले माल्दिभ्सलाई सोझो सेटमा पराजित गरेको हो। किर्गिस्तान २५-२०, २५-२० र २५-१५ ले विजयी भयो। श्रीलंका र किर्गिस्तानबीच पाँचौं स्थानका लागि शनिबार खेल हुनेछ।








नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com